सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ जेठ २०८३, आइतबार (31 May 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ४८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कोशी प्रदेश सभा संसद्मै अड्कियो सरकारी कामकाजको भाषा विधेयक

लिम्बू र मैथिलीलाई सरकारी कामकाजको भाषा बनाउन एक वर्षअघि संसद्मा पुगेको विधेयकमाथि छलफल नै हुन सकेन



■ सरकारको नीति तथा कार्यक्रम पारित विवाद : दलहरूबिच सहमतिपछि कोशी प्रदेश बैठक सुचारु

(विस्तृत पृष्ठ ३)

बजेटबाट के पायो ऊर्जा क्षेत्रले ?



अग्रलेख

● अर्जुनकुमार गौतम

ऊर्जा क्षेत्रका सरोकारवालाले वर्षौंदेखि उठाउँदै आएका विषयलाई समेट्ने प्रयास गरेको हुनाले यसलाई ऊर्जा क्षेत्रमैत्री बजेट भन्न सकिन्छ

(पृष्ठ ४)



लेख

● अशोक स्वाइन

डिजिटल दुनियाँमा मात्र खुम्चिनुहुँदैन कक्रोच जनता पार्टी

सामाजिक सञ्जालले छोटो समयमा असाधारण ध्यानाकर्षण गर्न सक्छ, तर यसलाई संगठन मान्न सकिन्न, अनलाइनमा आक्रोश व्यक्त गर्नेहरू भौतिक आन्दोलनमा सहभागी हुँदैनन्

(पृष्ठ ५)



आगामी वर्ष सार्वजनिक ऋण ३४ खर्ब १८ अर्ब पुग्ने

चालू आवको अन्त्यसम्म ३० खर्ब २९ अर्ब सार्वजनिक ऋण पुग्ने अनुमान

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

विद्यार्थी अभावले बन्द हुँदै सामुदायिक विद्यालय, थपिँदै निजी

५० भन्दा कम विद्यार्थी रहेका आठ हजार सामुदायिक विद्यालय गाभ्ने तयारीमा सरकार लागिरहँदा अघिल्लो शैक्षिक सत्रमा मात्रै १०४ निजी विद्यालय थपिए

शिवहरि घिमिरे/नयाँ पत्रिका

विद्यार्थी अभावमा देशभरका आठ हजार सामुदायिक विद्यालय मर्ज गर्ने (गाभ्ने) तयारीमा सरकार लागिरहँदा निजी विद्यालयको संख्या भने बढ्दो दरमा छ। आपसमा गाभ्ने तयारीस्वरूप सरकारले ५० भन्दा कम विद्यार्थी भएका सामुदायिक विद्यालयको सूची माग्दा आठ हजारको सूची शिक्षा मन्त्रालयमा पुगेको छ। तर, निजी विद्यालय भने गत शैक्षिक सत्र ०८२ मा मात्रै १०४ वटा थपिएका हुन्।

सरकारले गत बुधबार सार्वजनिक गरेको आर्थिक सर्वेक्षणअनुसार शैक्षिक सत्र ०८२ सम्म निजी विद्यालयको संख्या आठ हजार ९३१ पुगेको छ। देशभर सरकारी विद्यालय भने २७ हजार २० छन्। सामुदायिक र निजी गरी देशभर ३५ हजार ९५१ विद्यालय छन्।

भर्नादरमा वृद्धि तल्लो तहमा बालिकाभन्दा बालक बढी

यी विद्यालयमा ७० लाख बालबालिका अध्ययनरत रहेको शिक्षा मन्त्रालयको तथ्यांक छ। जसमध्ये सामुदायिकमा ७१.२७ प्रतिशत, निजी विद्यालयमा २४.८७ प्रतिशत र परम्परागत तथा धार्मिक विद्यालयमा ३.८६ प्रतिशत विद्यार्थी छन्। शैक्षिक सत्र ०८१ मा यो दर क्रमशः ७३.० प्रतिशत, २३.० प्रतिशत र ४.० प्रतिशत थियो। दुई वर्षको अन्तर हेर्दा सामुदायिकमा विद्यार्थी घटेको र निजीमा बढेको स्पष्ट देखिन्छ।

आर्थिक सर्वेक्षणअनुसार ६० प्रतिशत सामुदायिक विद्यालयमा सयभन्दा कम विद्यार्थी छन्। त्यस्तै, २९३ सामुदायिक विद्यालयमा त पाँचभन्दा कम विद्यार्थी रहेको शिक्षा मन्त्रालयकै तथ्यांक छ। यसले सामुदायिक विद्यालयको अवस्था निकै नाजुक देखाउँछ।

आर्थिक सर्वेक्षणले बालविकास कक्षामा भर्ना भएका स्कुले बालबालिकामध्ये बालकको संख्या बढी देखाएको छ। प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा छात्र र छात्राको अनुपात क्रमशः ५५.१ प्रतिशत र ४४.९ प्रतिशत

» पृष्ठ २ मा क्रमशः

रित्तिँदै पहाडी क्षेत्रका सामुदायिक विद्यालय

■ सिन्धुली बन्दीजोरको श्री प्राविमा चारजना विद्यार्थी



सिन्धुलीमा **विदुर पौडेल**

सिन्धुलीको गोलञ्जोर गाउँपालिका- ६, बन्दीजोरस्थित श्री प्राथमिक विद्यालयमा चार विद्यार्थी मात्र छन्। प्रधानाध्यापक अप्सरा भण्डारीका अनुसार बाल कक्षामा एक, दुईमा दुई र तीनमा एक विद्यार्थी भर्ना भएका छन्। तर, यसमा पनि सबै नियमित उपस्थित नहुने उनको भनाइ छ। 'चार विद्यार्थीले नाम लेखाएका छन्, तर नियमित आउने दुई-तीनजना मात्र हुन्छन्,' भण्डारीले भनिन्, 'तीन-चार वर्षअघिसम्म १३-१४ विद्यार्थी हुन्थे, अहिले त विद्यालय नाम मात्रको बनेको छ।' कक्षा तीनसम्म पढाइ हुने विद्यालयमा विद्यार्थी घटेपछि गाउँपालिकाले दुई शिक्षक पनि कटौती गरिदिएको छ। विद्यार्थी संख्या न्यून भएपछि अहिले गाउँपालिकाको निजी स्रोतमा कार्यरत एकजना शिक्षक (भण्डारी)लाई मात्र कायम गरेको हो। एकजना कार्यालय सहयोगी छन्। यो विद्यालयलाई पाँच वर्षअघि मात्र पाँचबाट तीन कक्षामा झारिएको हो।

- धादिङ सिद्धलेकका दुई आधारभूत विद्यालय खड्कदेवी र बाघभैरुडमा पाँच-पाँच विद्यार्थी
- काभ्रेको नमोबुद्ध- ५, कानपुरस्थित महांकाल आधारभूत विद्यालयमा विद्यार्थी भर्ना हुने आएनन्
- बसाइँसराइले उदयपुरको आम्बोटे विद्यालयमा सात मात्र विद्यार्थी
- सिन्धुपाल्चोक लिसंखुपाखर- १, डाँसेको सरस्वती आधारभूत विद्यालयमा ६ मात्रै बालबालिका
- कैलालीको मोहन्याल- ३, मुलेकाँडास्थित देउधरी आधारभूत विद्यालयमा नौ विद्यार्थी

धादिङमा **अर्जुन श्रेष्ठ**, काभ्रेमा **इन्द्रबहादुर थापा**, उदयपुरमा **विदुर कटुवाल**, सिन्धुपाल्चोकमा **रामकृष्ण थापा** र कैलालीमा **तेजराज भट्ट**

निजी विद्यालय भटाभट थपिँदै गर्दा सरकारी विद्यालय भने धमाधम बन्द हुने अवस्थामा छन्। ५० भन्दा कम विद्यार्थी भएका विद्यालयको सूची संकलन गरेर एक-आपसमा गाभ्ने प्रक्रियामा सरकार छ। कतिपय विद्यालयमा एउटै विद्यार्थी छैनन् भने कैयौंमा निकै कम मात्र छन्। विद्यार्थी नै रित्तिएका विद्यालयका शिक्षकलाई सम्बन्धित स्थानीय तहले सकेसम्म अन्य विद्यालयमा पठाएर व्यवस्थापन गरिरहेका छन्। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको तथ्यांकअनुसार पाँचभन्दा कम विद्यार्थी भएका सामुदायिक विद्यालय नै २९३ वटा छन्। पहाडी क्षेत्रबाट तीव्र बसाइँसराइ र सरकारी शिक्षाको खस्किँदो गुणस्तरका कारण सामुदायिक विद्यालय रित्तिने क्रम उत्तिकै तीव्र बनेको हो।

» पृष्ठ २ मा क्रमशः

भारतको कुशीनगर पुऱ्याइएका ४५३ नेपालीको उद्धार



शुक्रबार राति भारतीय प्रहरीको सहयोगमा लुम्बिनी प्रदेश प्रहरी र रुपन्देही प्रहरीको टोलीले भारतको कुशीनगरबाट आठवटा बसमा उद्धार गरी ल्याइएका नेपाली। उनीहरूलाई जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा राखी अनुसन्धान सुरु गरिएको छ। उनीहरूले सात हजारदेखि एक लाख भारुसम्म असुलेर सदस्यता विस्तार गरी नेटवर्किङ व्यवसायको माध्यमबाट काम गर्न बाध्य बनाउने अनुसन्धानबाट खुलेपछि प्रहरीले भारतीय प्रहरीको सहयोगमा उद्धार गरेको थियो।

भैरहवामा **दिपेश पछाई**

आकर्षक रोजगारी र कमाइको आश्वासन दिई भारतको बिहार राज्यका सीमावर्ती क्षेत्रमा पुऱ्याइएका ४५३ नेपाली नागरिकको उद्धार गरिएको छ। शुक्रबार राति भारतीय प्रहरीको सहयोगमा लुम्बिनी प्रदेश प्रहरी र रुपन्देही प्रहरीको टोलीले भारतको कुशीनगरबाट उद्धार गरी उनीहरूलाई शनिबार नेपाल ल्याइएको हो। उनीहरूलाई जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा राखी अनुसन्धान सुरु गरिएको छ।

अनुसन्धान सकिएपछि उनीहरूलाई अभिभावकको जिम्मा लगाइने र त्यसमा संलग्न केहीलाई भने कानुनी कारबाही प्रक्रिया अगाडि बढाइने जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी प्रमुख जनकबहादुर शाहीले बताए। उद्धार गरिएकाहरूलाई आठवटा बसमा राखी नेपाल ल्याइएको थियो। आकर्षक जागिर र राम्रो

» पृष्ठ २ मा क्रमशः

अदालतले अब अनलाइनबाट पनि बयान लिन सक्ने

■ प्रतिवादी विदेशमा रहेको एक मुद्दामा सर्वोच्चको आदेश- न्याय सम्पादनका लागि सम्बन्धित दूतावासमार्फत उपयुक्त विधि वा प्रक्रिया तोक्ने अन्तर्निहित अधिकार अदालतलाई छ।





■ सर्वोच्चका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र बालकृष्ण ढकालको इजलासको फैसलामा भनिएको छ-

> ...प्रचलित कानुनमा कुनै विषय वा स्पष्टता नभएमा वा प्रक्रियागत रूपमा कुनै द्विविधा उत्पन्न भएमा सम्बन्धित अदालतले स्रोत-साधनको प्रयोग गरी निकासा निकाल्नुपर्दछ। प्रस्तुत मुद्दाको हकमा विशेष अदालतले न्याय सम्पादन गर्नका लागि सम्बन्धित दूतावासलाई आदेशमार्फत उपयुक्त विधि वा प्रक्रिया तोक्न सक्ने अन्तर्निहित अधिकार सुरक्षित रहेको अवस्थामा प्रविधिको समसामयिक र उच्चतम प्रयोगलाई विस्तार गरी त्यसको उदार व्याख्या गर्दै न्यायलाई यथाशक्य रूपमा पहुँचयोग्य बनाउनु अदालतको प्राथमिक कर्तव्य मान्नुपर्ने देखिन्छ।
>
> ...समयसँगै समाजमा आउने परिवर्तन र प्रविधिको विकासलाई राज्यले सामान्यीकरण गरी कानुनी मान्यता प्रदान गर्नुपर्दछ। नेपाली समुदायको विदेशमा भएको बसोबासको विश्वव्यापी विस्तार र सूचना प्रविधिको तीव्र विकासले न्याय प्रणालीसमक्ष नयाँ परिस्थितिहरू सिर्जना गरेको अवस्थामा प्रविधिको विकास र समाजको आवश्यकताअनुसार नै कानुन र अदालत पनि गतिशील भई कार्य सम्पादन गर्नुपर्ने देखिन्छ।

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतले सूचना प्रविधिको विकासलाई सदुपयोग गर्दै न्याय सम्पादन प्रक्रियामा श्रव्यदृश्य (अनलाइन)मार्फत बयान लिन सकिने नयाँ नजिर दिएको छ। प्रतिवादी विदेशमा रहेको भ्रष्टाचारको एक मुद्दामा आदेश दिँदै सर्वोच्चले सम्बन्धित दूतावासमार्फत उपयुक्त विधि र प्रक्रिया तोक्ने अन्तर्निहित अधिकार अदालतलाई भएको स्पष्ट पारिदिएको हो।

गलत लिखत तयार गरी भ्रष्टाचार गरेको अभियोग लागेकी सभ्यता केसीको बयान लिने विषयमा विशेष अदालतका न्यायाधीशहरूबिच राय बाझिएपछि विवाद सर्वोच्च पुगेको थियो। अस्ट्रेलियामा रहेकी उनको 'अनलाइन'बाट बयान लिन नसकिने आदेश विशेषले गरेको थियो। त्यसपछि केसीले 'बेरितको आदेश बदर गरिपाऊँ' भन्दै सर्वोच्चमा निवेदन गरेकी थिइन्। उक्त निवेदनमा फैसला दिँदै सर्वोच्चका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र बालकृष्ण ढकालको इजलासले सातबुँदे आदेशसहित श्रव्यदृश्य संवादबाट बयान तथा थुनछेक कार्य गराउन अनुमति दिएको हो।

फैसलामा भनिएको छ, '...प्रचलित कानुनमा कुनै विषय वा स्पष्टता नभएमा वा प्रक्रियागत रूपमा कुनै द्विविधा उत्पन्न भएमा सम्बन्धित अदालतले स्रोत-साधनको प्रयोग गरी निकासा निकाल्नुपर्दछ। प्रस्तुत मुद्दाको हकमा विशेष अदालतले न्याय सम्पादन गर्नका लागि सम्बन्धित दूतावासलाई

» पृष्ठ २ मा क्रमशः

■ समावेशिताको शक्ति

निजामती सेवामा ३०% पुग्यो महिला सहभागिता



सुवास भट्ट/नयाँ पत्रिका

१७ वर्षको अवधिमा निजामती सेवामा महिला सहभागिता १८ प्रतिशत बढेर ३० प्रतिशत पुगेको छ। सरकारी र सार्वजनिक पदहरूमा न्यूनतम ३३ प्रतिशत महिला सहभागिताको अवधारणा राज्यले अंगीकार गरेपछि निजामती

» पृष्ठ २ मा क्रमशः

● आर्थिक सर्वेक्षण भन्छ-

> ०६५ असारसम्म निजामती सेवामा महिलाको संख्या १२ प्रतिशत रहेकामा ०८२ फागुनसम्म निजामती किताबखानामा दर्ता भएका तीनै तहका सरकारी निकायमा कार्यरत महिला कर्मचारीको संख्या ३० प्रतिशत पुगेको छ।

प्रशासनिक इतिहासमै पहिलो महिला मुख्यसचिव बनेर इतिहास बनाएकी लीलादेवी गड्तौलाको टिप्पणी-

यो सहभागिता ५०% सम्म पुऱ्याउन जोड गर्नुपर्छ



प्रशासनिक इतिहासमै पहिलो महिला मुख्यसचिव बनेर इतिहास बनाएकी लीलादेवी गड्तौला निजामती सेवामा महिला सहभागिता बढ्नु सकारात्मक भएको टिप्पणी गर्छिन्। 'निजामती सेवामा समग्रतामा महिला सहभागिता ३० प्रतिशत पुग्नु सकारात्मक हो। यो सहभागिता ५० प्रतिशतसम्म पुग्ने गरी जोड गर्नुपर्छ। समग्र सहभागितासँगै निर्णायक उपल्ला तहमा महिला सहभागिताको विषय पनि विचारणीय छ,' उनी भन्छिन्।

निजामतीका सबै तह, सेवा तथा समूहमा पनि महिला सहभागिताबारे अध्ययन गर्नुपर्ने वेला भएको उनको भनाइ छ। नेपालको अन्तरिम संविधान २०६३ को व्यवस्थापछि भएका कानुनी सुधारले यो उपलब्धि हासिल भएको गड्तौलाले बताइन्। 'निजामतीका सबै तह, सेवा तथा समूहमा पनि महिला सहभागिताबारे अध्ययन गर्नुपर्ने वेला भएको छ। कानुनी सुधार गरे यो सहभागिता केही वर्षमै अझै बढाउन सकिन्छ।' १३ भदौ ०८१ देखि ९ मंसिर ०८२ सम्म मुख्यसचिव रहेकी उनी एउटै व्यक्तिले पटकपटक आरक्षण अवसर पाउने व्यवस्थाका कारण यो सहभागिता अझै फैलिन नपाएको टिप्पणी गर्छिन्। समग्र सहभागितासँगै निर्णायक उपल्ला तहमा महिला सहभागिताको विषय पनि विचारणीय भएको पूर्वमुख्यसचिव गड्तौला बताउँछिन्।

दुई महिनामा तेस्रो अमेरिकी अधिकारी काठमाडौंमा

काठमाडौं/ बालेन्द्र शाह नेतृत्वको सरकार गठन भएयता अमेरिकी अधिकारीहरूको काठमाडौं भ्रमण बाक्लिएको छ। सार्वजनिक कूटनीति हेर्ने अमेरिकी उपविदेशमन्त्री सारा बी रोजर्स शनिबार काठमाडौं आइपुगेकी छिन्। शाह नेतृत्वको सरकार गठन भएपछि नेपाल भ्रमण गर्ने उनी तेस्रो अमेरिकी अधिकारी हुन्।

रोजर्सअघि दक्षिण तथा मध्य एसिया हेर्ने सहायक विदेशमन्त्री समीर पल कपुर ७ वैशाखमा आएका थिए। उनीपछि १७ वैशाखमा भारतका लागि अमेरिकी राजदूत एवं दक्षिण र पश्चिम एसियाका लागि विशेष दूत सर्जिओ गोरले नेपाल भ्रमण गरिसकेका छन्। ओहोदाका हिसाबले वर्तमान सरकार गठनपछि काठमाडौं आएका अधिकारीमध्ये रोजर्स सबैभन्दा उच्च अमेरिकी अधिकारी हुन्।

■ उपविदेशमन्त्री रोजर्सको परराष्ट्रमन्त्री र शिक्षामन्त्रीसँग भेट तय

रोजर्स भारतको नयाँदिल्लीबाट शनिबार साँझ आएकी हुन्। शुक्रबार दिल्ली आएकी थिइन्। नेपाल आउनुअघि उनले शनिबार भारतको उत्तरप्रदेशस्थित आगरामा रहेको ताजमहलको भ्रमण गरेकी थिइन्।

तीनदिने भ्रमणका क्रममा रोजर्सले परराष्ट्रमन्त्री शिशिर खनाल, सूचना तथा सञ्चारमन्त्री विक्रम तिमल्सिनासँग भेटवार्ता गर्ने कार्यतालिका रहेको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए। 'उहाँको कार्यभ्रमण (वर्किङ भिजिट) भन्दा पनि अमेरिकी राजदूतावासको कार्यक्रममा सहभागी हुने र नेपाली अधिकारीसँग भेटेर नेपालको नयाँ परिस्थितिप्रति अमेरिकी समर्थन पुनः व्यक्त गर्नेमा केसन्द्रत देखियो। कुनै ठोस एजेन्डामा विशेष छलफल हुनेछैन,' एक कूटनीतिक अधिकारीले नयाँ पत्रिकासँग भने।

उनी २०२५ अक्टोबर १० देखि सार्वजनिक कूटनीति (पब्लिक डिप्लोमेसी)का लागि ११औँ उपविदेशमन्त्रीका रूपमा राष्ट्रपति ट्रम्प प्रशासनमा कार्यरत छिन्।

उनको पृष्ठभूमि कानुन व्यवसायी तथा वाक् स्वतन्त्रता अभियानकर्ताको छ। नेपालमा उनले अमेरिकी राजदूतावासद्वारा आयोजित एसेन्ट समिट २०२६ मा सहभागिता जनाउने कार्यक्रम छ। यस वर्ष ६ जेठमा अमेरिकी राजदूतावासका सार्वजनिक कूटनीति हेर्ने कर्मचारी माइक हार्करले सगरमाथाको सफल आरोहण गरेका थिए। उनको सम्मानका लागि आयोजित कार्यक्रममा रोजर्स सहभागी हुनेछिन्।

राप्रपा विवाद विभाजनतिर

भेला आह्वान गर्दै महामन्त्री राणा

नयाँ पत्रिका



निर्वाचनमा अपेक्षाकृत नतिजा नपाएसँगै नेताहरूबिच चर्केको शक्ति संघर्षले राप्रपालाई विभाजनतिर धकेलेको छ। चर्को विवादबिच राष्ट्रिय प्रजातन्त्र पार्टीका महामन्त्री धवलशमशेर राणाको समूहले अलग्गै भेलाको तयारी गरेको छ। तर, पार्टीका तीनजना पूर्वअध्यक्षले भने आगामी महाधिवेशनबाट निकास खोज्न आह्वान गरेका छन्।

अध्यक्ष राजेन्द्र लिङ्देनको कार्यशैलीसँग असन्तुष्टि जनाउँदै महामन्त्री डा. धवलशमशेर राणा नेतृत्वको एउटा समूहले यही साता काठमाडौंमा भेला बोलाउने तयारी गरेको छ। उनीनिकट एक नेताका अनुसार सोमबारपछि आयोजना हुने भेलासँगै पार्टीबाट अलग हुनेबारेमा उनीहरूबिच छलफल भइरहेको छ। यही सन्दर्भमा पूर्वअध्यक्षत्रय कमल थापा, पशुपतिशमशेर राणा र डा. प्रकाशचन्द्र लोहनीले राप्रपालाई थप सशक्त बनाउनुपर्नेमा जोड दिएका छन्। पूर्वअध्यक्षत्रय थापा, राणा र लोहनीले पार्टीको शनिबार संयुक्त विज्ञप्ति जारी गर्दै गरी सम्भावित फुट रोक्न आह्वान गरेका हुन्।

'मुलुकले भोग्नुपरेको वर्तमान संकटबाट मुक्तिका निम्ति राप्रपालाई अझ सशक्त ढंगले संगठित गर्न सदैव प्रतिबद्ध छौँ। पार्टी जीवनमा हारजित तथा आरोह-अवरोह हुनु स्वाभाविक हो। जस्तोसुकै कठिन र प्रतिकूल अवस्थामा पनि आफ्नो सिद्धान्तप्रति निष्ठावान् रहँदै अघि बढ्नु प्रत्येक स्वाभिमानी कार्यकर्ताको धर्म हो,' पार्टीका पूर्वअध्यक्षत्रयले भनेका छन्।

निर्वाचनमा पार्टीले अपेक्षाकृत सफलता प्राप्त गर्न नसके पनि पार्टी एकता सुदृढ गर्दै सशक्त कार्ययोजनाका साथ अघि बढ्न सकेमा छोटो अवधिमै अप्रत्याशित सफलता हासिल गर्न सकिने उनीहरूको विश्वास छ। 'हामी हिन्दु राष्ट्र र राजसंस्थाको पुनर्स्थापना गर्न सक्छौं। राष्ट्रिय प्रजातन्त्र पार्टीको भविष्य उज्ज्वल छ। तसर्थ, वर्तमान अवस्थाबाट कत्ति पनि विचलित नभई पार्टी संगठन निर्माणमा जुट्न हामी सम्पूर्ण साथीहरूमा हार्दिक आह्वान गर्दछौं,' उनीहरूले भनेका छन्।

आगामी जेठ अन्तिम साता बस्ने केन्द्रीय कार्यसमिति बैठकबाट महाधिवेशनको मिति निश्चित गर्ने राप्रपाले यसअघि निर्णय गरिसकेको छ। 'तोकिएको समयमै महाधिवेशन हुने कुरामा कुनै शंका नगरौं। पार्टीभित्रका समस्या, विकृति र चुनौतीहरूको निराकरण महाधिवेशनले गर्ने नै छ,' उनीहरूको विज्ञप्तिमा छ, 'तसर्थ, अहिलेको घडीमा पार्टी छाड्ने वा पलायन हुनेबारे नसोच्न र त्यस्तो आत्मघाती कदम नचाल्न हामी पार्टीका सम्पूर्ण साथीहरूलाई विशेष अनुरोध गर्दछौं।'

देशमा बहुदलीय प्रजातन्त्रको स्थापनापछि १५ जेठ ०४७ मा राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थापना भएको थियो। त्यसयता यो पार्टी पटक-पटक विभाजन र एकता प्रक्रियाबाट गुज्रेको छ।

कम्बोडियामा भिसाको म्याद सकिएका ६०२ नेपालीको जरिवाना शुल्क मिनाहा

काठमाडौं/ विभिन्न माध्यमबाट कम्बोडिया पुगी आफ्नो भिसाको समयावधि समाप्त भइसकेपछि पनि बसोवास गरिरहेका ६०२ जना नेपाली नागरिकको भिसा शुल्क मिनाहा भएको छ। नेपाली दूतावास बैंकककको कूटनीतिक प्रयासमा आठौंपटक नेपालीहरूको भिसा मिनाहा भएको हो। नेपाली दूतावासले भिसा अवधि समाप्त भइसकेपछि पनि कम्बोडियामा बसिरहेका सम्पूर्ण नेपाली नागरिकलाई एक हप्ताभित्र अनिवार्य रूपमा नेपाल फर्किन आह्वान गरेको छ।

भिसाको म्याद नाघेका नेपाली नागरिकहरू नेपाल फर्कँदा कम्बोडिया सरकारलाई तिर्नुपर्ने जरिवाना तथा शुल्क मिनाहा गराउन बैंककस्थित नेपाली दूतावासले १८ वैशाखदेखि विवरण संकलन गर्दै आएको छ। 'हालसम्म संकलित विवरणअनुसार राहदानी हराएका सम्पूर्ण नेपाली नागरिकहरूका लागि एकतर्फी यात्रा अनुमतिपत्र तयार गरी कम्बोडिया पठाइसकिएको छ। दूतावासको अनुरोधमा कम्बोडिया सरकारले विभिन्न चरणमा हालसम्म आठौंपटक गरी ६०२ जना नेपाली नागरिकहरूको भिसा अवधि नाघेपछि लाग्ने जरिवाना तथा शुल्क मिनाहा गरेको छ,' थाइल्यान्डका लागि नेपाली राजदूत धनबहादुर ओलीले भने। कम्बोडिया सरकारबाट जरिवाना तथा शुल्क मिनाहा भइसकेका व्यक्तिहरूले हवाई टिकटको व्यवस्था गरिसकेपछि सोको जानकारी अग्रिम रूपमा कम्बोडियाको अध्यागमन विभागमा दिनुपर्नेछ। त्यहाँ रहेका नेपालीहरूलाई टिकट काट्न पनि दूतावासले भनेको छ। टिकटको व्यवस्था गर्दा कम्बोडियाबाट नेपाल जाने प्रत्यक्ष उडान नभएको हुँदा आफ्नो टिकट कनेक्टिङ फ्लाइटको हो होइन एकिन गरेर मात्र टिकट खरिद गर्न पनि दूतावासले अनुरोध गरेको छ।

● **धनबहादुर ओली**
कम्बोडियाका लागि नेपाली राजदूत



दूतावासको अनुरोधमा कम्बोडिया सरकारले विभिन्न चरणमा हालसम्म आठौंपटक गरी ६०२ जना नेपाली नागरिकहरूको भिसा अवधि नाघेपछि लाग्ने जरिवाना तथा शुल्क मिनाहा गरेको छ।

निजामती सेवामा...

पृष्ठ १ बाट क्रमशः

सेवामा उनीहरूको संख्या बढेको हो।

सरकारले बुधबार सार्वजनिक गरेको आर्थिक सर्वेक्षणअनुसार अहिले तीनै तहका सरकारी निकायमा कार्यरत कर्मचारीमध्ये लैंगिक आधारमा महिला कर्मचारीको संख्या ३० प्रतिशत छ। संविधानको समावेशी सिद्धान्तका आधारमा निजामती सेवा ऐनले लोकसेवामार्फत हुने कर्मचारी नियुक्तिमा महिलाका लागि ३३ प्रतिशत कोटा तोकिदिएको छ।

'सरकारी सेवामा महिला कर्मचारीको संख्या वृद्धि हुँदै गएको छ,' सर्वेक्षण पुस्तकमा भनिएको छ, '०६५ असारसम्म निजामती सेवामा महिलाको संख्या १२ प्रतिशत रहेकामा ०८२ फागुनसम्म निजामती किताबखानामा दर्ता भएका तीनै तहका सरकारी निकायमा कार्यरत महिला कर्मचारीको संख्या ३० प्रतिशत पुगेको छ।'

तहगत रूपमा सबैभन्दा बढी महिला सहभागिता स्थानीय तहमा छ। राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता भएको विवरणका आधारमा स्थानीय तहमा ३१ हजार ५०२ कर्मचारी कार्यरत छन्। त्यसमा पुरुष १९ हजार ३५ र महिला १२ हजार ४६७ छन्। प्रतिशतका हिसाबमा पुरुषको हिस्सा ६०.४२ र महिलाको ३९.५८ प्रतिशत हुन आउँछ।

संघमा कार्यरत रहेका कुल ३९ हजार ८८८ कर्मचारीमध्ये पुरुष ३० हजार १४१ अर्थात् ७५.५६ र महिला नौ हजार ७४७ अर्थात् २४.४४ प्रतिशत छन्।

प्रदेशमा कार्यरत १३ हजार ८५० कर्मचारीमध्ये पुरुष १० हजार ५०९ अर्थात् ७५.८८ र महिला तीन हजार ३४१ अर्थात् २४.१२ प्रतिशत छन्।

आर्थिक सर्वेक्षणअनुसार स्वास्थ्य सेवामा त महिला सहभागिता पुरुषको भन्दा बढी छ। 'नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीमध्ये ५४.७ प्रतिशत महिला र ४५.३ प्रतिशत पुरुष कर्मचारी रहेका छन्,' आर्थिक सर्वेक्षणमा छ। सबैभन्दा कम सहभागिता संवैधानिक पदाधिकारीमा रहेको देखिन्छ। संवैधानिक पदाधिकारीतर्फ महिला सहभागिता १०.४ प्रतिशत मात्र छ।

प्रशासनिक इतिहासमै पहिलो महिला मुख्यसचिव बनेर इतिहास बनाएकी लीलादेवी गड्तौला निजामती सेवामा महिला सहभागिता बढ्नु सकारात्मक भएको टिप्पणी गर्छिन्।

'निजामती सेवामा समग्रतामा महिला सहभागिता ३० प्रतिशत पुग्नु सकारात्मक हो। यो सहभागिता ५० प्रतिशतसम्म पुग्ने गरी जोड गर्नुपर्छ। समग्र सहभागितासँगै निर्णायक उपल्ला तहमा महिला सहभागिताको विषय पनि विचारणीय छ,' उनी भन्छिन्।

निजामतीका सबै तह, सेवा तथा समूहमा पनि महिला सहभागिताबारे अध्ययन गर्नुपर्ने वेला भएको उनको भनाइ छ। नेपालको अन्तरिम संविधान २०६३ को व्यवस्थापछि भएका कानुनी सुधारले यो उपलब्धि हासिल भएको गड्तौलाले बताइन्। 'निजामतीका सबै तह, सेवा तथा समूहमा पनि महिला सहभागिताबारे अध्ययन गर्नुपर्ने वेला भएको छ। कानुनी सुधार गरे यो सहभागिता केही वर्षमै अझै बढाउन सकिन्छ।'

१३ भदौ ०८१ देखि ९ मंसिर ०८२ सम्म मुख्यसचिव रहेकी उनी एउटै व्यक्तिले पटकपटक आरक्षण अवसर पाउने व्यवस्थाका कारण यो सहभागिता अझै फैलिन नपाएको टिप्पणी गर्छिन्। समग्र सहभागितासँगै निर्णायक उपल्ला तहमा महिला सहभागिताको विषय पनि विचारणीय भएको पूर्वमुख्यसचिव गड्तौला बताउँछिन्।

निजामती सेवा मात्र होइन, सुरक्षा निकायसहित सरकारी पदमा नियुक्ति तथा राजनीतिक दलसमेतमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्वलाई स्वीकार गरिएको छ। बाध्यकारी कानुनी व्यवस्थाले संसद्मा अहिले महिला सहभागिता ३३ प्रतिशत कटिसकेको छ। विद्यमान मन्त्रिपरिषद्मा यो सहभागिता झनै उत्साहजनक छ। १५ सदस्यीय मन्त्रिपरिषद्मा ६ जना महिला मन्त्री छन्।

संविधानले निर्दिष्ट गरेबमोजिम निजामती सेवा ऐन, २०४९ ले निजामती सेवाका लागि लोकसेवाले लिने परीक्षामा आरक्षणको कोटा तोकिदिएको छ। जसअनुसार विभिन्न ६ वटा समूहले यस्तो आरक्षण पाउँदै आएका छन्।

ऐनको दफा ७ को निजामती सेवाको पदपूर्तिसम्बन्धी व्यवस्थामा यससम्बन्धी व्यवस्था छ। उक्त दफाको उपदफा ७ मा निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई त्यसलाई शतप्रतिशत मानी विभिन्न समूहका उम्मेदवारबिच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने व्यवस्था छ।

४५ प्रतिशतलाई शतप्रतिशत मानेर त्यसमध्ये महिलालाई ३३ प्रतिशत, आदिवासी/जनजाति २७ प्रतिशत, मधेशी २२ प्रतिशत, दलित नौ प्रतिशत, अपांगता भएकाले पाँच प्रतिशत र पिछडिएको क्षेत्रले चार प्रतिशत आरक्षण सुविधा पाउँछन्।

सीमान्तकृत समुदायको सशक्तीकरणका लागि राज्य संयन्त्रमा सहभागिता अभिवृद्धि गर्न निजामती सेवा ऐन, २०४९ मा संशोधन गरेर व्यवस्था गरिएको थियो। नेपालले आव ०६४/६५ देखि सरकारी सेवामा समावेशी पदपूर्तिको व्यवस्था कार्यान्वयन गर्दै आएको छ। यही व्यवस्थापछि महिलासहित सीमान्तकृत समुदायको सहभागिता राज्यका अंगमा बढ्दै गएको छ।

तत्कालीन माओवादीको नेतृत्वमा चलेको १० वर्षे जनयुद्ध र ०६२/६३ को जनआन्दोलनले भएको शासनसत्ता परिवर्तनले समावेशी व्यवस्था स्थापना गरेको थियो। ०६३ सालको अन्तरिम संविधानले समावेशी व्यवस्था अंगीकार गरेको थियो। महिलालगायत किनारामा पारिएका वर्ग र समुदायलाई राज्यका अंगमा पहुँच पुऱ्याउने जागरण आरक्षणको व्यवस्थाले ल्याएको यससँग सरोकार राख्नेहरू बताउँछन्।

अदालतले अब...

पृष्ठ १ बाट क्रमशः

आदेशमार्फत उपयुक्त विधि वा प्रक्रिया तोक्न सक्ने अन्तर्निहित अधिकार सुरक्षित रहेको अवस्थामा प्रविधिको समसामयिक र उच्चतम प्रयोगलाई विस्तार गरी त्यसको उदार व्याख्या गर्दै न्यायलाई यथाशक्य रूपमा पहुँचयोग्य बनाउनु अदालतको प्राथमिक कर्तव्य मान्नुपर्ने देखिन्छ।'

सर्वोच्चले प्रविधिको विकास र समाजको आवश्यकताअनुसार नै कानुन र अदालत पनि गतिशील हुनुपर्ने व्याख्यासमेत गरेको छ। '...समयसँगै समाजमा आउने परिवर्तन र प्रविधिको विकासलाई राज्यले सामान्यीकरण गरी कानुनी मान्यता प्रदान गर्नुपर्दछ। नेपाली समुदायको विदेशमा भएको बसोबासको विश्वव्यापी विस्तार र सूचना प्रविधिको तीव्र विकासले न्याय प्रणालीसमक्ष नयाँ परिस्थितिहरू सिर्जना गरेको अवस्थामा प्रविधिको विकास र समाजको आवश्यकताअनुसार नै कानुन र अदालत पनि गतिशील भई कार्य सम्पादन गर्नुपर्ने देखिन्छ,' फैसलामा छ।

केसीले अस्ट्रेलियास्थित दूतावासमा तोकिएको समयमा उपस्थित भई अदालतमा भिडियो कन्फरेन्समार्फत सुनुवाइ सञ्चालनसम्बन्धी निर्देशिकाको अधीनमा रही दूतावासकै समन्वयमा बयान गर्नुपर्ने आदेशमा छ। पुर्पक्षका लागि थुनामा पठाउनुपर्ने आदेश भएमा मात्र कूटनीतिक समन्वय गरी नेपाल पठाउन कानुनी प्रक्रिया अगाडि बढाउन आदेशमा भनिएको छ। सुरक्षित लिंकको प्रयोग गरी बयान रेकर्ड गर्ने तथा सुरक्षित राख्न र अनधिकृत रेकर्डिङ वा फोटो खिच्ने कार्य निषेध गर्नसमेत आदेश भएको छ।

परराष्ट्र मन्त्रालयमार्फत वा नेपाली राजदूतावासको सम्पर्क नम्बर वा इमेलमा मिटिङ आइडी पासवर्डको विवरण गोप्य तथा सुरक्षित रूपमा पठाई महान्यायाधिवक्ताको कार्यालय, कानुन मन्त्रालय तथा कूटनीतिक माध्यमबाट दूतावासलाई आदेशको जानकारी दिन भनिएको छ। विशेषबाट २३ साउन ०८२ मा श्रव्यदृश्य बयान गराउन इन्कार गरिएको आदेश विधायिकी मनसाय र आधुनिक तथा विकसित प्रविधिको प्रयोग अनुकूल नरहेको भन्दै बदर गरिदिएको छ। सर्वोच्चको यो फैसलाले न्यायिक प्रक्रियामा नयाँ नजिर स्थापित गरिदिएको छ।

सर्वोच्चले बयान मात्र नभई अदालतको आदेशबमोजिम धरौटी वा जमानत बुझाउनुपरे सम्बन्धित दूतावासको आधिकारिक खातामा जम्मा गर्न सक्ने वा कानुनी वारेसमार्फत अदालतमा रकम दाखिला गराउन सक्ने आदेश गरेको छ। थुनामा राख्ने आदेश भएमा कूटनीतिक माध्यमबाटै सम्बन्धित देशको अध्यागमन वा सुरक्षा अधिकारीसँग समन्वय गर्न सकिने पनि आदेशमा छ। साथै, आदेश कार्यान्वयन नभएमा अभियुक्त वा फरार प्रतिवादी भए राहदानी रोक्का वा खारेज गरी विदेश बसाइ गैरकानुनीसम्म बनाउन सकिने तर विदेश रहेकै आधारमा मात्र आफ्नो सफाइ पेस गर्ने र सुनुवाइको मौका नदिने गर्नु अनुचित हुने ठहर गरेको छ।

'अदालतमा श्रव्यदृश्य प्रणालीको प्रयोगले सरोकारवालालाई भौतिक रूपमा अदालतमा उपस्थित हुँदा लाग्ने समय र आर्थिक स्रोतको बचत गर्न सक्दछ। जसले विशेषगरी विदेशमा रहेका नेपालीहरूलाई ठूलो राहत पुऱ्याउँदछ,' हालको अवस्था चित्रण गर्दै अदालतले भनेको छ। प्रविधिको बढ्दो प्रयोगले भौगोलिक सीमालाई संकुचित गरिरहेको अवस्थामा सूचना प्रविधिप्रतिको साक्षरता र उपभोगलाई न्याय सम्पादनको सहजताका लागि उपयोग गर्नु नेपालका अदालतहरूको सुधारात्मक कदम हुने सर्वोच्चको ठहर छ।

भारतको...

पृष्ठ १ बाट क्रमशः

कमाइको प्रलोभन देखाएर नेपालीहरूले नै उनीहरूलाई कुशीनगर पुऱ्याएको प्रहरीले जनाएको छ। केही महिनाअघिदेखि आइरहेको सूचनाका आधारमा प्रहरीले उद्धार गरेको जनाएको छ।

गिरोहले नेपालबाट आकर्षक जागिरको प्रलोभन देखाएर सुनौली हुँदै कुशीनगर पुऱ्याउने गरेको खुलेको छ। कुशीनगर पुगेपछि उनीहरूले सात हजारदेखि एक लाख भारुसम्म असुलेर सदस्यता विस्तार गरी नेटवर्किङ व्यवसायको माध्यमबाट काम गर्न बाध्य बनाउने अनुसन्धानबाट खुलेपछि प्रहरीले भारतीय प्रहरीको सहयोगमा उद्धार गरेको थियो। कुशीनगरमा बन्धक बनाइएका केही सदस्यको परिवारले इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएपछि उद्धार प्रक्रिया सुरु भएको इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक निशान्त श्रीवास्तवले बताए।

विद्यार्थी अभावले...

पृष्ठ १ बाट क्रमशः

देखिएको हो। त्यस्तै, पछिल्लो समय विद्यार्थी भर्नादरमा वृद्धि भएको छ। सर्वेक्षणअनुसार ०८२ मा आधारभूत तह (कक्षा १-८) को कुल भर्नादर १३६.२ प्रतिशत पुगेको छ। अघिल्लो शैक्षिक सत्र ०८१ मा यस्तो भर्नादर १२४.८ प्रतिशत थियो।

त्यस्तै, माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्नादर पनि वृद्धि भएको छ। शैक्षिक सत्र ०८२ मा यो दर ८५.७ प्रतिशत पुगेको मन्त्रालयले जनाएको छ। गत वर्ष यस्तो भर्नादर ८०.६ प्रतिशत थियो। तथ्यांकअनुसार आधारभूत तह (कक्षा १-५) मा ०८२ मा कुल भर्नादर १३३.८ प्रतिशत पुगेको छ। यसमध्ये छात्राको भर्नादर १३३.१ प्रतिशत र छात्रको १३४.५ प्रतिशत छ। आधारभूत तह (कक्षा ६-८) मा कुल भर्नादर १०८.९ प्रतिशत छ। छात्राको भर्नादर १०९.६ प्रतिशत तथा छात्रको १०८.३ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्नादर १०६.८ प्रतिशत पुगेको छ। यसमध्ये छात्राको भर्नादर ११२.९ प्रतिशत र छात्रको १०१ प्रतिशत छ। कक्षा ११-१२ मा भने कुल भर्नादर ७४.३ प्रतिशत रहेकोमा छात्राको ७०.६ प्रतिशत र छात्रको ७७.९ प्रतिशत रहेको तथ्यांकमा उल्लेख छ।

रित्तिँदै पहाडी...

पृष्ठ १ बाट क्रमशः

जहाँ विद्यार्थी नै छैनन्

धादिङको गल्छी गाउँपालिका- १ मा रहेको कालीदेवी आधारभूत विद्यालय र काभ्रेको नमोबुद्ध नगरपालिका- ५, कानपुरमा रहेको महांकाल आधारभूत विद्यालयको नियति एउटै हो। गल्छीमा रहेको कालीदेवी आधारभूत विद्यालयमा गत वर्ष आठजना भर्ना भएको प्रधानाध्यापक सीता शाही ठकुरी बताउँछिन्। 'विद्यालय समायोजनको हल्लाले यस वर्ष भर्ना भएका तीनजना पनि विद्यालय आएका छैनन्। बालविकास शिक्षिका सीता भुजेल, कार्यालय सहयोगी र म सधैँ विद्यालय आउँछौं। तर, विद्यार्थी कहिल्यै आउँदैनन् अन्यत्रै पढ्न जान्छन्,' उनले भनिन्, 'समायोजनको कुरा भइरहेको छ। अब कालीदेवी आधारभूत विद्यालय छिट्टै समायोजन हुन्छ होला।'

गल्छी गाउँपालिकाको कालीदेवी आधारभूत विद्यालयमा मात्र होइन, धादिङका धेरै विद्यालयको अवस्था झन्डै उस्तै छन्। सिद्धलेक गाउँपालिका- ३ मा अवस्थित खड्कदेवी आधारभूत विद्यालयमा बालविकासमा दुईजना, कक्षा १ मा दुईजना र कक्षा ३ मा एकजना गरी पाँच विद्यार्थी छन्। एउटै शिक्षकले बहुकक्षा शिक्षण गर्नुपर्ने, अर्को विद्यालय जान पनि करिब तीन घण्टा लाग्नेजस्ता जटिल समस्या तथा चुनौतीको सामना गर्नुपरेको स्थानीय बताउँछन्। सिद्धलेक गाउँपालिका- ५ मा अवस्थित बाघभैरुङ आधारभूत विद्यालयमा पनि बालविकासमा चार र कक्षा दुईमा एकजना गरी पाँच विद्यार्थी छन्। धादिङमा ५१२ वटा सामुदायिक विद्यालय छन्। सामुदायिक विद्यालयमा विद्यार्थीको चाप घट्दै गइरहेको शिक्षा विकास तथा समन्वय इकाइ धादिङका शाखा अधिकृत चण्डिका मल्ल ठकुरीले बताइन्। 'विद्यार्थीको चाप घट्न थालेपछि गत आर्थिक वर्षमा मात्रै ५० भन्दा धेरै सामुदायिक विद्यालय समायोजन गरिएको छ। तर, केही विद्यालय समायोजनपछि विद्यालय जान निकै टाढा हुने हुँदा विद्यार्थी संख्या कम भएर पनि समायोजन गर्न सकिएको छैन,' उनले भनिन्।

काभ्रेको महांकाल स्कुल कसरी विद्यार्थीविहीन बन्यो ?

काभ्रेको नमोबुद्ध नगरपालिका- ५, कानपुरमा रहेको महांकाल आधारभूत विद्यालयमा शैक्षिक सत्र ०८३/८४ का लागि हालसम्म एकजना विद्यार्थी पनि भर्ना हुन आएका छैनन्। विद्यार्थी नभए पनि विद्यालयका दुई शिक्षक र एकजना कर्मचारी भने दैनिक रूपमा विद्यालय खोल्ने, दिनभर कुर्ने र समय सकिएपछि घर फर्कने गरिरहेका छन्। गत शैक्षिक सत्रमा यस विद्यालयको बालविकासदेखि कक्षा तीनसम्म प्रतिकक्षा एक-एकजना गरी चारजना विद्यार्थी अध्ययनरत थिए। तर, यस वर्ष ती विद्यार्थी पनि अन्यत्र गएका छन्।

विद्यालयकी प्रधानाध्यापक सुस्मा तामाङका अनुसार तीन विद्यार्थी अध्ययनका लागि सहर गएका हुन् भने कक्षा तीनमा पढ्ने विद्यार्थी पास भएर अर्को विद्यालयमा कक्षा चार पढ्न गए। 'विगतका वर्षमा पनि विद्यालयमा ६ जनाभन्दा बढी विद्यार्थी थिएनन्। गाउँका युवा रोजगारीका लागि बिदेसिने र कोही सहर बस्ने भएकाले गाउँमा बालबालिका नै हुन छाडे,' प्रधानाध्यापक तामाङले भनिन्, 'अहिले त भर्ना हुन कोही पनि आएका छैनन्। हामी शिक्षक-कर्मचारी आउँछौं, दिनभर विद्यालय कुर्नुबाहेक केही काम छैन।'

विद्यालयमा विद्यार्थी संख्या नै नभएपछि नमोबुद्ध नगरपालिकाले शिक्षक-कर्मचारीलाई अन्यत्र खटाउने तयारी गरेको छ। यो विद्यालयमा एक करार शिक्षक, एक बालविकास शिक्षक र एक कार्यालय सहयोगी कार्यरत छन्।

नमोबुद्ध नगरपालिकाका शिक्षा शाखा प्रमुख राम तामाङका अनुसार महांकाल विद्यालयलाई भविष्यमा आवश्यक परे पुनः सञ्चालन गर्ने गरी हाललाई बन्द गरिएको छ। त्यहाँका शिक्षक र कर्मचारीलाई विद्यार्थी संख्या धेरै भएका अन्य विद्यालयमा खटाउने नगर कार्यपालिकाले निर्णय गरिसकेको उनले बताए। 'अहिले कुन विद्यालयमा पठाउने भन्ने यकिन भइसकेको छैन,' शिक्षा शाखा प्रमुख तामाङले भने, 'आउँदो सोमबार शिक्षा समितिको बैठक बस्दै छ। सोही बैठकबाट निर्णय गरी कर्मचारीलाई पायक पर्ने र शिक्षक तथा बालविकास शिक्षकलाई आवश्यकताअनुसार अन्य विद्यालयमा खटाइनेछ।'

सिन्धुपाल्चोकको सरस्वती आधारभूत विद्यालयमा ६ विद्यार्थीका लागि दुई शिक्षक, नजिक छैनन् अरू विद्यालय

लिसंखुपाखर गाउँपालिक- १, डाँसेमा रहेको सरस्वती आधारभूत विद्यालयमा ६ बालबालिका मात्रै अध्ययनरत छन्। जहाँ इसिडीदेखि कक्षा तीनसम्म चारवटा कक्षा छन्।

प्रधानाध्यापक इन्दिरा लामाका अनुसार कक्षा दुई, तीन र इसिडीमा विद्यार्थी छैनन्। ६ जना बालबालिका कक्षा एकमा पढ्छन्। विद्यालयमा प्रअ लामा, अर्का शिक्षक प्रतिमा लामा र एक कार्यालय सहयोगी छन्। तीनैजना महिला हुन्।

लिसंखुपाखर गाउँपालिका अध्यक्ष राजु लामाले उक्त विद्यालय मर्ज गर्न समस्या रहेको बताए। 'विद्यालय रहेको डाँसे गाउँका साना बालबालिका अर्को विद्यालय धर्मोदय मावि पुग्न कम्तीमा तीन घण्टा लाग्ने भएकाले मर्ज गर्न समस्या भएको हो,' उनले भने। पालिकाभित्र रहेका २८ विद्यालय घटाएर १८ मा ल्याएको, तर सरस्वती आविलाई गाभ्न नसकिएको उनले सुनाए।

कैलालीको देउधरी आधारभूत विद्यालयमा नौ विद्यार्थी, एक शिक्षक

कैलालीको मोहन्याल गाउँपालिका- ३, मुलेकाँडामा रहेको देउधरी आधारभूत विद्यालयमा नौजना विद्यार्थी छन्। बालविकासदेखि दुई कक्षासम्म पठनपाठन हुने विद्यालय शिक्षिका नामसरा जैसी एक्लैले चलाइरहेकी छिन्। पहाडी क्षेत्र पर्ने मोहन्यालको विकट बस्तीनजिक यो विद्यालय रहेको छ।

कक्षा एकमा तीनजना, दुईमा एकजना र बालविकासमा पाँचजना बालबालिका भर्ना भएका छन्। अर्को शिक्षक नभएपछि विद्यार्थीलाई एउटै कक्षामा राखेर पढाउने गरिएको छ। 'एक्लैले के गर्नु, विद्यार्थी पनि थोरै छन्,' जैसीले भनिन्, 'विद्यार्थी नै कम छन्, त्यसमा पनि प्रायः आउँदैनन्। कहिले एकजना विद्यार्थी पनि नआएर विद्यालय बन्द गर्नुपर्छ।'

जैसी राहत कोटाकी शिक्षक हुन्। थप एकजना कार्यालय सहयोगी छन्। गाउँनजिक अर्को विद्यालय छैन। स्थानीयका अनुसार मुलेकाँडादेखि एक घण्टाको पैदल दूरीमा रहेको फल्लेबिसौना जान समस्या भएपछि चार वर्षअघि यो विद्यालय स्थापना गरिएको हो। गाउँमा रहेका २७-२८ घरधुरीमध्ये अधिकांश दलित समुदाय छन्।

स्थानीय कामको खोजीमा भारत जाने र सँगै बालबालिकालाई पनि लैजाने गरेकाले विद्यार्थी संख्या न्यून रहेको शिक्षिका जैसीले बताइन्। गरिबी र अशिक्षाका कारण बालबालिकालाई पढाउनुपर्छ भन्ने सोच अभिभावकमा नरहेको उनले बताइन्। उनका अनुसार गत वर्ष पनि नौजना विद्यार्थी थिए।

'म विद्यालय पुगिसकेको हुन्छ, विद्यार्थी आएका हुँदैनन्। अभिभावकलाई सोध्दा उठेको छैन भन्छन्,' उनले भनिन्, 'गाउँका सबै बालबालिका भर्ना हुने हो र शिक्षक थप्ने हो भने विद्यालय तीन कक्षासम्म चल्न सक्छ।' अहिले बिहान विद्यालय चल्छ। कार्यरत एकजना बालविकास सहजकर्ताको यस वर्ष सरुवा गरिएको उनले बताइन्। यो विद्यालयको दुईकोठे भवन छ।

मोहन्याल गाउँपालिका- ४, शान्तिपुरमा रहेको जनता आधारभूत विद्यालयमा यसपालि १४ जना विद्यार्थी भर्ना भएका छन्। गत वर्ष त्यहाँ १६ विद्यार्थी थिए। सबै विद्यार्थी आएको दिन एकदेखि तीनसम्मलाई एउटा कक्षामा तथा चार र पाँचलाई अर्को कक्षामा राखेर पढाउने गरेको प्रधानाध्यापक खेम क्षेत्रीले बताए।

यो विद्यालयमा कक्षा एकमा चार, दुई र तीनमा तीन-तीन तथा चार र पाँचमा दुई-दुईजना विद्यार्थी छन्। 'विद्यार्थी कम छन्। अलग-अलग राखेर पढाउने स्थिति छैन,' क्षेत्रीले भने, 'कहिलेकाहीँ विद्यालय नै खाली हुन्छ।' दशकअघि स्थापना भएको यो विद्यालयका दुई भवनमा चार कक्षाकोठा छन्। गाउँबाट बसाइँसराइ गरेर जाने क्रम बढेकाले विद्यार्थी संख्या घट्दै गएको प्रधानाध्यापक क्षेत्रीले बताए। विद्यालयमा उनीसहित दुईजना शिक्षक कार्यरत छन्। मोहन्याल गाउँपालिका कार्यालयका अनुसार गाउँपालिकाभरि ५८ वटा सामुदायिक विद्यालय छन्।

विकट पहाडी क्षेत्रका धेरैजसो विद्यालयमा विद्यार्थी संख्या कम छ। भौगोलिक रूपमा बस्ती टाढा हुनु तथा एक विद्यालयदेखि अर्को विद्यालयको दूरी पनि टाढा रहेकाले विद्यार्थी कम भए पनि अधिकांश विद्यालय मर्ज गर्ने अवस्था नरहेको गाउँपालिकाको शिक्षा शाखाका अधिकृत कविराज धामीले बताए।

'विद्यार्थी संख्या कम छ। कुनै पनि विद्यालयमा दरबन्दीअनुसार शिक्षक छैनन्,' उनले भने, 'विद्यार्थीलाई पठनपाठनबाट वञ्चित गराइनुहुन्न भनेर कम विद्यार्थी र जनशक्ति भए पनि विद्यालय चलाइरहेका छौं।' गाउँपालिकाले ४४ जना बालविकास सहजकर्ता र पाँचजना गाउँपालिका शिक्षक नियुक्त गरेको उनले बताए।

बसाइँसराइले उदयपुरको आम्बोटे विद्यालय रित्तियो, ५७ वर्ष पुरानो विद्यालयमा सात मात्र विद्यार्थी



उदयपुरको लिम्चुङबुङ गाउँपालिका- २ ताम्लिछामा रहेको आम्बोटे आधारभूत विद्यालय विद्यार्थीविहीन हुने अवस्थामा पुगेको छ। तीव्र बसाइँसराइका कारण गाउँ नै खाली हुन थालेपछि चालू शैक्षिक सत्रमा यस विद्यालयमा नयाँ विद्यार्थी दुईजना आएका छन्। यसअघिका पाँचसहित सात विद्यार्थी छन्। ०२६ मा स्थापना भएको यस ५७ वर्ष पुरानो विद्यालयमा शिक्षक विद्यार्थी कुरेर बस्न बाध्य छन्। विद्यालयका प्रधानाध्यापक सन्ताप राईका अनुसार हाल आधारभूत विद्यालय आम्बोटेमा बालविकास कक्षामा तीनजना तथा कक्षा ४ र ६ मा दुई-दुईजना विद्यार्थी अध्ययनरत छन्।

०७५ अघिसम्म १२५ जनासम्म विद्यार्थी थिए। तर, अहिले यहाँको बस्ती नै बसाइँ सरेर अन्यत्र गएपछि विद्यालय विद्यार्थीविहीनजस्तै बनेको हो। विद्यालयमा प्रधानाध्यापक राईसँगै अर्की शिक्षिका युनिसा राई कार्यरत छिन्। दुवैजना स्थायी दरबन्दीका शिक्षक हुन् भने एकजना कार्यालय सहयोगी माया विक पनि कार्यरत छिन्।

कच्ची संरचनाका चारवटा भवनमा झन्डै १० कोठा छन्। 'अब यस विद्यालयमा अन्य विद्यालय गाभ्ने वा समायोजन गर्ने हो भने राम्रो हुन्छ। नभए म त स्थायी शिक्षक हुँ, सरकारले जहाँ पठाउँछ, त्यहीँ जान्छु। आधारभूत विद्यालय आम्बोटेको वरिपरिका विद्यालयलाई यहाँ समायोजन गर्दा भवन पनि राम्रो छ, अन्य विद्यालयको तुलनामा जग्गा पनि उपयुक्त छ,' उनले भने।

लिम्चुङबुङ गाउँपालिका- २ का वडाध्यक्ष जितेन राईले पनि उक्त विद्यालयमा विद्यार्थी संख्या घट्नुको मुख्य कारण बसाइँसराइ भएको बताए। 'उक्त क्षेत्रबाट झन्डै सयभन्दा बढी घरपरिवार बसाइँ सरेर अन्यत्र गएपछि समस्या भएको हो। हाल त्यस क्षेत्रमा १० देखि १५ घर मात्र बाँकी छन्। अब विद्यालय समायोजन गर्नुको विकल्प छैन, तर भौगोलिक कठिनाइ देखिन्छ,' उनले भने।

उनका अनुसार उक्त आधारभूत विद्यालय आम्बोटेबाट माध्यमिक तह अध्ययन गर्न उकालो बाटो हुँदै करिब तीन घण्टा पैदल हिँड्नुपर्ने बाध्यता छ। 'अब त्यस विद्यालयबाट कक्षा नौ पढ्न महेन्द्रदीप माध्यमिक विद्यालय ताम्लिछा आइपुग्नुपर्छ, जुन करिब तीन घण्टाको दूरीमा पर्छ,' उनले भने।

कोशी प्रदेश सभा संसद्मै अड्कियो सरकारी कामकाजको भाषा विधेयक

लिम्बू र मैथिलीलाई सरकारी कामकाजको भाषा बनाउन एक वर्षअघि संसद्मा पुगेको विधेयकमाथि छलफल नै हुन सकेन

● **गयानन्द मण्डल**, सभापति
सामाजिक विकास समिति



हामीलाई विधेयकमा भएको मैथिली र लिम्बूबाहेकको भाषामा पनि सुझाव आइरहेको छ। विज्ञसँग छलफल पनि गरिरहेका छौं। यसका लागि समय लाग्छ। यति नै भन्न सकिँदैन। समिति र मन्त्रालय बसेर टुंगो लगाउने हो।

झापामा **चिरञ्जीवी घिमिरे**

कोशी प्रदेश सरकारले लिम्बू र मैथिली भाषालाई सरकारी कामकाजको भाषा बनाउन २८ साउन ०८२ मै विधेयक संसद्मा प्रस्तुत गऱ्यो। १५ भदौमा संसद्कै सामाजिक विकास समितिमा छलफलका लागि विधेयक गयो। तर त्यसपछि एक वर्ष हुन लाग्दा पनि प्रक्रिया अघि बढेको छैन, विधेयक अलपत्र छ।

भाषा आयोगले कोशी प्रदेशमा लिम्बू र मैथिली भाषालाई सरकारी कामकाजको भाषा बनाउन सिफारिस गरे पनि कोशीमा ठुलो जनसंख्या रहेको राई समुदायको भाषालाई कसरी समेट्ने भन्ने निचोड ननिस्किँदा अहिलेसम्म संसद्मै अड्किएको हो। राई समुदायमा विभिन्न भाषा हुने भएकाले भाषा आयोगले लिम्बू र मैथिली मात्रै सिफारिस गरेको थियो। तर, अहिले राई समुदायका भाषाहरूको पनि विषय उठ्दा ढिलाइ भइरहेको हो।

यो विधेयक दफावार छलफलका लागि १५ भदौमा संसद्को सामाजिक विकास समितिमा गएको छ। सरकारले विधेयक दर्ता गर्नुअघि नै सरकारी कामकाजको भाषाका लागि बजेट वक्तव्यमा मैथिली र लिम्बू भाषालाई सरकारी कामकाजको भाषा बनाउन आवश्यक व्यवस्था मिलाउने उल्लेख गरेको थियो। आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रममा पनि यो विषय उल्लेख छ।

प्रदेश सभामा दर्ता गरेको विधेयकमा किराँत धर्मावलम्बीका महागुरु तथा राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दको जन्मजयन्तीका दिन अर्थात् २५ कात्तिक ०८२ बाटै भाषा कार्यान्वयनमा ल्याउन भनेर मिति नै तोकिएको थियो। तर, छलफल नै हुन नसक्दा विधेयक अलपत्र छ। यसअघि गैरसरकारी विधेयकका रूपमा नेकपा (तत्कालीन माओवादी र एकीकृत समाजवादी) लगायत दलले सरकारी कामकाजको भाषा विधेयक दर्ता गरेका थिए। तर, सत्तापक्षले त्यो विधेयक विफल बनाएर सरकारी विधेयक दर्ता गरेको थियो। भाषा आयोगको सिफारिसमा कोशी प्रदेशमा मैथिली र लिम्बू भाषालाई सरकारी कामकाजको भाषाको बनाउन विधेयक ल्याइएको थियो। नेपालको संविधानको धारा ७ मा बहुभाषिकताको अधिकारलाई सुनिश्चित गर्दै प्रदेशलाई आफ्नो सरकारी कामकाजको भाषा निर्धारण गर्ने अधिकार दिएको छ। मिति नै तोकेर अघि बढ्दा पनि विधेयक पास हुन सकेको छैन। संसद्को सामाजिक विकास समितिमा यो विधेयकमाथि पाँचपटकसम्म छलफल भएको छ। भाषाविज्ञलाई बोलाएर समेत छलफल गरिएको कोशी प्रदेश सभा सचिवालयले जनाएको छ। तर, विधेयक संसद्मै अड्किँदा सरकारी कामकाजी भाषा कार्यान्वयनमा आउन सकेको छैन। 'विधेयकमाथि छलफल जारी छ। हामीलाई विधेयकमा भएको मैथिली र लिम्बू भाषाबाहेकको भाषामा पनि सुझाव आइरहेको छ। विज्ञसँग छलफल पनि गरिरहेका छौं,' सामाजिक विकास समिति सभापति गयानन्द मण्डल गनगाईले भने, 'यसका लागि समय लाग्छ। यति नै भन्न सकिँदैन। मैले एक्लै पास गर्ने हैन। समिति र मन्त्रालय बसेर टुंगो लगाउने हो।'

प्रमुख प्रतिपक्षी दल नेकपा कोशी दलका नेता इन्द्र आङ्बोले भाषा आयोगले मैथिली र लिम्बू भाषा मात्रै सिफारिस गरे पनि कोशी प्रदेशमा ठुलो जनसंख्या रहेको राई समुदायको विभिन्न भाषा नसमेटिएपछि छलफलकै क्रममा विधेयक संसद्मा रहेको बताए। 'सरकारले त भाषा विधेयक ल्याउने चाहेको थिएन। तर, हामीले गैरसरकारी विधेयकका रूपमा ल्याएपछि त्यसलाई फेल गराएर ल्याएको हो,' उनले भने, 'अहिले यो विधेयक संसद्मा विचाराधीन छ। भाषा आयोगले दुई भाषा मात्रै सिफारिस गरे पनि यो प्रदेशमा ठुलो जनसंख्या रहेको राई समुदायका विभिन्न भाषालाई कसरी समेट्ने भनेर छलफल भइरहेको छ।' संसद्बाट विधेयक पास भएमा कार्यान्वयन गर्न तयार रहेको कोशी प्रदेश सरकारले जनाएको छ। सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले सरकारी कामकाजको भाषा विधेयक संवेदनशील भएका कारण पनि संसदीय समितिमा छलफल भइरहेको उनले बताए। 'सरकारले त कार्यान्वयन गर्नकै लागि विधेयक संसद्मा दर्ता गराएको हो। संसदीय समितिमा छलफलका क्रममा रहेका कारण ढिलाइ भएको हो। भाषाको विषय अलि संवेदनशील पनि हो,' उनले भने, 'यसमा अन्य भाषाका कुरा पनि आएका छन्। हामीले दुईवटा भाषालाई समेटेर विधेयक ल्याएका छौं।'



■ माङ्सेबुङ गाउँपालिकाले लिम्बू भाषा कार्यान्वयनमा ल्यायो

कोशी प्रदेश सरकारले सरकारी कामकाजको भाषा कार्यान्वयनमा ल्याउन नसके पनि स्थानीय तहले भने आफ्नो क्षेत्रमा सरकारी कामकाज भाषाको प्रयोगमा ल्याउन थालेका छन्। इलामको माङसेबुङ गाउँपालिकाले गत मंगलबारबाट लिम्बू भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयनमा ल्याएको छ। प्रदेश प्रमुख परशुराम खापुङले लिम्बू भाषालाई माङसेबुङको सरकारी कामकाज भाषाका रूपमा कार्यान्वयनमा आएको घोषणा गरे। गाउँपालिकाको भाषा, संस्कृति तथा ललितकलाको संरक्षण तथा विकास कार्यान्वयन निर्देशिकाअनुसार मातृ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयनमा ल्याइएको गाउँपालिका अध्यक्ष हेमन्त राईले बताए। अब सरकारी कामकाजी भाषा लिम्बू तथा किराँत सिरिजङ्गा लिपि प्रयोग हुने उनले बताए। माङसेबुङमा किरात लिम्बू समुदायका धर्मगुरु आत्मनन्द लिङदेनको आश्रम छ। यो क्षेत्रलाई किराँती लिम्बू समुदायको आस्थाको केन्द्रको रूपमा लिइँदै आएको छ। यसअघि १३ मंसिर ०७५ बाटै माङसेबुङ- ५ मा वडाको कामकाज भाषाका रूपमा लिम्बू भाषा प्रयोग हुँदै आएको छ। माङसेबुङस्थित लिम्बू समुदायको बहुल्यता रहेको ठाउँमा कक्षा १२ सम्म लिम्बू भाषा पठनपाठन हुँदै आएको अध्यक्ष राईले बताए। यस्तै, यहाँ किराँत मुन्धुम अध्ययन तथा अध्ययापन गराउने एक मात्र धार्मिक मुन्धुम विद्यालय तथा किराँत साम्जिक, मुन्धुम युक्सिड निसामसमेत सञ्चालनमा रहेको उनले बताए। यस्तै, बान्तवा भाषाको पाठ्यक्रमसमेत विमोचन भएको उनको भनाइ छ।

■ सरकारको नीति तथा कार्यक्रम पारित विवाद

दलहरूबिच सहमतिपछि कोशी प्रदेश बैठक सुरु

विराटनगर/ नीति तथा कार्यक्रम पारित विवादले चार दिनअघि स्थगित भएको कोशी प्रदेश सभाको बैठक सुचारु भएको छ। संशोधन प्रस्तावको समय नदिई सभामुखले सर्वसम्मत रूपमा सरकारको नीति तथा कार्यक्रम पारित गराएको भन्दै मुख्य प्रतिपक्षी दल नेकपाले अवरोध गरेपछि १२ जेठमा बैठक स्थगित भएको थियो। दलहरूबिच सहमति भएपछि शनिबारदेखि बैठक सुरु भएको हो।

अवरोध अन्त्य भएपछि शनिबारदेखि कोशी प्रदेश सभामा आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरिने विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्त पेस भएर छलफल सुरु भएको प्रदेश सभाका सचिव सुदर्शन खड्काले बताए। शनिबार बसेको कार्यव्यवस्था समितिको बैठकमा दलहरू सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रम सर्वसम्मतले नभई बहुमतले पारित हुनुपर्ने विपक्षी दल नेकपाको अडानमा सहमति जनाएर संसद्को गतिरोध अन्त्य गराउन सहमत भएका थिए। सोही सहमतिअनुसार सभामुख अम्मरबहादुर विष्टले सभामा नीति तथा कार्यक्रम सर्वसम्मतले नभई बहुमतले पारित भएको जानकारी गराएका थिए। शनिबार प्रदेश सभामा आर्थिक मामिलामन्त्री विदुरकुमार लिङ्थेपले अगामी आर्थिक वर्ष ०८३/८४ का लागि सरकारले प्रस्तुत गर्ने बजेटका सिद्धान्त र प्राथमिकता प्रस्ताव संसद्मा पेस गरेका थिए।

कोशीमा 'सक्षम छोरी' कार्यक्रम सञ्चालन सुस्त

विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेश सरकारले घोषणा गरेको दलित मुसहर समुदायका बालिकाको शिक्षा सशक्तीकरणका लागि 'सक्षम छोरी' कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिने नीति कार्यक्रममार्फत घोषणा गरेको छ। तर, चालू वर्षको बजेटमा घोषणा भएको 'सक्षम छोरी' कार्यक्रमको कार्यान्वयन भने अर्को बजेट आउने वेलासम्म सुस्त पाइएको छ।

कोशी सरकारले चालू आर्थिक वर्षको बजेटमा मुसहर समुदायका छोरीको शिक्षामा पहुँच बढाउँदै आर्थिक सामाजिक रूपान्तरणका लागि 'सक्षम छोरी' कार्यक्रमलाई नमुनाका रूपमा सञ्चालन गर्न एक करोड ५० लाख बजेट विनियोजन गरेको घोषणा थियो। तर, सरकारले बजेट आएको १० महिना बितिसक्दा पनि अझै कार्यक्रम कार्यान्वयनमा पूर्ण रूपले गइसकेको छैन।

कोशी प्रदेशको झापा, मोरङ, सुनसरी जिल्लामा विपन्न दलित मुसहर समुदायको बाक्लो बसोबास छ। यहाँका मुसहर समुदायको आर्थिकमा मात्र होइन शैक्षिक अवस्था पनि अत्यन्तै कमजोर छ। यसैले प्रदेश सरकारले मुसहर समुदायका बालिकालाई शिक्षामा अग्रसर गराउन नमुना कार्यक्रमका रूपमा 'सक्षम छोरी' कार्यक्रम घोषणा गरेको थियो।

कोशी प्रदेश सरकारको समाजिक विकास मन्त्रालयबाट 'सक्षम छोरी' कार्यक्रमको कार्यविधि निर्माणमै ढिलाइ भएको थियो। बल्लतल्ल कार्यविधि बने पनि कार्यक्रम सञ्चालन गर्न लक्षित पालिकाहरूले चासो देखाएका छैनन्। हालै मात्र मन्त्रालयले सुनसरीको दुहबी र झापाको गौरीगन्ज गाउँपालिकासँग 'सक्षम छोरी' कार्यक्रम सञ्चालन गर्न सम्झौता गरेको छ। सम्झौता गरेको दुहबी नगरपालिका र झापाको गौरीगन्ज नरपालिकाले पनि 'सक्षम छोरी' कार्यक्रमका लागि मन्त्रालयले तयार गरेको कार्यविधिका आधारमा विद्यालय पढ्दै गरेकालाई प्रोत्साहन गर्नेभन्दा नपढेका मुसहर बालिकालाई सचेतना प्रदान गर्ने गरी कार्यक्रम सञ्चालन गर्नेमा जोड दिएका छन्।

> दलित मुसहर समुदायका बालिकालाई शिक्षामा प्रोत्साहन दिन घोषणा गरिएको सक्षम छोरी कार्यक्रम अर्को बजेट आउने वेलासम्म पनि पूर्ण कार्यान्वयन हुन सकेन, स्थानीय तह मुसहर समुदायको घरधुरी तथ्यांक संकलनमै व्यस्त

दुहबी नगरपालिका महिला बालबालिका शाखाका अनुसार गत फागुनमा भएको सम्झौताअनुसार भर्खर पालिकामा रहेका समुदायको तथ्यांक लिने काम भइरहेको छ। घरधुरीको तथ्यांक लिइसकेपछि विद्यालय जाने र नजाने अनि आमाहरूको अलग-अलग समूह गठन गरिनेछ। त्यसपछि स्कुल छाडेकालाई विद्यालयमा जोड्ने र नजानेलाई सिप सिकाउने कार्यक्रम सञ्चालन गरिनेछ। जम्मा ३० लाख रुपैयाँ मात्र बजेट भएकाले चालू वर्ष पालिकाले तथ्यांक लिएर समूह गठन मात्र गराउन सक्नेछ। दुहबी नगरपालिकाका शाखा अधिकृत युवन ओझाले भनिन्, 'कार्यक्रम सम्झौता नै ढिलो भयो, मन्त्रालयको कार्यविधिअनुसार धमाधम तथ्यांक संकलन गरेर समूह गठन गराउन लागिरहेका छौं, त्यसपछि मात्र अरू कार्यक्रम सञ्चालन गर्नेछौं।'

मुसहर अधिकारकर्मी भने 'सक्षम छोरी' कार्यक्रमको कार्यविधि लक्षित समुदायसँग छलफल नै नगरी बनाएकाले प्रभावकारी हुन नसक्ने बताउँछन्। राष्ट्रिय मुसहर संघ कोशीका सचिव धमेन्द्र ऋषिदेवले सरकारले मुसहर बालिकालाई शिक्षामा अगाडि बढाउनुभन्दा सचेतना तालिमका नाममा बजेट खर्च गराउन जोड दिएको आरोप लगाए। सचिव ऋषिदेवले भने, 'सरकारले सरोकारवालासँग कुनै छलफल नै चलाएन, यसैले कार्यक्रमका लागि कार्यविधि पनि प्रभावकारी बन्न नसकेको होला।'

सामाजिक विकास मन्त्रालयका सचिव उद्धवप्रसाद रिजालले सक्षम छोरी कार्यक्रम सञ्चालन गराउन सरकारले प्राथमिकतासहित चासो दिइरहेको र नीति तथा कार्यक्रमअनुसार बजेट विनियोजन गरेर आगामी वर्ष पनि निरन्तरता दिने बताए। 'सक्षम छोरी कार्यक्रमलाई सरकारले नमुनाका रूपमा अघिल्लो वर्ष पनि सातवटा पालिकामा निरन्तरता दिँदै छ। यसपालि विभिन्न कारणले कार्यविधि बनाएर सम्झौता गर्न ढिलाइ हुँदा उदासीनताजस्तो देखिएको मात्र हो,' उनले भने।

संक्षेप

एमालेमा पदाधिकारी र केन्द्रीय सदस्यहरूको कार्यविभाजन

काठमाडौं/ एमालेले पदाधिकारी र केन्द्रीय सदस्यहरूको कार्यविभाजन गरेको छ। अध्यक्ष केपी ओलीले कार्यविभाजन गरिएको जानकारी गराउँदै अन्तरपार्टी निर्देशन जारी गरेका छन्। पदाधिकारीबाहेक सबै नेतालाई आगामी वर्ष हुने स्थानीय तह र प्रदेश सभा निर्वाचनलक्षित जिम्मेवारी तोक्दै खटाइएको छ। सबै केन्द्रीय सदस्यहरूलाई पालिका र वडाहरू नै तोकेर पार्टी जागरण अभियानमा खटाइएको अपानीमा उल्लेख छ। 'पार्टीको समग्र कार्यविभाजन आसन्न स्थानीय तहको निर्वाचन र प्रदेश सभा निर्वाचनसमेतलाई ध्यानमा राखी गरिनेछ। उक्त तयारीको कामलाई मिसन पार्टी जागरणका रूपमा अघि बढाइनेछ। यसअन्तर्गत पार्टीका केन्द्रीय सदस्यहरूलाई प्रदेश, जिल्ला तहका कमिटी र पार्टी सम्बद्ध जनसंगठनमा इन्चार्जको जिम्मेवारी तोक्ने। विभागीय कामका सन्दर्भमा विगतको जस्तै संयोजन र विभागीय प्रमुखको व्यवस्था गर्ने। केन्द्रीय पदाधिकारीबाहेकका सबैलाई स्थानीय चुनावलक्षित पालिकाकेन्द्रित कार्यविभाजन गर्ने,' अपानीमा भनिएको छ।

दुई दर्जनभन्दा बढीलाई एभरेस्ट टुरिजम सम्मान

काठमाडौं/ पूर्वराष्ट्रपति रामवरण यादवले विश्व एकजुट भएर हिमाल बचाउनुपर्ने बताएका छन्। 'एभरेस्ट टुरिजम अवार्ड' वितरण कार्यक्रममा उनले जलवायु परिवर्तन र हिमाल संरक्षणमा विश्व समुदाय एकजुट भएर काम गर्नुपर्ने आवश्यकता रहेको बताए। सो अवसरमा यादवले सन् १९७५ मा दक्षिण-पश्चिम मार्गबाट सगरमाथाको शिखरमा पहिलो सफल आरोहण टोलीसँगै पुगेर इतिहास रचेका पेर्टेम्बा शेर्पालाई ५१ हजार १५१ रुपैयाँ राशिको 'लाइफ टाइम अचिभमेन्ट अवार्ड'बाट सम्मानित गरे। कार्यक्रममा सामाजिक योगदान, मानवता सेवा तथा शान्ति स्थापनाका प्रयासहरूको कदर गर्दै पप्पू यादव (राजेश रञ्जन) लाई पिस हिरो अवार्ड प्रदान गरियो। एभरेस्ट टुरिजम सम्मानबाट यज्ञप्रसाद गौतम, सुनारबहादुर गुरुङ, विटिट्नान रोजानापनिच (थाइल्यान्ड), बुद्धिनारायण श्रेष्ठ र जोआओ गार्सिया (पोर्चुगल) सम्मानित भएका छन्। साथै, 'साहसिक पर्यटन उत्कृष्टता अवार्डबाट (पर्वतारोहण)' अन्तर्गत प्रिन्स फैसल अल साउद (साउदी अरब), निकोल कोवाल्चुक (रूस), पुरुषोत्तम सानु, कल्पना महर्जन, कुञ्जाङ छोपेल शेर्पा, एड्रियाना ब्राउनली (बेलायत), जो हार्भे (अस्ट्रेलिया), किशोर शाही (क्यानियोनिङ), आङछिरिङ शेर्पा, सानोबाबु सुनुवार (प्यारामोटरिङ)लाई सम्मान गरिएको छ।



गाडी दुर्घटनामा दुईजनाको मृत्यु

अछाम/ मध्यपहाडी लोकमार्गअन्तर्गत पञ्चदेवल विनायक नगरपालिका-४ मा भएको बोलेरो गाडी दुर्घटनामा दुईजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका बस्ने वर्ष ४९ का नवीन तुलाधर र बर्दियाको बाँसगढी नगरपालिका-५ का ४५ वर्षीय रामप्रकाश थरू छन्। कर्णाली नदी किनारमा रहेको बेलखेत नजिकै बागमती प्रदेश ०१-०२७ च २२७७ नम्बरको बोलेरो शुक्रबार साँझ सडक घुम्तीबाट दुई सय मिटर तल खस्दा त्यसमा सवार पाँचजना घाइते भएका थिए। उपचारका क्रममा तुलाधर र थारुको प्रदेश अस्पताल सुर्खेतमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अछामका प्रमुख प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए। उनका अनुसार गाडीचालक बाँकेको नेपालगन्जका रामराजेन्द्र भीमराज चट्टान गुप्ता र सिराहाका सन्तकुमार साहको अवस्था चिन्ताजनक छ।

■ भद्रकाली मन्दिरको स्वरूप फेरिँदै



०७२ को भूकम्पमा क्षतिग्रस्त भद्रकाली मन्दिर नेपाली मौलिकता झल्कने गरी पुनर्निर्माण गरिँदै। काठमाडौं महानगरपालिकाले मन्दिरको पुनर्निर्माण गरेको हो।
तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

कोहलपुर-सुर्खेत १३२ केभिए नियमित हुन अझै दुई साता लाग्ने

सुर्खेत/ हावाहुरीका कारण राष्ट्रिय प्रसारणलाइनको टावर ढलेपछि अवरुद्ध बनेको कोहलपुर-सुर्खेत १३२ केभिए विद्युत् सेवा पूर्ण रूपमा सुचारु हुन अझै कम्तीमा दुई साता लाग्ने भएको छ। गत २६ वैशाखमा बाँकेको बैजनाथ गाउँपालिकास्थित राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको चिसापानी चेकपोस्टदेखि पूर्वी क्षेत्रमा ठुलो सालको रुख ढलेर तारमा बज्रिँदा प्रसारणलाइनको टावर ढलेको थियो।

अहिले क्षतिग्रस्त क्षेत्रमा टावर पुनर्निर्माणको पहिलो चरणअन्तर्गत फाउन्डेसन (जग) ढलानको काम सकिएको छ। अबको दुई साताभित्र टावर निर्माण र तार तान्ने काम सकेर विद्युत् सेवा नियमित गर्ने तयारी भइरहेको छ। १३२ केभिए विद्युत् आयोजनाका प्रमुख रविकुमार चौधरीका अनुसार प्रसारणलाइनको क्षेत्राधिकारभन्दा बाहिर रहेको सालको रुख ढलेका कारण क्षति पुगेको हो।

हावाहुरीका कारण प्रसारणलाइनको मध्यविन्दुभन्दा बाहिर रहेको करिब ३८ मिटर लामो र तीन मिटर मोटाइको सालको रुख ढलेर तारमा लाग्दा पोलमा क्षति पुगेको प्रमुख चौधरीले बताए। 'अवरुद्ध विद्युत् छिटो सुचारु गर्न हामीले फाउन्डेसन निर्माणको काम गत सोमबार सकेका छौं,' उनले भने, 'अब टावर खडा गर्ने र तार तान्न कम्तीमा दुई साता लाग्छ। त्यसपछि विद्युत् नियमित हुन्छ।

'प्रसारणलाइनको मध्यविन्दुबाट दायाँबायाँ नौ-नौ मिटर क्षेत्रका रुखहरू यसअघि नै हटाइए पनि निकुञ्जभित्र रहेका अन्य जोखिमयुक्त रुखहरू हटाउन अनुमति नपाउँदा आगामी दिनमा पनि यस्तै जोखिम रहने चौधरीले बताए। चिसापानी क्षेत्रमा यस्ता धेरै जोखिमपूर्ण ८० बढी रुखहरू रहेको र यसबारे माथिल्लो निकायलाई पहिले नै जानकारी गराइसकिएको उनले बताए।

■ नेपालमा सुर्तीजन्य पदार्थको प्रयोगले थपिँदै स्वास्थ्य समस्या

बर्सेनि ३९ हजार दुई सयले गुमाउँछन् ज्यान

शिवहरि घिमिरे/नयाँ पत्रिका

नेपालमा सुर्तीजन्य पदार्थका कारण स्वास्थ्य समस्या बढिरहे पनि यसको नियन्त्रणमा सरकारले अपनाएको रणनीति कमजोर देखिएको छ। सरकारले हाल सुर्तीजन्य पदार्थमा ३३ प्रतिशत कर लगाएको छ। शुक्रबार बजेट भाषणका क्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले १० प्रतिशत करवृद्धिको घोषणा गरेका छन्। तर, झिनो करवृद्धिले यसको बिक्री-वितरण र सेवन नघट्ने विज्ञहरूको दाबी छ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार विश्वभर मृत्यु तथा रोगको प्रमुख कारणमध्ये एक सुर्तीजन्य पदार्थको प्रयोग बनेको छ। यसले क्यान्सर, मुटु तथा रक्तनलीसम्बन्धी रोग र श्वास-प्रश्वाससम्बन्धी विभिन्न रोग निम्त्याइरहेको छ। डब्लुएचओ र स्वास्थ्य मन्त्रालयकै पछिल्लो तथ्यांकअनुसार नेपालमा सुर्तीजन्य पदार्थको सेवनका कारण लाग्ने रोगका कारण ३९ हजार दुई सयको ज्यान जाने गरेको छ।

क्यान्सर रोग विशेषज्ञका अनुसार सुर्तीजन्य पदार्थबाट हुने रोगको उपचार खर्च अत्यन्त महँगो छ। भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा. उज्ज्वल चालिसेका अनुसार भक्तपुर क्यान्सर अस्पतालमा आउने क्यान्सरका बिरामीको संख्या हरेक दिन बढिरहेको छ। 'हरेक दिन यहाँ ६ सय जना ओपिडीमा आउँछन्, त्यसमध्ये ६/७ जनामा क्यान्सर देखिएको छ, क्यान्सरको प्रमुख कारण धूम्रपान हो, पछिल्लो समय विषादीजन्य चिजको जथाभावी प्रयोगले पनि क्यान्सर बढ्दो छ, मुख्यत युवाहरू धूम्रपान सेवन बढिरहेको छ,' उनले भने,



● **डा. उज्ज्वल चालिसे**, निर्देशक, भक्तपुर क्यान्सर अस्पताल



हरेक दिन यहाँ ६ सयजना ओपिडीमा आउँछन्, त्यसमध्ये ६-७ जनामा क्यान्सर देखिएको छ, क्यान्सरको प्रमुख कारण धूम्रपान हो, पछिल्लो समय विषादीजन्य चिजको जथाभावी प्रयोगले पनि क्यान्सर बढ्दो छ, मुख्यतः युवाहरू धूम्रपान सेवन बढिरहेको छ। यसले स्वास्थ्य समस्या विकराल बन्दै छ, कैयौं परिवार गरिबीको रेखामुनि धकेलिरहेका छन्।

'यसले स्वास्थ्य समस्या विकराल बन्दै छ, कैयौं परिवार गरिबीको रेखामुनि धकेलिरहेका छन्।' डिब्लुएचओका अनुसार विश्वभर १.२ अर्बभन्दा बढी मानिसले सुर्ती तथा निकोटिनजन्य पदार्थ प्रयोग गर्छन्। डब्लुएचओको दक्षिण-पूर्वी एसिया क्षेत्रमा मात्र करिब ३२ करोड २० लाख वयस्क र ८६ लाख किशोर-किशोरीले यस्ता पदार्थ प्रयोग गर्ने गरेका छन्। साथै, २८ करोड ८० लाखभन्दा बढी मानिसले धुवाँरहित सुर्तीजन्य पदार्थ सेवन गर्छन्, जुन विश्वव्यापी भारको करिब ८० प्रतिशत हो।

यस वर्षको विश्व सुर्तीजन्य पदार्थ नियन्त्रण दिवस 'आकर्षणको मुखुन्डो उतारौं : निकोटिन र सुर्तीको लतविरुद्ध प्रतिकार गरौं' भन्ने नाराका साथ मनाइँदै छ। यसले सुर्ती तथा निकोटिन उद्योगले युवाहरूलाई लक्षित गर्दै आफ्ना उत्पादन आकर्षक ढंगले डिजाइन र बजारमा प्रवर्द्धन गरी उनीहरूलाई लतको चक्रमा फसाइरहेको विषय उजागर गरेको छ। डब्लुएचओका अनुसार एक समय विश्वमै सुर्ती सेवनको सबैभन्दा उच्च भार रहेको दक्षिण-पूर्वी एसिया क्षेत्रमा पछिल्ला वर्षहरूमा उल्लेखनीय सुधार भएको छ। सन् २००० देखि २०२४ सम्म वयस्क पुरुषमा सुर्ती सेवनको दर ७०.१ प्रतिशतबाट घटेर ३७.४ प्रतिशतमा झरेको छ भने महिलामा ३८ प्रतिशतबाट ९.३ प्रतिशतमा सीमित भएको छ।

यस प्रगतिसँगै दक्षिण-पूर्वी एसिया क्षेत्र सन् २०१० देखि २०२५ सम्म वयस्क सुर्ती सेवनमा ४० प्रतिशत सापेक्ष कमी ल्याउने लक्ष्य राखिएको छ। यो रोगसम्बन्धी विश्वव्यापी कार्ययोजनाले तय गरेको ३० प्रतिशत लक्ष्यभन्दा माथिको उपलब्धि हो, जुन लक्ष्य यस क्षेत्रले सन् २०२१ मै हासिल गरिसकेको छ।

डब्लुएचओले सन् २०१० देखि २०२५ को अवधिमा विश्वभर सुर्ती प्रयोगकर्ताको संख्या १२ करोडले घट्ने अनुमान गरेको छ, जसको आधाभन्दा बढी योगदान दक्षिण-पूर्वी एसिया क्षेत्रबाट हुने अपेक्षा गरिएको छ। यसैबिच माल्दिभ्सले विश्वमै पहिलोपटक पुस्तान्तरणीय सुर्ती प्रतिबन्ध लागू गर्ने कानुन पारित गर्दै विश्वव्यापी सुर्ती नियन्त्रणमा नयाँ उदाहरण प्रस्तुत गरेको छ।

डब्लुएचओले यी उपलब्धिहरूको आधार 'विश्व स्वास्थ्य संगठन सुर्ती नियन्त्रण रूपरेखा महासन्धि' (एफसिटिसी) र त्यसअन्तर्गत लागू गरिएको 'एमपावर' रणनीतिलाई मानेको छ। विश्वकै पहिलो सार्वजनिक स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि मानिने एफसिटिसीले सुर्ती नियन्त्रणका लागि कानुनी आधार प्रदान गर्छ। एमपावर रणनीतिले सुर्ती प्रयोगको निगरानी, धुवाँबाट संरक्षण, लत त्याग्न सहयोग, जोखिमबारे चेतावनी, विज्ञापन नियन्त्रण तथा करवृद्धिजस्ता प्रभावकारी उपायहरूलाई कार्यान्वयनमा जोड दिएको छ।

यद्यपि, डब्लुएचओले सुर्ती नियन्त्रणमा प्राप्त उपलब्धि अझै जोखिममा रहेको चेतावनी दिएको छ। सुर्तीजन्य उत्पादनमाथि कडा नियमन बढेसँगै उद्योगहरूले इलेक्ट्रोनिक चुरोट, निकोटिन पाउच तथा कृत्रिम निकोटिनयुक्त उपकरणलाई नयाँ विकल्पका रूपमा आक्रामक ढंगले बजारमा ल्याइरहेका छन्। स्वादयुक्त उत्पादन, डिजिटल विज्ञापन र सामाजिक सञ्जालमार्फत गरिने प्रचार-प्रसार युवालाई लक्षित गर्ने प्रमुख रणनीति बनेको डब्लुएचओको भनाइ छ।

डब्लुएचओको रणनीतिअनुसार सुर्तीजन्य पदार्थको उपभोग न्यूनीकरण गर्न कुल करको हिस्सा खुद्रा मूल्यको कम्तीमा ७५ प्रतिशत हुनैपर्छ। यसअघि प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति डा. ओजस्वी शेरचनसहित ३० जना सांसदले बुधबार अर्थमन्त्रीलाई ७५ प्रतिशतसम्म कर वृद्धि गर्न सुझाव दिएका थिए।

बजेटबाट के पायो ऊर्जा क्षेत्रले ?

ऊर्जा क्षेत्रका सरोकारवालाले वर्षौंदेखि उठाउँदै आएका विषयलाई समेट्ने प्रयास गरेको हुनाले यसलाई ऊर्जा क्षेत्रमैत्री बजेट भन्न सकिन्छ



● अर्जुनकुमार गौतम

अग्रलेख

नेपालको अर्थतन्त्रमा जलविद्युत् तथा नविकरणीय ऊर्जाको प्रवर्द्धनलाई विकासको प्रमुख संवाहकका रूपमा हेरिँदै आएको छ। जलस्रोतको प्रचुर उपलब्धता र सम्भावना, स्वच्छ ऊर्जाको विश्वव्यापी माग, बढ्दो क्षेत्रीय ऊर्जा व्यापार तथा हरित अर्थतन्त्रतर्फको विश्वव्यापी संक्रमणले नेपाललाई नविकरणीय ऊर्जाको क्षेत्रीय बजारमा मजबुत उपस्थिति जनाउने अवसर दिएको छ। यद्यपि यो सम्भावनालाई र उपलब्धिमा रूपान्तरण गर्न नसकिएको विगतको अनुभवले देखाएको छ। यसमा अनेक नीतिगत, संरचनागत तथा व्यवस्थापकीय चुनौती विद्यमान छन्। यस्ता चुनौतीपूर्ण परिस्थितिबिच अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको आर्थिक वर्ष ०८३/८४ को बजेटले ऊर्जा क्षेत्रलाई केन्द्रमा राखेर नीतिगत सुधार, संरचनागत रूपान्तरण, लगानीमा नवीनतम वित्तीय उपकरणको विकास, निजी क्षेत्रको सहभागिता र लगानीलाई प्रोत्साहन, ऊर्जा उपभोग विस्तार तथा ऊर्जा क्षेत्रमा विकास भएका पछिल्ला प्रविधि र सम्भावना उपयोगजस्ता ऊर्जा क्षेत्रको समग्र सुधारका लागि अत्यावश्यक तर महत्त्वाकांक्षी कार्यक्रम अघि सारेको छ।

समग्रमा, बजेट ऊर्जा क्षेत्रमा केवल नयाँ आयोजना घोषणा गर्ने परम्परागत शैलीभन्दा केही फरक देखिन्छ। बजेटले आयोजनाको प्राथमिकतामा भन्दा बढी नीतिगत तथा संरचनागत सुधारमा जोड दिएको छ। तसर्थ, यो बजेटलाई ऊर्जा क्षेत्रका लागि अवसर र अपेक्षाको दस्तावेजका रूपमा हेर्न सकिन्छ। बजेटको सबैभन्दा दूरगामी प्रभाव पार्ने विषय नेपाल विद्युत् प्राधिकरणको पुनर्संरचनासम्बन्धी घोषणा हो। सरकारले विद्युत् उत्पादन, प्रसारण तथा वितरण एवं व्यापारलाई छुट्टाछुट्टै कम्पनीमार्फत सञ्चालन गर्ने नीति अघि सारेको छ।


यो विषय नयाँ भने होइन। विद्युत् प्राधिकरण पुनर्संरचनाको विषयमा विगत तीन दशकदेखि नै बहस हुँदै आएको छ। सरकारका नीतिगत दस्तावेज, दातृ निकायका अध्ययन प्रतिवेदन, ऊर्जा क्षेत्रका विज्ञको सुझाव तथा ऊर्जासम्बन्धी सार्वजनिक मञ्चमा विगत तीन दशकदेखि प्राधिकरणको 'अनबन्डलिङ'को चर्चा हुँदै आएको थियो। सरकारले आर्थिक वर्ष ०७३/७४ मा विद्युत् प्राधिकरणको पुनर्संरचना गर्ने उद्देश्यले विद्युत् उत्पादन, प्रसारण तथा व्यापारका लागि तीन विशिष्टीकृत कम्पनी स्थापना गरेको थियो। तर, राजनीतिक इच्छाशक्तिको अभाव, संस्थागत प्रतिरोध र व्यवस्थापकीय जटिलताका कारण यो कार्यान्वयनमा जान सकेको थिएन। ऊर्जा क्षेत्रको अन्तर्राष्ट्रिय अनुभव हेर्दा उत्पादन, प्रसारण र वितरणलाई अलग-अलग संस्थागत संरचनामा सञ्चालन गर्दा पारदर्शिता, लागत प्रभावकारिता, कार्यकुशलता तथा प्रतिस्पर्धात्मकता बढ्ने देखिएको छ। भारत, बेलायतलगायत मुलुकले विद्युत् प्रणालीमा यस्तै ढाँचा अवलम्बन गरेका छन्।

सरकारले बजेटमार्फत अघि सारेको विद्युत् प्राधिकरणको विभक्तीकरण योजना रणनीतिक महत्त्वको छ। यसको कार्यान्वयन हुन सके नेपालको ऊर्जाका क्षेत्रमा महत्त्वपूर्ण संरचनागत रूपान्तरण हुने निश्चित छ। तर, यसको कार्यान्वयन पक्ष त्यति सहज र सरल भने छैन। विद्युत् प्राधिकरण केवल ऊर्जा कम्पनी मात्र होइन, राष्ट्रिय विद्युत् प्रणालीको मेरुदण्ड हो। तसर्थ, पुनर्संरचना प्रक्रियामा पर्याप्त तयारी, स्पष्ट कानुनी आधार, व्यापक छलफल तथा राजनीतिक सहमतिसाथ अघि बढ्नुपर्ने हुन्छ। अन्यथा, रूपान्तरण र सुधारको लक्ष्य पूरा हुनेभन्दा बढी संस्थागत अन्योल सिर्जना हुने जोखिम रहन्छ।

बजेटको अर्को उल्लेखनीय पक्ष निजी ऊर्जा उद्यमीका अधिकांश माग र स्वाभाविक अपेक्षालाई नीतिगत रूपमा सम्बोधन गर्नु हो। निर्माण प्रारम्भ नभएका आयोजनाको अनुमतिपत्र खारेज गरी पुनः विद्युत् खरिद सम्झौता गर्ने, दश मेगावाटभन्दा कम क्षमताका आयोजनाको तत्काल विद्युत् खरिद सम्झौता गर्ने, जलविद्युत् आयोजना हस्तान्तरण हुँदा वन जग्गाको भोगाधिकार तथा रुख कटान शुल्क समायोजन गरिने विषयले निजी क्षेत्रमा सकारात्मक सन्देश प्रवाह भएको छ। यसैगरी, निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा विद्युत् व्यापार गर्न दिने, निजी क्षेत्रले प्रसारण लाइन निर्माण गरी 'ह्विलिङ चार्ज' लिएर विद्युत् व्यापार गर्न पाउने, जलविद्युत् क्षेत्रमा दीर्घकालीन स्थिर ब्याजदरमा कर्जा प्रवाह गर्ने नीति लिइने, ऊर्जा, वन, वातावरण र पूर्वाधारसम्बन्धी कानुनबिचको असंगति हटाउने विषय विगतदेखि नै ऊर्जा उद्यमीले उठाउँदै आएका थिए। यस्ता नीतिगत सुधारका विषय कार्यान्वयनबाट निजी क्षेत्रको मनोबल बढ्ने निश्चित छ।

नेपालको ऊर्जा क्षेत्रको इतिहासमा सबैभन्दा धेरै चर्चा र कम प्रगति भएको आयोजना सम्भवतः एक हजार २०० मेगावाट क्षमताको बुढीगण्डकी जलाशययुक्त आयोजना हो। सरकारका नीति तथा कार्यक्रम एवं आवधिक योजनामा यस आयोजनाले प्राथमिकता पाएको भए पनि पटकपटक परिवर्तन हुने सरकारका फरकफरक निर्णय, निर्माण तथा वित्तीय ढाँचामा अस्पष्टता, आयोजनाको प्राविधिक पक्षमा विज्ञको फरक-फरक धारणालगायत अन्योलबिच यो आयोजना चार दशकदेखि अल्झिरहेको थियो। तीन वर्षअघि कम्पनी ढाँचामा आयोजना निर्माण गर्ने गरी नेपाल सरकारको निर्णयअनुसार नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा अलग्गै कम्पनी स्थापना गरिएको थियो। चालू आर्थिक वर्षमा नेपाल सरकारबाट यस आयोजनाको वित्तीय ढाँचा स्वीकृत भएपश्चात् आयोजनाले गति लिने अपेक्षा बढेको छ। यसैबिच, आगामी आर्थिक वर्षको बजेटमार्फत सरकारले यस आयोजनालाई साविकको कम्पनी ढाँचाको सट्टा अधिकार सम्पन्न प्राधिकरण ढाँचामा अगाडि बढाउने घोषणा गरेको छ।

आयोजनाको आकार र प्रकृति, आयोजनाको बहुआयामिक पक्ष तथा आयोजनाबाट प्राप्त हुने आर्थिक तथा सामाजिक लाभलाई दृष्टिगत गर्दा दीर्घकालीन दृष्टिकोणबाट सरकारको यस निर्णयलाई सकारात्मक मान्नुपर्छ। यसले वर्तमान सरकार यो आयोजनाप्रति सकारात्मक रहेको र आयोजना निर्माणमा प्रतिबद्ध रहेको संकेत गर्छ। तर, सरकारको निर्णयले आयोजना अर्को उल्झनमा फस्ने र निर्माणको क्रमबाट पछि धकेलिने जोखिम रहन्छ। तसर्थ, आयोजनाको वर्तमान गति र पूर्वनिर्माण चरणका कार्य अवरुद्ध हुन नदिन त्यस्ता कार्य हाललाई वर्तमान कम्पनीबाटै गर्ने गरी अधिकार सम्पन्न प्राधिकरण स्थापनाको प्रक्रिया अघि बढाउनेतर्फ सजग हुन आवश्यक छ।



जलविद्युत् लगानी तथा विकास कम्पनी (एचआइडिसिएल) लाई समान प्रकृतिको वित्तीय संस्थासँग गाभेर पूर्वाधार क्षेत्रमा लगानी गर्ने विशिष्टीकृत निकाय बनाउने घोषणा बजेटको अर्को महत्त्वपूर्ण रणनीतिक निर्णय हो। बजेटमा संस्थाको नाम उल्लेख नभए पनि नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा) सँगको सम्भावित एकीकरणका रूपमा बुझिएको छ। यो विषय तीन वर्षअघि राष्ट्र बैंकबाट जारी मौद्रिक नीतिमा समेत समावेश गरिएको थियो। तर, त्यसको कार्यान्वयन अघि बढेको थिएन। यसपटक सरकारको वित्तनीतिमै समावेश भएकाले कार्यान्वयनको सम्भावना बढी देखिन्छ।

विभिन्न वित्तीय उपकरणका माध्यमबाट दीर्घकालीन वित्तीय स्रोत परिचालन गरी नेपालमा ऊर्जा तथा पूर्वाधार क्षेत्रमा लगानी गर्ने ठुलो पुँजी आधारसहितको विशिष्टीकृत वित्तीय संस्थाको स्थापना गर्ने सोचअनुरूप जलविद्युत् लगानी तथा विकास कम्पनी (एचआइडिसिएल) र निफ्रा स्थापना गरिएको हो। यी दुई निकायको प्रकृति, स्वरूप र कार्यादेशमा केही विभिन्नता भए पनि एउटै अवधारणा र सोचअनुरूप स्थापना गरिएका हुन्। तर, यी दुवैले अपेक्षाअनुरूप प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको प्रस्ट छ। यसमा नीतिगत, व्यवस्थापकीय र नियामकीय पक्ष एवं स्रोत परिचालन तथा लगानीको समग्र वातावरण जिम्मेवार छन्।

दुई निकायलाई एक-आपसमा गाभेर एउटै बनाउँदैमा त्यसपछि बन्ने संरचना प्रभावकारी र उद्देश्यमूलक हुन्छ भन्न कठिन छ। तसर्थ, एकीकरणपछि बन्ने नयाँ निकायको स्वामित्व संरचना तथा शासकीय ढाँचा, कार्यक्षेत्र र अधिकार, नियामकीय पक्ष, संस्थागत संस्कृतिको समायोजन आदि विषयमा पर्याप्त गृहकार्य गरी प्रस्ट दृष्टिकोणको विकास गर्न आवश्यक हुन्छ। अन्यथा, यो निर्णय प्रत्युत्पादक हुन सक्छ। यसका साथै सरकारले अघि बढाएको प्रस्तावित वैकल्पिक विकास वित्त परिचानल ऐनबमोजिम स्थापना हुने वैकल्पिक विकास वित्त कोष र यी दुई कम्पनीको एकीकरणपछि कायम हुने कार्य क्षेत्र र भूमिकामा पनि दोहोरोपना नहुने गरी प्रस्ट हुन आवश्यक छ।

> बजेट ऊर्जा क्षेत्रमा केवल नयाँ आयोजना घोषणा गर्ने परम्परागत शैलीभन्दा केही फरक देखिन्छ। बजेटले आयोजनाको प्राथमिकतामा भन्दा बढी नीतिगत तथा संरचनागत सुधारमा जोड दिएको छ।

ऊर्जा क्षेत्रलाई भविष्यको प्रविधिसँग जोड्ने दृष्टिले पनि यो बजेट उल्लेखनीय छ। हेटौंडामा २.५ मेगावाट क्षमताको ग्रिन हाइड्रोजन प्लान्ट स्थापना गर्ने तथा काठमाडौं उपत्यकामा १०० मेगावाटको ब्याट्री ऊर्जा भण्डारण प्रणाली सुरु गर्ने कार्यक्रमले नेपालको ऊर्जा नीतिमा नयाँ आयाम थपेको छ। विश्वभर नविकरणीय ऊर्जाको बढ्दो प्रयोगसँगै ऊर्जा भण्डारण र हरित हाइड्रोजनलाई भविष्यको ऊर्जा समाधानका रूपमा हेरिएको छ। नेपालको ऊर्जा सम्मिश्रण अत्यन्त कमजोर छ। वर्षायाममा विद्युत् अधिक हुने र सुक्खायाममा अभाव हुने संरचनात्मक समस्या विद्यमान छ। ब्याट्री भण्डारण प्रणालीले यस समस्यालाई आंशिक रूपमा सम्बोधन गर्न सक्छ। त्यस्तै, ग्रिन हाइड्रोजन उत्पादनले भविष्यमा यातायात, मल उद्योग तथा निर्यातमुखी औद्योगिक विकासका नयाँ अवसर सिर्जना गर्न सक्छ।

नेपाल अहिले विद्युत् उत्पादनभन्दा बजार अभावको चुनौतीतर्फ उन्मुख हुँदै छ। आगामी केही वर्षभित्र हजारौं मेगावाट विद्युत् थपिने अवस्थामा घरेलु बजार विस्तार अपरिहार्य छ। यस यथार्थलाई बुझ्दै सरकारले घरायसी विद्युतीय उपकरणलाई हायर पर्चेज प्रणालीमार्फत खरिद गर्न सकिने व्यवस्था, औद्योगिक क्षेत्रका लागि डिमान्ड शुल्क पुनरावलोकन तथा महसुल छुटजस्ता कार्यक्रम ल्याएको छ। यसले विद्युतीकरण, औद्योगिकीकरण तथा विद्युतीय उपकरणको प्रयोग बढाउन सहयोग पुऱ्याउन सक्छ। तथापि, विद्युत् खपत बढाउन यो प्रयास पर्याप्त हुँदैन। बजेटका सकारात्मक पक्षबिच केही नीतिगत विरोधाभास पनि देखिन्छन्। सरकारले एकातिर विद्युत् खपत बढाउने लक्ष्य राखेको छ भने अर्कातर्फ ५० युनिटभन्दा बढी विद्युत् खपतमा मूल्य अभिवृद्धि कर लगाउने व्यवस्था गरेको छ। ऊर्जा संक्रमणको चरणमा विद्युत्लाई विलासिताको वस्तु होइन, हरित अर्थतन्त्र विकासको साधनका रूपमा हेर्नुपर्ने हुन्छ। विद्युतीय सवारीसाधन तथा खाना पकाउने विद्युतीय उपकरणको प्रयोग बढाउन खोजिएको वर्तमान अवस्थामा थप करको व्यवस्थाले केही हदसम्म नकारात्मक सन्देश र परिणाम दिन सक्छ। यस विषयमा सरकारले भविष्यमा थप पुनरावलोकन गर्नुपर्ने देखिन्छ। सुक्खायाममा घटाघटमा विद्युत् खरिद दर निर्धारण गरी खरिद सम्झौता गर्ने व्यवस्थाको कार्यान्वयन पक्ष जटिल हुन सक्छ।

ठुला तथा जलाशययुक्त आयोजनाको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्न प्रवर्द्धकले शतप्रतिशत लगानी गर्ने सुनिश्चित गरेमा पहिलो वर्ष नै ४० प्रतिशतसम्म सेयर सर्वसाधारणलाई बिक्री गर्न दिने नीति कार्यान्वयनमा जटिलता आउन सक्छ। जलाशययुक्त आयोजनामा प्रतिफल प्राप्त गर्न लामो समय लाग्ने भएकाले यस्तो लगानी जोखिमपूर्ण र लगानीकर्तामैत्री नहुन सक्छ। ऊर्जा क्षेत्रमा समावेश गरिएका संरचनागत तथा नीतिगत सुधारका योजना एक दशकपश्चात् विद्युत्जडित क्षमता ३० हजार मेगावाट पुऱ्याउने लक्ष्य पूरा गर्न पर्याप्त दैखिँदैन। तसर्थ, बजेटमा समावेश भएकाबाहेक सुधारका अन्य विषय पहिचान गरी क्रमशः कार्यान्वयन गर्दै लैजानुपर्ने हुन सक्छ।

समग्रमा, आर्थिक वर्ष ०८३/८४ को बजेटले ऊर्जा क्षेत्रलाई केवल उत्पादन वृद्धि मात्र होइन, संरचनात्मक रूपान्तरणको दिशातर्फ अघि बढाउने प्रयास गरेको छ। प्राधिकरण पुनर्संरचना, निजी क्षेत्रको सहभागिता विस्तार, बुढीगण्डकी आयोजना नयाँ ढाँचामा निर्माण, एचआइडिसिएलको पुनर्गठन, ग्रिन हाइड्रोजन, ब्याट्री भण्डारण तथा विद्युत् व्यापारका नीतिले ऊर्जा क्षेत्रलाई नयाँ चरणमा प्रवेश गराउने सम्भावना बोकेका छन्। ऊर्जा क्षेत्रका अधिकांश सरोकारवालाले वर्षौंदेखि उठाउँदै आएका विषयलाई यस बजेटले समेट्ने प्रयास गरेको छ। त्यसैले, यसलाई ऊर्जा क्षेत्रमैत्री बजेट भन्न सकिन्छ। तर, घोषणाभन्दा कार्यान्वयन पक्ष चुनौतीपूर्ण हुने विगतको अनुभवले देखाएको छ। यदि सरकारले प्रस्तुत सुधार कार्यक्रमलाई दृढ राजनीतिक प्रतिबद्धता, संस्थागत क्षमता र प्रभावकारी कार्यान्वयनमार्फत अघि बढाउन सक्यो भने यो बजेट नेपालको ऊर्जा इतिहासमा एउटा महत्त्वपूर्ण मोड साबित हुनेछ। अन्यथा, विगतको जस्तै महत्त्वाकांक्षी घोषणापत्रको सूचीमा सीमित रहनेछ। नेपाल सरकारले प्रस्तुत गरेको यो बजेटबाट ऊर्जा क्षेत्रले धेरै कुरा पाएको छ। अब हेर्न बाँकी छ, सरकारले ती वाचा कति पूरा गर्छ ?

(गौतम हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)का पूर्वप्रमुख कार्यकारी अधिकृत हुन्)

---

३ प्रश्न

शिक्षाविद्
प्राडा विद्यानाथ कोइरालालाई



नयाँ बजेटले शिक्षा क्षेत्रलाई कसरी हेरेको देख्नुभयो ?

चालू आवमा भन्दा पनि आगामी आवको शिक्षा क्षेत्रको बजेट घट्नुलाई राम्रो मान्न सकिन्न। हाम्रो उठ्नुपर्ने राजस्व करिब १२ खर्ब हाराहारी र राज्यले तिर्नुपर्ने तलब, भत्ता, पेन्सन, ऋणको साँवाब्याज आदि नै १३ खर्ब हाराहारी रहेछ। राजस्वले चालू खर्च नै नधान्ने अवस्थामा राज्यले शिक्षा क्षेत्रको बजेटचाहिँ कसरी बढाओस् त ? हाम्रो विकास खर्च जम्मा चार खर्ब हाराहारी छ। त्यही बजेट पनि पूरै खर्च हुँदैन। शिक्षा क्षेत्रमा प्रतिविद्यार्थी लागत बढिरहेको छ। हाम्रो राज्यको खर्च गर्ने सामर्थ्यले त्यसलाई थेग्न सक्ने अवस्था छैन। यस्तो अवस्थामा शिक्षा क्षेत्रको बजेट किन बढेन भनेर राज्यलाई सोध्नुको के नै अर्थ हुन्छ र ?

शिक्षा क्षेत्रका चुनौती सम्बोधन गर्न पर्याप्त छ त यो बजेट ?

यो बजेटले शिक्षा क्षेत्रको सुधारमा खासै चासो दिएको छैन। बजेट शिक्षकको क्षमता वृद्धि गर्ने दिशामा केन्द्रित हुनुपर्थ्यो। तर, बजेट भने शिक्षकको तलब वृद्धिमा मात्र सीमित छ। तलब बढ्दैमा शिक्षकको क्षमतामा सुधार आउँदैन। त्यसैले, यो बजेटले शिक्षा क्षेत्रका चुनौती सम्बोधन गर्ने आशा गर्न सकिन्न।

शिक्षा क्षेत्रलाई सुधार गर्न राज्यले बजेटमार्फत के-के गर्न सक्नुपर्थ्यो ?

हाम्रो शिक्षा क्षेत्रको सबैभन्दा ठुलो चुनौती भनेकै सयौं विद्यालयमा शिक्षकभन्दा विद्यार्थी कम हुनु हो। त्यस्ता विद्यालय पहिचान गरी मर्ज गर्नुको विकल्प छैन। तर, सरकारले मर्ज गर्ने भन्दा विरोध होला, अप्ठ्यारो होला भनेर 'म्यापिङ' गर्ने भनेको छ। विद्यालय तहको शिक्षा सुधार्न राज्यले बजेटमार्फत विद्यालय मर्ज गर्ने, शिक्षकको क्षमता अभिवृद्धि गर्नेलगायत काममा ध्यान दिनुपर्थ्यो। तर, बजेट त्यस दिशामा गएको देखिएन।

प्रेरक प्रसंग

धावक चिकित्सक

डा. रोजर ब्यानिस्टरको जन्म सन् १९२९ मा बेलायतमा भएको थियो। चर्चित स्नायु विशेषज्ञ भएर पनि उनी थोरै फुर्सद पाउनासाथ दौडिने अभ्यासमा जुटिहाल्थे। त्यतिखेरसम्म बेलायतका कुनै पनि तीव्र गतिका धावकले एक माइल लामो दौड चार मिनेटभन्दा कम समयमा पूरा गर्न सकेका थिएनन्। जब उनले आफ्ना मित्रबाट यस विषयमा सुने, तब उनले नियमित अभ्यासबाट यो समय कम गर्न असम्भव नभएको प्रतिक्रिया जनाउँदै भने- निरन्तर कोसिस जारी राख्ने हो भने केही पनि असम्भव छैन।

उनीहरूबिच कुराकानी हुँदै गर्दा त्यहाँ अर्का एक चिकित्सक पनि थिए। उनले डा. रोजरसित भने- डाक्टर साब, मानिसमा त्यति तेज गतिमा दौडिने शक्ति नै हुँदैन। त्यसैले, यसमा अभ्यासको कुनै भूमिका हुँदैन। डा. रोजरले भने- तपाईंहरू मलाई केही समय दिनुहोस्, म चार मिनेटभन्दा कम समयमा एक माइल दौड पूरा गरेर देखाउनेछु।

त्यसपछि डा. रोजर दौडको अभ्यासमा जुटे भने उनका मित्र त्यस दिनको प्रतीक्षा गर्न थाले। रातदिन फुर्सदको समयमा अभ्यास गर्दागर्दै डा. रोजर एक कुशल धावक बनिसकेका थिए। अन्त्यमा उनको परीक्षाको घडी आइपुग्यो। उनका साथी पनि यस दिनको तीव्र प्रतीक्षामा थिए भने उनी स्वयं पनि आफ्नो बोली प्रमाणित गरेर इतिहास रच्न आतुर थिए। दौड सुरु भयो। डा. रोजरले निर्धारित एक माइलको दूरी तीन मिनेट ५९ दशमलव चार सेकेन्डमा पूरा गरेर आफूले भनेको कुरा सिद्ध गरिछाडे।

डा. रोजरको यो क्षमता यतिमै मात्र सीमित रहेन। उनले सन् १९५२ मा फिनल्यान्डको राजधानी हेलसिन्कीमा आयोजित ओलम्पिक खेलमा बेलायतका तर्फबाट सहभागी भई स्वर्ण पदक हात पारे। आखिर निरन्तरको लगन र इच्छाशक्ति नै सफलताको सूत्र हो भनेर उनले संसारसामु प्रमाणित गरेर देखाए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यसो गरे कसो होला ?

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार गरेको बजेट भाषणमा ज्येष्ठ नागरिकलाई दिइँदै आएको भत्तामा 'सक्नेले छाड्ने' नीति लिइने दाबी गरेको रहेछ। तर, यहाँ ज्येष्ठ नागरिक भत्ता बुझ्ने कसले आफूले 'सक्ने' दाबी गरेर छाड्ला र ? बरु सरकारले जसले ज्येष्ठ नागरिक भत्ता छाड्छ, उसको परिवारका सम्पूर्ण सदस्यको प्रतिव्यक्ति पाँच लाखका दरले सरकारका तर्फबाट स्वास्थ्यबिमा गरिदिने व्यवस्था गरे छाड्न सक्नेले छाड्थे कि ? नत्र त राज्यकोषबाट सित्तैंमा पाइरहेको सुविधा छाड्न को नै तयार होलान् र ? के सरकारले गर्न सक्ला त यत्ति काम ?

● **पुण्यशिला चपाईं**, चिप्लेढुंगा, पोखरा

बिजुलीमा किन लगाइयो भ्याट ?

सरकारले ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने गरिब तथा निम्नवर्गीय ग्राहकलाई बिजुलीमा भ्याट लगाउने निर्णय गरेछ। सरकार, अर्बौंको बक्यौता विद्युत् महसुल उठाउन सक्दैन, ठुला ग्राहकबाट सामान्य र नियमित महसुलसमेत असुल्न डराउने सरकारले हामी गरिब जनतालाई चाहिँ के गर्न खोजेको हो ? के हामीले बालेको दुई-चार युनिट बिजुलीमा भ्याट लगाएर सरकारको खर्च उठ्छ हो ? के हामीमाथि भ्याट नलगाई राज्य नै चल्दैन हो ?

● **कोपिला महर्जन**, कीर्तिपुर, काठमाडौं

गम्भीरतासाथ छानबिन गरियोस्

सरकारले गठन गरेको सम्पत्ति छानबिन आयोगमा एकपछि अर्को उजुरी आइरहेको र कैयौंले सम्पत्ति विवरण बुझाएको पनि थाहा भयो। साथै, सम्पत्ति छानबिनको दायरामा परेकाजति सबैलाई १२ पेजको सम्पत्ति विवरण फारम उपलब्ध गराएको पनि समाचारबाट थाहा भयो। तर, फारम लेनदेनले मात्र पुग्दैन। यस विषयमा छानबिनको दायरामा परेजति सबैका विवरण लिई उनीहरूमाथि गम्भीरतापूर्वक छानबिन गरिनुपर्छ। आयोगले दायाँबायाँ कतै नझुकी छानबिन पूरा गर्नुपर्छ।

● **अच्युत सिम्खडा**, खरिपाटी, भक्तपुर

बजेटले गरिबलाई के दियो ?

बजेटपछि कर्मचारीको तलब बढ्यो, व्यापारीलाई व्यापार गर्ने वातावरण बन्यो, तर गरिब जनतालाई यो बजेटले के दियो ? बत्तीको ५० युनिटभन्दा माथि भ्याट लाग्ने भयो, यसले को मारमा पऱ्यो ? अहिले हरेक निम्नवर्गीय परिवारले ग्यासको विकल्पमा बिजुली प्रयोग गरिरहेका छन्, तर सरकारले बिजुली बत्तीमै भ्याट लगाउने निर्णय गर्नु गलत हो। अर्को कुरा, स्वाथ्योपचारमै सरकारले कर बढायो, यसले कसलाई मार पऱ्यो ? उसै त उपचार गर्न नसकिने थियो निजी अस्पतालमा, अब झन् कति बढ्ने हो। सरकारी अस्पतालमा उपचार पाइँदैन, निजीमा उपचार गर्न सकिँदैन। अनि सर्वसाधारणले के गरी बाँच्ने ? महँगीले आकाश छोएको छ। बजेट बनाउँदा हुनेखानेलाई हेरेर बनाउँछन्, अनि सर्वसाधारणलाई राहत कसरी मिल्छ ? हरेक सरकारले यही गरेको थियो, यो सरकारले पनि यही गऱ्यो, धन्यवाद। प्रतिपक्षीले विरोध गर्नु स्वाभाविक हो, उनीहरूको धर्म नै विरोध गर्नु हो। तर, यो बजेट सर्वसाधारण र निम्नवर्गीय नागरिकका लागि नभएकोचाहिँ सत्य हो।

विज्ञले महिनौं अनुसन्धान गरेर बनाएको बजेटको आलोचना गरेको होइन, तैपनि गरिब जनताको विषयमा अर्थमन्त्रीले किन सोच्न सकेनन् ? काम गर्न कर्मचारीलाई महँगी भत्ता दिइन्छ भने गरिब जनतालाई चाहिँ महँगीले छुँदैन ? जुन सरकार आए पनि गरिब जनताको सरकार बन्न नसक्नु दुःखलाग्दो कुरा हो। कर्मचारीको तलब बढाउनुभन्दा त बरु महँगी नियन्त्रण गरेको भए सबैलाई राहत मिल्थ्यो होला नि।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

बजेट : रूपान्तरणको मार्गचित्र कि ऋणको महत्त्वाकांक्षी भारी ?

उच्च चालू खर्च, न्यून पुँजीगत लगानी र ऋणमाथिको उच्च निर्भरताले बजेटको सफल कार्यान्वयनमाथि ठुलो प्रश्न खडा गरेको छ



● धर्मराज तिमिल्सिना

बजेट केवल अहंको जोड-घटाउ मात्र नभई सरकारको राजनीतिक दर्शन र आर्थिक दिशाको ऐना पनि हो। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेद्वारा संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत आर्थिक वर्ष ०८३/८४ को बजेटले परम्परागत आर्थिक ढर्रालाई तोड्दै 'डिजिटल रूपान्तरण' र 'एआई युग'को एउटा महत्त्वाकांक्षी सपना देखाएको छ। ७५ वर्षअघि सुवर्णशमशेरले सुरु गरेको बजेट प्रणालीको जगमा उभिएर ल्याइएको यस दस्तावेजले एकातिर मध्यम वर्गलाई राहत दिने प्रयास गरेको छ भने अर्कातिर मुलुकको जर्जर आर्थिक संरचना र बढ्दो ऋणको बोझलाई पनि उजागर गरेको छ।

सर्वसाधारणलाई राहत र आशाका किरण : यो बजेटले मध्यमवर्गीय र निम्न आय भएका नागरिकका लागि केही लोकप्रिय र राहतमुखी कार्यक्रम समेटेको छ। सबैभन्दा ठुलो राहत आयकरको सीमामा वृद्धिमार्फत दिइएको छ। व्यक्तिगत आयकर छुटको सीमालाई दोब्बर बनाउँदै १० लाख पुऱ्याइनु र अधिकतम करको दरमा १० प्रतिशत बिन्दुले कटौती गरिनुले निश्चित आय भएका कर्मचारी र साना व्यवसायीको हातमा बचत बढ्ने निश्चित छ।

यस्तै, उपभोक्ताका लागि डिजिटल भुक्तानी गर्दा वीजक जारी भएकै बखत १० प्रतिशत मूल्य अभिवृद्धि कर फिर्ता पाउने व्यवस्था अर्को आकर्षक पक्ष हो। स्वास्थ्य क्षेत्रमा बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्ने र देशभरका दलित बालबालिकाको पोषणभत्ता दोब्बर गर्ने निर्णयले सामाजिक न्यायको मर्मलाई छुन खोजेको देखिन्छ। राष्ट्रसेवकका लागि पनि औसत २१ प्रतिशतको तलब वृद्धिले महँगीको चापमा परेका कर्मचारीलाई केही राहत महसुस गराउनेछ।

संरचनागत सुधार र 'मिसन मोड'को सोच : बजेटले सरकारी संयन्त्रको 'बोझिलो' संरचना हटाउन ३१ वटा निकाय खारेज गर्ने, ६ वटालाई गाभ्ने र १८ वटाको पुनर्संरचना गर्ने साहसिक प्रस्ताव अघि सारेको छ। 'लगानी एक्सप्रेस'को अवधारणा र आयोजनालाई 'मिसन मोड'मा कार्यान्वयन गर्ने सोचले पुँजीगत खर्च बढाउने लक्ष्य राखेको छ। नेपाललाई एआई युगमा प्रवेश गराउन स्युचाटारमा सार्वभौम एआई कम्प्युट केन्द्र स्थापना गर्ने र सूचना प्रविधि क्षेत्रलाई नयाँ आर्थिक इन्जिनका रूपमा विकास गर्न ५० प्रतिशत कर छुट दिनेजस्ता प्रावधान दीर्घकालीन समृद्धिका लागि नवीन मानिएका छन्।

खर्चको संरचना र न्यून पुँजीगत बजेट : बजेटका सुन्दर पक्षका बाबजुद यसको खर्च संरचना भने पुरानै समस्याबाट ग्रस्त छ। कुल २१२४ अर्ब ३४ करोडको बजेटमध्ये झन्डै ६० प्रतिशत अर्थात् १२७० अर्ब ५८ करोड (५९.८ प्रतिशत) हिस्सा चालू खर्चका लागि मात्र छुट्याइएको छ। विकास निर्माणमा खर्च हुने पुँजीगत बजेट केवल २०.३ प्रतिशत (४३१ अर्ब १० करोड) मात्र रहनुले राज्यको ठुलो स्रोत अझै पनि प्रशासनिक र अनुत्पादक क्षेत्रमै सकिने जोखिम देखाउँछ। राजस्वले चालू खर्चसमेत धान्न धौधौ पर्ने अवस्थाले अर्थतन्त्रलाई परनिर्भर बनाइरहेको छ।

ऋणभारको गम्भीर चुनौती : बजेट वक्तव्यमा स्रोत व्यवस्थापनको पाटो चुनौतीपूर्ण देखिन्छ। कुल विनियोजनको करिब ३१ प्रतिशत अर्थात् ६५७ अर्ब २ ९ करोड ऋणबाट पूर्ति गर्ने लक्ष्य राखिएको छ। यसमा ४१० अर्ब आन्तरिक र २४७ अर्ब वैदेशिक ऋणको भार छ। सरकारले आन्तरिक बजारबाट ठुलो ऋण उठाउँदा निजी क्षेत्रले पाउने तरलतामा चाप पर्न सक्ने र ब्याजदर बढ्न सक्ने जोखिम रहन्छ।

सबैभन्दा डरलाग्दो पक्ष के छ भने आगामी वर्षमै आन्तरिक र वैदेशिक ऋणको सावाँ फिर्ताका लागि मात्र ३१८ अर्बभन्दा बढी रकम खर्च हुनेछ। यसरी ऋण लिएर ऋण तिर्ने यो चक्रले नेपाललाई 'डेब्ट ट्र्याप'तर्फ धकेलिरहेको त छैन भन्ने गम्भीर प्रश्न उब्जाएको छ। राजस्व संकलनको लक्ष्य (१४०५ अर्ब) पनि वर्तमान आर्थिक शिथिलताबिच निकै महत्त्वाकांक्षी देखिन्छ।

ओझेलमा परेका पक्ष र कार्यान्वयनको संशय : बजेटले सात प्रतिशतको आर्थिक वृद्धिको सपना देखाए पनि वर्तमानको युवा पलायन रोक्ने र स्वदेशमै ठुलो औद्योगिक रोजगारी सिर्जना गर्ने ठोस आधार पर्याप्त छैनन्। ३१ वटा निकाय खारेज गर्ने घोषणा सुन्दा जति आकर्षक छ, कर्मचारीतन्त्र र राजनीतिक इच्छाशक्तिको अभावमा यसको कार्यान्वयन त्यत्तिकै जटिल छ। त्यस्तै, बजारमा बढ्दो महँगी नियन्त्रण र बिचौलियाको अन्त्यका लागि बजेटले कुनै अल्पकालीन राहत प्याकेज ल्याउन सकेको छैन।

समग्रमा, आर्थिक वर्ष ०८३/८४ को बजेटले डिजिटल अर्थतन्त्र र संरचनागत सुधारको एउटा नयाँ प्रस्थान बिन्दु समात्न खोजेको छ। आयकरमा छुट र स्वास्थ्य सेवामा विस्तारजस्ता कदमले सर्वसाधारणको मन जित्न सक्छ। तर, उच्च चालू खर्च, न्यून पुँजीगत लगानी र ऋणमाथिको उच्च निर्भरताले यसको सफल कार्यान्वयनमाथि ठुलो प्रश्नचिह्न खडा गरेको छ। बजेटमा भनिएका संरचनागत सुधार र उत्पादनमूलक आयोजना कागजमा मात्र सीमित रहे भने सात प्रतिशतको आर्थिक वृद्धि केवल एउटा सुन्दर अंकको मृगतृष्णा मात्र साबित हुनेछ। सरकारले यो बजेटलाई केवल अर्थ-राजनीतिक दस्तावेजका रूपमा मात्र नभई जनताको भरोसाको नक्साका रूपमा इमानदारीपूर्वक कार्यान्वयन गर्नु आजको प्रमुख आवश्यकता हो।

डिजिटल दुनियाँमा मात्र खुम्चिनुहुँदैन कक्रोच जनता पार्टी

सामाजिक सञ्जालले छोटो समयमा असाधारण ध्यानाकर्षण गर्न सक्छ, तर यसलाई संगठन मान्न सकिन्न, अनलाइनमा आक्रोश व्यक्त गर्नेहरू भौतिक आन्दोलनमा सहभागी हुँदैनन्



● अशोक स्वाइन
स्वाइन स्विडेनको उप्सला विश्वविद्यालयका शान्ति र द्वन्द्व अनुसन्धान विषयका प्राध्यापक हुन्



कक्रोच जनता पार्टीको समर्थन मूलतः डिजिटल रूपमा जोडिएका सहरी युवामा केन्द्रित देखिन्छ, जो सांस्कृतिक रूपमा मिम राजनीति र अनलाइन व्यंग्यमा अभ्यस्त छन् । यसप्रति आकर्षण त बढ्दो छ, तर साँघुरो जनसांख्यिकीयमा सीमित दृश्यतालेसंरचनात्मक राजनीतिक दबाब भने बिरलै उत्पन्न गर्छ ।

भारतमा 'कक्रोच जनता पार्टी'को आश्चर्यजनक उदयले देशमा एकखालको तरंग नै ल्याएको छ । सर्वोच्च अदालतका प्रधान न्यायाधीशले देशका बेरोजगार युवालाई कक्रोच (सांग्लाजस्तो परजीवी) भनेपछि व्यंग्यात्मक प्रतिक्रियाको रूपमा सुरु भएको यो अभियान भारतीय युवाको क्रोध र निराशाको प्रतीक बन्न पुग्यो । लाखौँ भारतीयले सांग्लालाई राजनीतिक प्रणालीमा अस्तित्वको विडम्बनापूर्ण प्रतीकको रूपमा अँगाले ।

यो घटनापछाडिको क्रोध निःसन्देह वास्तविक छ । भारतमा युवा बेरोजगारी भयावह छ । हालै सम्पन्न परीक्षामा भएको चुहावटले योग्यतामा आधारित अवसरमाथिको विश्वासमै धक्का लागेको छ । बढ्दो महँगीले पहिले नै चिन्तित पुस्तालाई थप असुरक्षित बनाएको छ । यसैले अनलाइन माध्यममा चलेको यस आन्दोलनपछाडिको भावनात्मक ऊर्जा बनिबनाउ छैन । तर, यस आन्दोलन सफल होस् भन्ने चाहनाले राजनीतिक इतिहासको कठिन तर अत्यावश्यक पाठ सिक्नुपर्छ । जतिसुकै तीव्र भए पनि आक्रोश आफैँले स्वचालित रूपमा राजनीतिक रूपान्तरण निम्त्याउँदैन । भाइरल आक्रोशले धेरैको ध्यान त तान्न सक्छ, तर धेरैको ध्यान तानिएकै आधारमा कुनै आन्दोलनले राजनीतिक प्रणाली बदल्न सक्दैन ।

डिजिटल लोकप्रियता राजनीतिक शक्तिमा स्वतः परिवर्तन हुनेछ भन्ने भ्रमबाट कक्रोच जनता पार्टी माथि उठ्नुपर्छ । सामाजिक सञ्जालले छोटो समयमा असाधारण दृश्यता सिर्जना गर्न सक्छ, तर दृश्यता संगठन होइन । अर्थात्, अनलाइन आक्रोश व्यक्त गनेहरू भौतिक आन्दोलनमा सहभागी हुँदैनन् । जबसम्म अनलाइन उत्साह अनुशासित सामूहिक कार्यमा रूपान्तरण हुँदैन, तबसम्म कुनै परिवर्तन आउनेछैन ।

लगभग हरेकजसो समाजमा हरेक क्षणमा साझा क्रोध हुने गर्छ । सफलता निर्धारण उक्त सामूहिक क्रोध बलियो सामाजिक सञ्जाल, प्रभावकारी नेतृत्व, साझा राजनीतिक पहिचान, समन्वित रणनीति र राज्यमाथि निरन्तर दबाब राख्न सक्ने संगठित बलमा रूपान्तरण हुन्छ कि हुँदैन भन्ने कुराले गर्छ । कक्रोच जनता पार्टीको हकमा उल्लिखित कुनै कुरा भएको छैन । अहिले, निराशाको अत्यधिक दृश्यमान डिजिटल अभिव्यक्ति त छ, तर संगठित सामाजिक आन्दोलन उठेको छैन । जबसम्म यो मौलिक रूपमा परिवर्तन हुँदैन, कक्रोच जनता पार्टी एक छोटो साइबर लहर मात्र रहनेछ, जुन छिटै कमजोर बन्दै जाने सम्भावना छ ।

डिजिटल युगको सबैभन्दा ठुलो भ्रम हो, प्रतीकात्मक सहभागिता नै अर्थपूर्ण सहभागिताजस्तो महसुस हुनु । फलो गर्दा, मिम सेयर गर्दा, व्यंग्यात्मक टिप्पणी पोस्ट गर्दा वा ट्रेन्डिङ ह्यासट्यागमा सहभागी हुँदा त्याग वा बलिदानबिनै संलग्नताको भावना सिर्जना हुन्छ । यो भावनात्मक सन्तुष्टिले प्रायः राजनीतिक गतिविधिको भ्रम सिर्जना गर्छ । जबकि, अनलाइनमा जति नै लहर आए पनि त्यसको भौतिक असर नदेखिए अन्तर्निहित शक्ति संरचना यथावत् रहन्छ ।

वास्तविक आन्दोलनले धेरै कुराको माग गर्छ । त्यसमा सहभागीले आफ्नो आराम क्षेत्रबाट बाहिर निस्कनुपर्छ, समय दिनुपर्छ, बाटोमा आउने जोखिम स्वीकार गर्नुपर्छ र बारम्बार समन्वित सामूहिक कार्यमा भाग लिन इच्छा हुनुपर्छ । भावनात्मक अभिव्यक्ति संगठित प्रतिरोधमा रूपान्तरण हुन नसकेकै कारण अधिकांश अनलाइन अभियान हराएर जान्छन् । निश्चित रूपमा राज्यविरुद्धको सफल विरोध परिचालनमा सामाजिक सञ्जालको महत्त्वपूर्ण भूमिका हुन्छ । अरू मानिस पनि सहभागी हुन्छन् र स्थानीय सञ्जाल लामो समय टिक्छ भन्ने विश्वास दिलाउन सके मानिसहरू जोखिमपूर्ण सामूहिक कार्यमा समेत सामेल हुने मेरो अध्ययनले देखाएको छ । विश्वासको यी औपचारिक र अनौपचारिक संरचनाविना व्यापक साझा गुनासा पनि राजनीतिक रूपमा निष्क्रिय रहन्छन् ।

'कक्रोच जनता पार्टी'सँग हाल त्यही पूर्वाधारको अभाव छ । यसमा प्रभावशाली डिजिटल पहुँच त छ, तर डिजिटल पहुँच सामूहिक अवज्ञा परिचालन गर्न सक्ने सामाजिक सञ्जालजस्तो होइन । त्यही भिन्नताले बंगलादेश र नेपालसँगको भारतको अभियान तुलना किन त्रुटिपूर्ण छ ? बंगलादेशमा युवा परिचालन केवल चलाख मिम्सको कारणले सफल भएको थिएन । तिनीहरू सफल किन भए भने आयोजकहरू आन्दोलनमा भौतिक रूपमा उपस्थित भएका थिए । साथै उनीहरू विद्यार्थी सञ्जाल र स्थानीय विरोध संरचनामा गहिरो रूपमा जोडिएका थिए । सामाजिक सञ्जालले ती आन्दोलनलाई बढावा दिएको हो, तर यसले जमिनमा संगठन सक्रिय थियो ।

नेपालको युवा परिचालनमा पनि यही कुरा देखियो । त्यहाँ विरोधको सफलता स्थानीय मुद्दा उठाउने नेतृत्व, विश्वसनीय संगठनात्मक सम्बन्ध र मैदानमा भौतिक उपस्थितिमा निर्भर थियो । राजनीतिक आन्दोलनहरू तब सफल हुन्छन्, जब मानिस गुनासो रहेकै स्थानमा भेला हुन्छन्, केवल ह्यासट्याग ग्रुपमा मात्र होइन । कक्रोच जनता पार्टीको सबैभन्दा गम्भीर कमजोरी यही कुरामा देखिन्छ । र, यस आन्दोलनलाई गति दिने अभिजित दीपके अमेरिकामा छन् । भारतमा स्थापित राजनीतिक शक्तिका लागि गम्भीर चुनौती बोस्टनमा रहेका दीपकेद्वारा हुन सक्दैन । खासमा कुनै पनि प्रभावकारी आन्दोलनका परिचालनकर्ता क्याम्पस, बस्ती, समाज, कार्यस्थल र समुदायभित्र सम्मिलित हुनुपर्छ, जहाँ राजनीतिक क्रोधलाई संगठित नागरिक अभियानमा रूपान्तरण गर्न सकिन्छ ।

आन्दोलनमा निकटता निकै महत्त्वपूर्ण हुन्छ । किनभने, राजनीतिक परिचालन विश्वासमा निर्माण हुन्छ । विश्वास केवल व्यंग्यमार्फत निर्माण गर्न सकिँदैन । न त यसलाई टाढाबाट प्रतीकात्मकतामार्फत नै कायम राख्न सकिन्छ । मानिसहरू अर्को महादेशमा रहेको नेतासँग गफ गरेरभन्दा नेताहरू आफ्नै छेउमा उभिँदा जोखिम स्वीकार गर्न इच्छुक हुन्छन् । त्यसमाथि भारतमा विरोध परिचालन विशेषगरी कठिन रहन्छ । भारत लामो समयदेखि जाति, वर्ग, धर्म, भाषा, क्षेत्रीय बफादारी र पक्षपाती पहिचानद्वारा गहिरो रूपमा खण्डित देश हो । यस्तो ठाउँमा साझा निराशालाई एकीकृत प्रतिरोधमा रूपान्तरण गर्ने प्रयास आफैँमा जटिल हुन्छ ।

त्यसमाथि वर्तमान सत्तारुढ व्यवस्थाले यी विभाजनलाई विरासतमा मात्र पाएको छैन, यसलाई व्यवस्थित रूपमा थप गहिरो बनाएको छ । यसले व्यापक-आधारित सामूहिक परिचालनको सम्भावनालाई कमजोर बनाउँछ । यस्तो वातावरणमा व्यापक क्रोधलाई एकताबद्ध युवा नेतृत्वको राजनीतिक आन्दोलनमा रूपान्तरण गर्नु धेरै गाह्रो हुन्छ । यदि गर्ने नै हो भने असाधारण रूपमा परिष्कृत संगठनात्मक रणनीतिको माग गर्छ ।

बेरोजगारीप्रति साझा क्रोधले यी विभाजनलाई स्वतः मेटाउँदैन । खण्डित समाजमा मानिसले प्रायः समान समस्या अनुभव गर्दासमेत राजनीतिक रूपमा अलग रहन्छन् । किनभने, सामाजिक सीमा पार गर्न सकिन्छ भन्ने विश्वास कमजोर रहन्छ । त्यसैले, आन्दोलन परिचालनकर्ता अझ आवश्यक हुन आवश्यक हुन्छ, ताकि सक्रिय रूपमा खण्डित समुदायलाई जोड्न सकियोस् । तर, हालको कक्रोच जनता पार्टीले यस दिशामा कुनै काम गरेको छैन । यसको समर्थन मूलतः डिजिटल रूपमा जोडिएका सहरी युवामा केन्द्रित देखिन्छ, जो सांस्कृतिक रूपमा मिम राजनीति र अनलाइन व्यंग्यमा अभ्यस्त छन् । यसले दृश्यता त सिर्जना गर्छ, तर साँघुरो जनसांख्यिकीयमा सीमित दृश्यतालेबिरलै संरचनात्मक राजनीतिक दबाब उत्पन्न गर्छ ।

बेरोजगार स्नातक, परीक्षार्थी, शिक्षक, किसान, कामदार, निम्न मध्यमवर्गीय परिवार, महिला संगठन, अनौपचारिक श्रम समूह र सीमान्तकृत धार्मिक तथा जातीय समुदायसँग जोडिन सक्यो भने मात्र आन्दोलन सान्दर्भिक बन्न सक्छ । यी समुदायले भारतमा समान प्रकारका प्रणालीगत बहिष्कारको सामना गरिरहेका छन् । सामाजिक रूपमा विभाजनमा रहनुको सट्टा धेरै क्षेत्रका गुनासो एकसाथ अघि ल्याउँदा राजनीतिक प्रणालीमाथि दबाब बढ्छ ।

कक्रोच जनता पार्टी नामको अनलाइन आन्दोलनको अर्को कमजोरी भनेको रणनीतिक अस्पष्टता हो । उसो त यस्तो अस्पष्टताले सुरुमा भाइरल हुन सघाउँछ । किनभने, अस्पष्टताभित्र विभिन्न समूहले आफ्नो निराशालाई लचिलो प्रतीकमा प्रस्तुत गर्न सक्छन् । तर, सफल विरोध परिचालनलाई स्पष्टता चाहिन्छ, किनभने नागरिक ठोस, बुझ्न सकिने र व्यवहारमा उतार्न सकिने मागबरिपरि सबैभन्दा प्रभावकारी रूपमा परिचालन हुने गर्छन् ।

भ्रष्टाचार, संस्थागत अहंकार, लोकतान्त्रिक क्षय वा आर्थिक अन्यायविरुद्धको आक्रोशले व्यापक भावनात्मक सहानुभूति सिर्जना गर्न सक्छ । तर, राजनीतिक प्रतिष्ठानले अमूर्त असन्तुष्टिलाई बिरलै प्रतिक्रिया दिन्छन् । सफल आन्दोलनले स्पष्ट, ठोस र परिवर्तनकारी माग व्यक्त गरेर खण्डित समुदायलाई एकताबद्ध गर्छन् । र, त्यस एकतामार्फत सहभागीलाई साझा राजनीतिक उद्देश्य प्रदान गरेर परिभाषित उद्देश्य हासिल गर्ने दिशामा दिगो परिचालन गर्छ ।

डिजिटल पूर्वाधारमा मात्र सीमित आन्दोलनको अर्को संरचनात्मक कमजोरी यसलाई सहजै हस्तक्षेप गरेर कमजोर पार्न सकिन्छ, जुन कुरा कक्रोच जनता पार्टीको एकाउन्ट ब्लक गरेर सरकारले देखाइसकेको छ । व्यंग्यको पनि सीमा हुन्छ । हास्यव्यंग्यले शक्तिशाली तरिकाले अभिजात वर्गको अहंकारलाई उजागर गर्न सक्छ । तर, व्यंग्यले मात्र बिरलै अनुशासित राजनीतिक परिचालनलाई कायम राख्छ । आन्दोलन पुस्तागत निराशाको एक सानदार मनोरञ्जनात्मक अभिव्यक्तिमा मात्रै सीमित रहन सक्ने जोखिम छ । त्यस्तो जोखिमबाट बच्ने हो भने गम्भीर रूपान्तरणकारी शक्ति बन्ने कठिन प्रयास सुरु गर्नुपर्छ । त्यसका लागि सबैभन्दा पहिले भाइरल हुनु आफैँमा जित हो भन्ने भ्रम त्याग्न आवश्यक छ । इतिहास तब मात्र परिवर्तन हुन्छ, जब आक्रोश संगठित हुन थाल्छ ।

- द स्क्रोलबाट

इतिहासमा आज



सन् २०२१ : चीनमा जनसंख्या वृद्धिदरमा सुस्तता आउन थालेपछि सरकारले विवाहित जोडीले तीनजनासम्म बच्चा पाउन सक्ने छुट दियो ।

● **सन् १८९०** : जर्मनीको उल्ममा विश्वको सबैभन्दा अग्लो (१६१.५ मिटर अग्लो) चर्च निर्माण सम्पन्न भयो । सन् १३७७ बाट चर्च बन्न सुरु भएको थियो ।

● **सन् १९००** : चीनमा विदेशी शक्तिविरुद्ध उठेको बक्सर विद्रोह दबाउन अमेरिकी फौज बेइजिङ पुग्यो ।

● **सन् १९०२** : 'ट्रिटी अफ युनिटी'मा हस्ताक्षर भएसँगै दक्षिण अफ्रिकामा चलिरहेको 'बोअर युद्ध' अन्त्य । औपनिवेशिक शासन चलाइरहेको बेलायतले टान्सभाललाई पनि युनियन अफ साउथ अफ्रिकामा मिलायो ।

● **सन् १९१०** : बेलायतबाट युनियन अफ साउथ अफ्रिका स्वतन्त्र घोषित ।

● **सन् १९१३** : अमेरिकाको संविधानको सत्रौँ संशोधन अनुमोदन ।संशोधनले माथिल्लो सदन सिनेटका सय सिट प्रत्यक्ष निर्वाचनबाट चुन्ने प्रावधान गऱ्यो ।

● **सन् १९५५** : अन्तरिक्ष अभियान सुरु गर्ने उद्देश्यका साथ सोभियत संघले कजाकस्तानमा अन्तरिक्षयान प्रक्षेपण गर्न बैकोनुर कस्मोड्रोम निर्माण सुरु गऱ्यो ।

● **सन् २००५** : संघीय अनुसन्धान ब्युरो (एफबिआई)का वरिष्ठ अधिकारी मार्क फेल्ट वासिंटन पोस्टका पत्रकारद्वय कार्ल बर्नस्टिन र बब उडवार्डलाई वासिंटनस्थित वाटरगेट कम्प्लेक्समा रहेको डेमोक्रेटिक नेसनल कमिटीको कार्यालयमा गोप्य निगरानी भइरहेको जानकारी दिने 'डिप थ्रोट' उपनाम दिइएका स्रोत भएको सार्वजनिक ।

● **सन् २०१४** : दक्षिण कोरियाली गायक 'पिएसवाई'को गीत ग्याङ्नाम स्टाइल युट्युबमा दुई अर्ब भ्यु पाउने पहिलो भिडियो बन्यो ।

इरान-अमेरिका सम्झौता घोषणामा विलम्ब

न्युयोर्क/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध अन्त्य गर्न इरानसँगको सम्झौतामा 'अन्तिम निर्णय' गर्ने बताएका छन् । युद्ध अन्त्य गर्न अन्तर्राष्ट्रिय दबाबबिच ट्रम्पको भनाइ आएको हो । अन्तिम निर्णय गर्न दुई देशबिच सन्देश आदानप्रदान भइरहेको इरानले स्वीकार गरेको छ । इरानका विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले सन्देशको आदानप्रदान जारी रहेको र समझदारीलाई अन्तिम रूप दिइएको बताए । यसअघि, इरानका शीर्ष वार्ताकार मोहम्मद बाघेर गालिबाफले अमेरिकासँगको सम्झौता चाँडै सार्वजनिक गरिने बताएका थिए । दुवै देशले सम्झौता घोषणा गर्ने भनेर बताए पनि सार्वजनिक हुन सकेको छैन ।

राष्ट्रपति ट्रम्पले शुक्रबार इरानसँग युद्धविराम विस्तार गर्ने सम्बन्धमा 'अन्तिम निर्णय' गर्न शुक्रबार शीर्ष सहयोगीसँग बैठक गरेका थिए, तर स्पष्ट निस्कर्षविना नै यो बैठक गरे पनि त्यो निष्कर्षविना सकिएको छ । उनले इरानले कहिल्यै आणविक हतियार वा बम राख्न नपाउने, हर्मुजको जलमार्गलाई 'दुवै दिशामा विनाअवरोध पुनः खोल्न र जलमार्गमा रहेका कुनै पनि खानी 'नष्ट' गर्न सहमत हुनुपर्ने बताएका थिए । बैठक ह्वाइट हाउसको सिचुएसन रुममा भएको थियो, जुन ठुलो संकटको सामना गर्न प्रयोग गरिन्छ । अमेरिकी अधिकारीहरूका अनुसार बिहीबार दुई देशले ट्रम्प र इरानको नेतृत्वको अनुमोदनका लागि सम्झौताको ढाँचामा सहमति जनाएका थिए, जसलाई समझदारी पत्र भनिन्छ । यो सम्झौताले ६० दिनका लागि युद्धविराम लम्ब्याउने र इरानको आणविक कार्यक्रमको भविष्यमा वार्ता सुरु गर्ने बताइएको छ ।

सैन्य बलले लेबननको लिटानी नदीभन्दा बाहिर आफ्नो आक्रमणलाई अगाडि बढाएको इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले बताए । लिटानी लेबनानी-इजरायली सीमाबाट लगभग ३० किलोमिटर टाढा छ । इजरायली आक्रमणमा दर्जनौँ लेबनाली हताहत भएको रिपोर्ट छ । संयुक्त राष्ट्रसंघीय बालकोष, युनिसेफले लेबननमा एक साताको आक्रमणमा १५ बालबालिकाको मृत्यु भएको र ६२ जना घाइते भएको बताएको छ । यसले बालबालिकाको मृत्यु हुने संख्यालाई 'आश्चर्यजनक' भनेको छ ।

बेलायतमा लेबर पार्टीप्रति मुस्लिमको मोहभंगको अर्थ

दशकौँसम्म मुस्लिमको ठुलो हिस्सा बहुमत लेबर पार्टीको समावेशी, श्रमिक वर्ग समर्थक अडानका लागि बफादार रहे । तर, पश्चिममा अति दक्षिणपन्थीको उदयले लेबर पार्टीसहित सम्पूर्ण राजनीतिक परिदृश्य दक्षिणपन्थीतिर ढल्किएको छ ।



केही समयदेखि लेबर पार्टीभित्रका मुस्लिमले आफ्नो समुदायको सरोकारप्रति लेबर नेतृत्वले उदासीनता देखाएको भन्दै असन्तुष्टि पोखेका थिए । गाजा मुद्दाले मुस्लिम मतदातालाई लेबर पार्टीप्रति थप क्रुद्ध बनायो ।

बेलायतमा हालै भएको स्थानीय परिषद्को चुनाव साँच्चै महत्त्वपूर्ण थियो, किनकि निर्वाचनले बेलायतमा दुईदलीय प्रणालीको युगको अन्त्य हुँदै छ भनेर स्थापित गऱ्यो । आप्रवासीविरोधी र केहीले इस्लामविरोधी तर्क गर्ने लोकप्रियतावादी निगेल फराजको नेतृत्वमा रहेको दक्षिणपन्थी सुधार पार्टी विजेताको रूपमा देखा परेको छ । नतिजाले बेलायती प्रधानमन्त्री सर केयर स्टारमरका लागि अस्तित्वगत खतरा सिर्जना गरेको छ, उनले प्रधानमन्त्री पद गुमाउन सक्छन् । अन्य कारकका साथै स्टारमरको नेतृत्वमा रहेको लेबर पार्टीसँग ब्रिटिस मुस्लिमको मोहभंगले हालैको चुनावी असफलतामा उल्लेखनीय योगदान पुऱ्याएको छ ।

नतिजाले बेलायती राजनीतिक परिदृश्यभित्रको विभाजिततालाई पनि प्रकाश पारेको छ, जुन द्रुत गतिमा साम्प्रदायिक हुँदै गइरहेको छ । बफादारीको पुनर्विचार, प्राथमिकताको पुनर्मूल्यांकन र पहिचानको आधारमा गठबन्धनलाई पुनः आकार दिइँदै छ । यस राजनीतिक पुनर्संरचनामा बेलायती मुस्लिमले कुनै पनि राजनीतिक दलसँग असंलग्नताको आधारमा स्वतन्त्र राजनीतिमार्फत नयाँ राजनीतिक आवाज पनि खोजिरहेका छन् । दशकौँसम्म मुस्लिमको ठुलो हिस्सा बहुमत लेबर पार्टीको समावेशी, श्रमिक वर्ग समर्थक अडानका लागि बफादार रहे । तर, पश्चिममा अति दक्षिणपन्थीको उदयले लेबर पार्टीसहित सम्पूर्ण राजनीतिक परिदृश्य दक्षिणपन्थीतिर ढल्किएको छ । केही समयदेखि लेबर पार्टीभित्रका मुस्लिमले समुदायको राजनीतिक सरोकारप्रति लेबर नेतृत्वको उदासीनतालाई असन्तुष्टि व्यक्त गर्दै आएका थिए । यद्यपि, गाजा मुद्दाले मुस्लिम मतदातालाई लेबर पार्टीबाट टाढा लैजानमा प्रमुख भूमिका खेलेको थियो ।

सामाजिक न्याय र समानता, प्यालेस्टाइनमा शान्ति र मुस्लिम समुदायभित्र एकताको माग गर्दै डिसेम्बर २०२३ मा, बर्मिंघममा 'मुस्लिम भोट' परियोजना सुरु गरिएको थियो । पार्टीको रूपमा नभई स्वतन्त्र मुस्लिम उम्मेदवारलाई समर्थन गर्ने आन्दोलनको रूपमा परियोजना सुरु गरिएको थियो । सात महिनापछि जुलाई २०२४ मा चार स्वतन्त्र मुस्लिम सांसद निर्वाचित भए, जसलाई



● सुमाइला जाफरी
लेखक बिबिसीकी पूर्वपत्रकार र लिड्स विश्वविद्यालयमा मिडिया एन्ड कम्युनिकेसन स्कुलमा पिएचडी गर्दै छिन् ।

कसैले 'गाजा टिकट' भनेका थिए । त्यस्तै, हालैका स्थानीय परिषद् चुनावमा बर्मिंघम, लन्डन, ब्ल्याकबर्न, ड्युसबरी र ब्याटलीका मुस्लिमबहुल क्षेत्रबाट दर्जनौँ उम्मेदवारले साना स्थानीय गठबन्धनअन्तर्गत स्वतन्त्र रूपमा भाग लिए र निर्वाचित भए ।

यद्यपि, मुस्लिम मतको यो पुनर्संरचना बेलायती राजनीतिको खण्डीकरणको एउटा पक्ष मात्र हो, यसलाई दक्षिणपन्थी टिप्पणीकार, मिडिया र राजनीतिज्ञले 'साम्प्रदायिक राजनीति' र 'इस्लाम लोकतान्त्रिक आन्दोलन'को रूपमा प्रस्तुत गरेका छन् र बेलायतमा लोकतन्त्रका लागि एक प्रमुख खतराको रूपमा प्रस्तुत गरेका छन् । यसलाई ब्रिटिस समाजको राजनीतिक र सांस्कृतिक अधिग्रहणको उद्देश्यले विदेशी द्वन्द्व वरिपरि प्रतिक्रियाशील एकताको रूपमा पनि चित्रण गरिएको छ । मुस्लिमको डर जगाउन बनाइएका यस्ता कथा संयुक्त राज्य अमेरिका, युरोप र भारतमा अति-दक्षिणपन्थी आन्दोलनभित्र धेरै प्रभावकारी भएका छन् ।

वास्तविकतामा बेलायती मुस्लिममाझ राजनीतिक निराशा जटिल र बहुआयामिक छ । यो आंशिक रूपमा गाजा प्रश्नबाट प्रेरित छ, तर आवास, मितव्ययिता, अतिवादविरोधी नीति र प्रतिनिधित्वको अभावजस्ता मुद्दामा दशकौँदेखि सीमान्तीकरणमा पनि जरा गाडिएको छ । तैपनि, मुस्लिम जनसंख्या राजनीतिक रूपमा विविध छ र यसलाई एकाधिकार समूहको रूपमा व्यवहार गर्न सकिँदैन । धेरै मुस्लिमले वामपन्थी लोकप्रियतावादी ग्रिन पार्टीलाई समर्थन गरेका छन् । कोही जेरेमी कोर्बिनको योर पार्टीलाई समर्थन गर्छन् भने कोही बढी मध्यमार्गी राजनीतिमा प्रतिबद्ध छन् ।

यसबाहेक मुद्दाकेन्द्रित र पहिचानमा आधारित राजनीति केवल मुस्लिम-विशिष्ट मात्र होइन । सन् २०२४ मा विभिन्न पृष्ठभूमिका ४५९ उम्मेदवारले आमचुनावमा स्वतन्त्र उम्मेदवारको रूपमा भाग लिएका थिए, जसले विभिन्न राजनीतिक कारणको प्रतिनिधित्व गर्थे । त्यसैले, ब्रिटिस मुस्लिमलाई अलग गर्नु र उनीहरूलाई साम्प्रदायिक राजनीतिको आरोप लगाउनु स्पष्ट रूपमा कपटी हो । आइरिस क्याथोलिक, यहुदी, सिख र हिन्दुसहित अन्य डायस्पोरा समूहमा समन्वित र अर्ध-समन्वित मतदान ढाँचाको इतिहास पनि छ । एउटा उदाहरण २०१९ को चुनावको क्रममा पूर्वी मिडल्यान्ड्स सहर लेस्टरमा 'अप्रेसन धार्मिक भोट' हो, जहाँ कस्मिर मुद्दामा हिन्दु मतहरू खोजिएको थियो । त्यस्तै, २०२४ को चुनावअघि, बेलायती हिन्दु समुदायको चिन्ता र मागको प्रतिक्रियामा 'बेलायतका लागि हिन्दु घोषणापत्र' सुरु गरिएको थियो ।

यो आदर्श राजनीतिक दृष्टिकोण नहुन सक्छ, तर वर्तमान राजनीतिक सन्दर्भमा धेरै मुस्लिमले असंलग्न, स्वतन्त्र राजनीति पछ्याउने रणनीतिक फाइदा देख्न सक्छन् । केही निर्वाचन क्षेत्रमा, यसले बहुमत निर्धारण गर्न सक्छ वा चुनावी परिणामलाई प्रभाव पार्न सक्छ, तर यसको दीर्घकालीन प्रभावकारिता र सम्भाव्यता अनिश्चित रहन्छ । यसको विपरीत, 'साम्प्रदायिक राजनीति' र 'इस्लामलोकप्रियता'का रूपमा दृष्टिकोणको छनोटले अति-दक्षिणपन्थी समूहको केही अल्पकालीन राजनीतिक लक्ष्यलाई मद्दत गर्न सक्छ, तर यसले देशमा राजनीतिक ध्रुवीकरण र विभाजनलाई गहिरो बनाउनेछ ।

- पाकिस्तानी समाचार संस्था डनबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार १७ जेठ ०८३

साढे १५ प्रतिशतले बढाइयो वैदेशिक अनुदानको लक्ष्य

पौने ६२ अर्बको लक्ष्य, एमसिसीबाट मात्रै २३ अर्ब ७८ करोड ६८ लाख आउने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८३/८४ मा सरकारले ६१ अर्ब ७४ करोड ५४ लाख रुपैयाँ अनुदान लिने लक्ष्य राखेको छ। यो चालू आवको तुलनामा १५.५४ प्रतिशतले बढी हो।

आगामी आवका लागि २१ खर्ब २४ अर्ब ३४ करोडको बजेट ल्याएको सरकारले वैदेशिक अनुदानमध्ये मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)बाट सबैभन्दा धेरै २३ अर्ब ७८ करोड ६८ लाख रुपैयाँ अनुदान आउने अनुमान गरेको छ।

एमसिसीको ५५ करोड डलर अनुदान र नेपाल सरकारको १९ करोड ७० लाख डलर लगानीमा तीन सय १५ किमि लामो चार सय केभीका चार प्रसारणलाइन तथा चार सय केभीको तीन सबस्टेसनको निर्माणसँगै पूर्व-पश्चिम राजमार्गको ४० किमि लामो धानखोला-लमही खण्डमा र नारायणगढ-मुग्लिन सडक मर्मत गरिँदै छ। अनुदानका लागि एमसिसीसँग २९ भदौ ०७४ मा सम्झौता भएको थियो। जुन १३ भदौ ०८० देखि कार्यान्वयनमा प्रवेश (इन्ट्री इन्टु फोर्स) गरिसकेको छ। हाल यसअन्तर्गतका परियोजनाहरू निर्माणमा चरणमा प्रवेश गराइएसँगै एमसिसीबाट आउने अनुदान पनि बढ्नेछ।

सम्झौताअनुसार कार्यान्वयन सुरु भएको पाँच वर्षभित्र अर्थात् २९ अगस्ट २०२८ (१२ भदौ ०८५) भित्र एमसिसीअन्तर्गतका परियोजनाहरूको निर्माण सम्पन्न गर्नुपर्नेछ। यद्यपि, अमेरिकाले यसमा एक वर्ष समय थप गर्ने गरी प्रक्रिया अघि बढाएको छ।

■ कुन प्रकृतिमा कति ?

बजेटअनुसार बुहपक्षीय रूपमा १९ अर्ब सात करोड ४१ लाख, द्विपक्षीय रूपमा ४० अर्ब ३२ करोड ९४ लाख रुपैयाँ र संयुक्त कोषबाट दुई अर्ब ३४ करोड १९ लाख रुपैयाँ अनुदान आउनेछ।

■ कुन मोडेलमा कति ?

बजेटअनुसार आठ अर्ब दुई करोड १६ लाख रुपैयाँ अनुदान नेपाल सरकारलाई नगदमै प्राप्ति हुनेछ। ३८ अर्ब ६० करोड ३२ लाख रुपैयाँ अनुदान भने सोझै भुक्तानी हुने गरी प्राप्ति हुनेछ। शोधभर्ना मोडेलमा १४ अर्ब १३ करोड ९९ लाख रुपैयाँ र वस्तुगतमा ९८ करोड सात लाख रुपैयाँ अनुदान प्राप्ति हुनेछ।

■ तर, लक्ष्यअनुसार आउँदैन बजेट

विगतका अनुभवअनुसार नेपालमा लक्ष्यअनुसार अनुदान प्राप्ति भएको भने देखिँदैन। सरकारले दातासँग सम्झौता गरेकै आधारमा अनुदान प्राप्तिको लक्ष्य लिएको हुन्छ। तर, त्योअनुसार अनुदान प्राप्ति नभएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांकले देखाएको छ। चालू आवमा सरकारले ५३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ अनुदान लिने लक्ष्य लिएको छ। तर, १५ जेठसम्म २० अर्ब ७७ करोड ४० लाख रुपैयाँ मात्रै प्राप्त भएको छ, जुन लक्ष्यको ३८.८७ प्रतिशत हो।

तथ्यांकअनुसार आव ०७८/७९ मा ५९ अर्ब ९१ करोड ९९ लाख रुपैयाँको लक्ष्य लिएकोमा १८ अर्ब २९ करोड ३५ लाख रुपैयाँ (३०.५३ प्रतिशत), आव ०७९/८० मा ५५ अर्ब ४५ करोड ८३ लाख रुपैयाँको लक्ष्य लिएकोमा २१ अर्ब २९ करोड ७५ लाख (३८.४० प्रतिशत) र आव ०८०/८१ मा ४९ अर्ब ९४ करोड ३० लाख रुपैयाँको लक्ष्य लिएकोमा दुई अर्ब ७५ करोड ८० लाख (५.५२ प्रतिशत) अनुदान प्राप्ति भएको थियो। गत आव ०८१/८२ मा ५२ अर्ब ३२ करोड ६५ लाख रुपैयाँ अनुदान लिने लक्ष्य लिएकोमा २३ अर्ब ५२ करोड ८७ लाख (४५ प्रतिशत) अनुदान प्राप्ति भएको थियो।

नेपालको अनुदान कार्यान्वयन क्षमता कमजोर देखियो : पूर्वउपाध्यक्ष डा. श्रेष्ठ



राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठ पनि अनुदान प्राप्ति कमजोर भएको बताउँछन्। लक्ष्यको तुलनामा आधा पनि अनुदान प्राप्ति नहुने गरेको उनको भनाइ छ।

'हुन त सम्बन्धित दातासँग सम्झौता भएकै आधारमा अनुदान प्राप्तिको लक्ष्य राख्ने हो। तर, प्राप्ति भने आधा पनि छैन। यसले नेपालको अनुदान कार्यान्वयन क्षमता कमजोर भएको देखाउँछ,' उनले भने, 'किनकि, अनुदानअन्तर्गतका परियोजना तथा कार्यक्रम कार्यान्वयन हुनुपर्छ। त्यसपछि अनुदान शोधभर्ना हुने हो। कतिपय अवस्थामा काउन्टर फन्ड पनि ग्यारेन्टी गर्नुपर्छ। काम गर्न सकिएन भने अनुदान आउँदैन।'

लक्ष्यअनुसार अनुदान प्राप्ति गर्न कार्यान्वयन क्षमता बढाउनुपर्ने उनले बताए। 'अनुदान प्राप्ति बढाउन तोकिएको काम गर्नुपर्छ नै। काम भएपछि बल्ल अनुदान आउने हो। तसर्थ, यसका लागि हाम्रो कार्यान्वयन क्षमता बढाउनुपर्छ,' उनले भने, 'अहिले मुलुकमा दुईतिहाइको सरकार छ। कुनै मिराकल भयो भने अनुदान प्राप्ति बढ्न सक्छ।'

■ कहाँबाट कति आउँदै छ अनुदान ?

बहुपक्षीय	अनुदान रकम
एडिबी (एडिबी)	४ अर्ब १० करोड ३२ लाख
जेएफआर (एडिबी)	५ करोड ९४ लाख
आइडिए (वर्ल्ड बैंक)	६२ करोड ६३ लाख
वर्ल्ड बैंक जिबिभी (वर्ल्ड बैंक)	१ लाख
वर्ल्ड बैंक ट्रस्ट कोष (वर्ल्ड बैंक)	४ अर्ब १८ करोड ९ लाख
युएनसिडिएफ (युएन)	१५ करोड २७ लाख
युएनइपी (युएन)	१ करोड ९४ लाख
युएनएफपिए (युएन)	१ करोड ३७ लाख
युनिसेफ (युएन)	१२ करोड ३० लाख
युएन जिइएफ (युएन)	१ अर्ब १७ करोड ५६ लाख
डब्लुएचओ (युएन)	१३ करोड ६९ लाख
जिसिएफ (युएन)	१ अर्ब ४ करोड ४१ लाख
जिसिएफ/एफएओ (युएन)	१ अर्ब २६ करोड ८६ लाख
जिसिएफ/आइयुसिएन (युएन)	९१ करोड ४७ लाख
एआइआइबी	१२ करोड
जिपिआई	३६ करोड
एसइएसपी	४ अर्ब ७७ करोड ५५ लाख
जम्मा	**१९ अर्ब ७ करोड ४१ लाख**
द्विपक्षीय	**अनुदान रकम**
चीन	१ अर्ब ७६ करोड ८८ लाख
फिनल्यान्ड	१ अर्ब ३६ करोड १३ लाख
जर्मन	४ अर्ब ६९ करोड ६६ लाख
भारत	२ अर्ब ८४ करोड ८२ लाख
जापान	१८ करोड १९ लाख
नर्वे	१ अर्ब ५२ करोड
स्विट्जरल्यान्ड	२ अर्ब ७९ करोड ४५ लाख
बेलायत	१० करोड
अमेरिका (एमसिसी)	२३ अर्ब ७८ करोड ६८ लाख
यरोपियन युनियन	१ अर्ब २७ करोड ३ लाख
जम्मा	**४० अर्ब ३२ करोड ९४ लाख**
संयुक्त कोष	**अनुदान रकम**
जेफम्याट	२६ करोड ७३ लाख
गाभी	९५ करोड ८७ लाख
जिएऐफएसपी	१४ करोड ९० लाख
दाताको संयुक्त कोष	९७ करोड ६९ लाख
जम्मा	२ अर्ब ३४ करोड १९ लाख

आगामी वर्ष सार्वजनिक ऋण ३४ खर्ब १८ अर्ब पुग्ने

चालू आवको अन्त्यसम्म ३० खर्ब २९ अर्ब सार्वजनिक ऋण पुग्ने अनुमान, आगामी आवमा ६ खर्ब ५७ अर्ब उठाउने र तीन खर्ब १८ अर्ब भुक्तान गर्ने लक्ष्य

ऋणलाई पुँजी निर्माणमा परिचालन नगरिए भविष्यमा अप्ठ्यारो पर्छ



● **सुदनकुमार वली**, अर्थशास्त्री

सार्वजनिक ऋण परिचालनमा लामो समयदेखि खराब प्रवृत्ति दोहोरिँदै आएको छ। यसपालिको बजेटले त्यसमा डिपार्चर खोज्न सकेन। सात खर्बभन्दा बढीको घाटाको बजेट ल्याइएको छ, यसले ऋण दायित्व बढाउने देखाउँछ। साढे ६ खर्बको ऋण परिचालन गर्ने लक्ष्य लिइएको छ, तर पुँजीगततर्फ भने चार खर्ब ३१ अर्ब मात्रै विनियोजन गरिएको छ, यसले हाम्रो ध्यान पुँजी निर्माणमा भन्दा पनि वितरणमा बढी केन्द्रित रहेका देखाउँछ। सार्वजनिक ऋणलाई पुँजी निर्माणमा नलगाउने हो भने दीर्घकालमा अप्ठ्यारो पर्छ।

कृष्ण रिजाल/नयाँ पत्रिका

नेपालमा बढ्दो बजेट घाटा र चालू खर्चको चापले सार्वजनिक ऋण दायित्व बढाइरहेको छ। हरेक वर्ष सरकारले तिर्नुपर्ने सार्वजनिक ऋण दायित्व मात्रै होइन, साँवा-ब्याज भुक्तानीमा हुने खर्चसमेत उच्च दरमा बढिरहेको छ। यसले नेपालको सार्वजनिक वित्त व्यवस्थापनमा जटिलता बढाउँदै लगेको देखिन्छ।

आगामी आर्थिक वर्ष ०८३/८४ मा नेपालले तिर्नुपर्ने कुल सार्वजनिक ऋण सवा ३४ खर्बबराबर पुग्ने भएको छ। सरकारले आगामी आवमा ६ खर्ब ५७ अर्ब सार्वजनिक ऋण परिचालन तथा तीन खर्ब १८ अर्ब ऋण भुक्तानी गर्न छुट्याउने लक्ष्य लिएको छ। साथै, ५६ अर्ब विदेशी विनिमय दरमा हुने परिवर्तनले घाटा हुने अनुमान गरिएको छ। पूरा ऋण प्राप्ति र साँवा फिर्तापछि नेपालले तिर्न बाँकी सार्वजनिक ऋण ३४ खर्ब १८ अर्ब ७७ करोड रुपैयाँबराबर पुग्ने सरकारको प्रक्षेपण छ।

चालू आवको वैशाख मसान्तसम्ममा नेपालले भुक्तानी गर्न बाँकी सार्वजनिक ऋण २९ खर्ब ७५ अर्ब चार करोड पुगेको सरकारी तथ्यांक छ। चालू आवको अन्त्यसम्ममा सार्वजनिक ऋण ३० खर्ब २९ अर्ब ५८ करोड पुग्ने अनुमान गरिएको छ। आगामी आर्थिक वर्षको असार मसान्त भने नेपालले तिर्न बाँकी आन्तरिक ऋण १५ खर्ब ४३ अर्ब ७४ करोड र बाह्य ऋण १८ खर्ब ७५ अर्ब दुई करोड पुग्ने अनुमान छ।

अर्थमन्त्री डा. स्वार्णिम वाग्लेले विगतका सरकारले भनेँ घाटाको बजेट ल्याएर बजेटको ठुलो अंश चालूतर्फ विनियोजन गरेका छन्। अर्थमन्त्रीले ६ खर्ब ७५ अर्ब २९ करोड रुपैयाँबराबरको घाटाको बजेट ल्याएर त्यसको परिपूर्ति सार्वजनिक ऋणबाट गर्ने लक्ष्य लिए। साढे ६ खर्ब ऋण उठाउने लक्ष्य लिएका अर्थमन्त्रीले पुँजीगततर्फ भने चार खर्ब ३१ अर्ब १० करोड रुपैयाँ मात्रै बजेट विनियोजन गरे। यसले आगामी वर्ष पनि ऋणको उपयोग पुँजी निर्माणमा मात्रै नभई चालू प्रकृतिका कार्यमा समेत हुने स्पष्ट देखाएको छ।

अर्थशास्त्री डा. सुदनकुमार वलीले बजेटमा वित्त परिचालन र स्रोत व्यवस्थापनको मामिलामा विगतकै भनेँ वर्तमान सरकार पनि चुकेको बताए। अर्थमन्त्रीले साढे ६ खर्बभन्दा बढीको घाटा राखेर ल्याएको ठुलो आकारको बजेटले पनि पुँजी निर्माणमा भन्दा वितरणमा बढी जोड दिएको उनले बताए। यसले दीर्घकालमा असर देखाउने उनको भनाइ छ।

'ऋण लिनै नहुने भन्ने होइन, पुँजी निर्माण नहुने वितरणमुखी र चालू प्रकृतिका खर्च कटौतीतमा ध्यान दिएको भए कम घाटाको बजेट आउन सक्थ्यो,' उनले भने, 'साढे ६ खर्ब ऋण लिने अनि पुँजीगततर्फ चाहिँ चार खर्ब हाराहारी मात्रै बजेट विनियोजनले हामीले पुँजी निर्माणलाई भन्दा वितरणमा ध्यान दिइरहेका छौं भन्ने देखाउँछ।'





ऋण सेवामा सवा चार खर्ब खर्च हुने

आगामी आर्थिक वर्षमा नेपालले ऋण सेवाअन्तर्गत चार खर्ब १७ अर्ब ८९ करोड खर्च गर्ने लक्ष्य लिएको छ। जुन कुल वार्षिक बजेटको १९.६७ प्रतिशतबराबर हुन आउँछ। सरकारले साँवा फिर्तातर्फ तीन खर्ब १८ अर्ब नौ करोड खर्च हुने अनुमान गरेको छ। आगामी आवमा आन्तरिकतर्फ दुई खर्ब ४५ अर्ब ८९ करोड र बाह्यतर्फ ७२ अर्ब २० करोड साँवा फिर्ता गर्ने सरकारको लक्ष्य छ। त्यस्तै, सरकारले आगामी आवमा ब्याज भुक्तानीका लागि ९९ अर्ब ८० करोड बजेट विनियोजन गरेको छ। आगामी वर्षमा आन्तरिकतर्फ ८२ अर्ब २५ करोड र बाह्यतर्फ १७ अर्ब ५५ करोड ब्याज भुक्तानी गर्ने सरकारको प्रक्षेपण छ।

ऋण तिर्न ऋण लिनुपर्ने जोखिम बढ्दो

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले गत वैशाखमा सार्वजनिक गरेको 'नेपालको वर्तमान आर्थिक स्थितिपत्र'ले बढ्दो बजेट घाटाले सार्वजनिक ऋणमा निर्भरता बढाएको औंल्याएको छ।

'उच्च चालू खर्च र राजस्वको न्यून वृद्धिका कारण पछिल्ला १० आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा संघीय सरकारको बजेट घाटा वार्षिक औसत ७ प्रतिशत रहेको छ,' स्थितिपत्रमा उल्लेख छ, 'यस्तो प्रवृत्तिले सरकारको सार्वजनिक ऋणमाथिको निर्भरता बढ्दै जाने र दीर्घकालमा वित्तीय स्थायित्वमा जोखिम सिर्जना गर्दै ऋण तिर्नकै लागि समेत ऋण लिनुपर्ने जोखिम बढेको छ।' अन्तर्राष्ट्रिय मानकअनुसार नेपालको सार्वजनिक ऋणको यो स्तर व्यवस्थापन योग्य दायराभित्रै रहेको भए तापनि सोको उपयोग अर्थतन्त्रको उपत्पादकत्वमा बढाउने गरी नहुने हो भने ऋण व्यवस्थापन कठिन हुने अर्थमन्त्रीले औंल्याएका थिए।

स्थितिपत्रले बजेटको ठुलो हिस्सा ऋण भुक्तानीमा केन्द्रित भएसँगै पुँजीगत खर्च प्रभावित बन्न पुगेको औंल्याएको थियो। विगतमा लिइएको सार्वजनिक ऋणको साँवा तथा ब्याज भुक्तानीबापत आर्थिक वर्ष ०८१/८२ मा कुल संघीय खर्चको २४ प्रतिशत र कुल संघीय राजस्वको ३५ पतिशत खर्च भएको छ। 'चालू आर्थिक वर्ष ०८२/८३ मा यसै प्रयोजनका लागि कुल बजेटको २१ प्रतिशत बजेट विनयोजन गरिएको छ,' स्थितिपत्रमा उल्लेख छ, 'संकलित राजस्वको महत्त्वपूर्ण हिस्सा ऋण भुक्तानीमा खर्च हुँदा पुँजीगत तथा सामाजिक क्षेत्रका कार्यक्रमका लागि वित्तीय स्रोत घट्ने जोखिम बढेको छ। यसले सार्वजनिक वित्त व्यवस्थापनमा जटिलता सिर्जना गरेको छ।'

'नागरिक आकांक्षा सम्बोधन गर्ने बजेट'

काठमाडौं/ सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले आगामी आर्थिक वर्षको बजेट जनताको चाहना र मुलुकको आवश्यकतालाई केन्द्रमा राखेर ल्याइएको बताएका छन्। उनले लगानी र उत्पादन वृद्धि, सेवा प्रवाहलाई सहज बनाउने तथा नागरिकलाई केन्द्रमा राखेर विकास अघि बढाउने लक्ष्य बजेटमा समेटिएको बताएका हुन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम पालिका अधिवेशनका क्रममा नुवाकोटको तादी गाउँपालिका- ५ मा आयोजित कार्यक्रममा सञ्चारमन्त्री डा. तिमिल्सिनाले बजेट युवापुस्ताको सुशासन, समृद्धि र परिवर्तनको आकांक्षालाई सम्बोधन गर्ने गरी निर्माण गरिएको बताएका हुन्। उनले बजेटले मुलुकको अर्थतन्त्रलाई आगामी दिनमा कुन दिशातर्फ अघि बढाउने भन्ने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको उनले बताए।

बजेटले छोएन कञ्चनपुरका यी ठुला योजना

कञ्चनपुरमा **मोहन विष्ट**

आगामी आर्थिक वर्ष ०८३/८४ का लागि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार प्रस्तुत गरेको बजेटमा सुदूरपश्चिम कञ्चनपुर सीमावर्ती क्षेत्रका केही ठुला योजना समावेश नभएको स्थानीयले गुनासो गरेका छन्।

जिल्लामा सञ्चालित केही ठुला योजनालाई बजेटले सम्बोधन नै नगरेको उनीहरूले बताएका छन्। युद्धका क्रममा बन्द रहेको मझगाउँ विमानस्थलको स्तरोन्नति एवं सञ्चालन र छेला दैजी औद्योगिक क्षेत्र विस्तारका योजनाको नामसमेत बजेटमा समावेश गरिएको छैन।

बेदकोट नगरपालिका- २ का वडाध्यक्ष नरेशबहादुर सिंहले दैजी छेला औद्योगिक क्षेत्रको नामैसमेत समावेश नहुने विषय दुःखद भएको बताए। 'वर्तमान सरकारसँग हामी जनप्रतिनिधिदेखिका जनताको ठुलो अपेक्षा थियो, तर बजेटले सम्बोधन नगरेपछि निराशामा परिणत भएको छ, 'उनले भने, 'यो सरासर सुदूरपश्चिमलाई हेप्ने प्रवृत्ति मात्रै हो।'

२७ वर्षदेखि बन्द रहेको मझगाउँ विमानस्थल सुचारुका लागि ०७८ सालदेखि कामकाज सुरु भए पनि अहिलेको बजेटले नामसमेत नलिएपछि स्थानीय निराश भएका छन्। बजेटमा मझगाउँ विमानस्थलको नामसमेत उल्लेख नभएपछि भीमदत्त नगरपालिका- १६ का वडाध्यक्ष केशव विष्टले विमानस्थल सञ्चालनमा सरकारले उदासीनता देखाएको आरोप लगाए।

संघीय सरकारले नै १ चैत ०७२ सालमा कञ्चनपुर बेदकोटमा छेला दैजी औद्योगिक क्षेत्र विस्तार गर्ने निर्णयअनुरूप तत्कालीन प्रधानमन्त्री केपी ओलीले १० फागुन ०७७ मा शिलान्यास गरेका थिए। उतिवेला भोगाधिकारविनै शिलान्यास भएको भन्दै आलोचना भइरहेको थियो। अहिले सरकारले औद्योगिक पूर्वाधार विकासका लागि ६५ करोड बजेट विनियोजन गरे पनि छेला दैजी औद्योगिक क्षेत्रको नामसमेत नलिएकाले स्थानीयसमेत निराश भएका छन्। सम्पर्क कार्यालय मात्रै भएको अवस्थामा सरकारले यसलाई अघि बढाउनुको साटो बजेटसमेत विनियोजन नगर्दा आफूहरू दुःखित भएको उनले बताए।

दोधारा-चाँदनीमा बन्न लागेको सुक्खा बन्दरगाहको एकीकृत सुरक्षा जाँच चौकी दुई वर्षभित्रै सम्पन्न गर्ने भनिएको छ भने त्रिदेशीय नाका जोड्ने कञ्चनपुर ब्रह्मदेवदेखि उत्तर दार्चुला तिंकर सडकमा समेत उल्लेख्य बजेट विनियोजन गरिएको छैन। २५ वर्षअघि तत्कालीन शुक्लाफाँटा वन्यजन्तु आरक्ष विस्तारका क्रममा विस्थापितलाई पुनर्स्थापना गर्न नयाँ सरकारले समेत सम्बोधन नगरेको आरक्षपीडित संघर्ष समितिका अध्यक्ष मोतीराम डगौराले बताए।

विद्युत्मा लगाइएको भ्याट फिर्ता लिन माग

काठमाडौं/ पूर्वऊर्जामन्त्रीसमेत रहेका उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्तामाथि लगाइएको पाँच प्रतिशत भ्याट तत्काल फिर्ता गर्न माग गरेका छन्। शुक्रबार अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक विधेयक, २०८३ मार्फत ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्तामाथि पाँच प्रतिशत भ्याटको व्यवस्था गरेका छन्। घिसिङले उक्त निर्णय आमउपभोक्ताको हितविपरीत, ऊर्जा रूपान्तरणको लक्ष्यविपरीत तथा स्वदेशमै उत्पादित स्वच्छ ऊर्जाको उपयोग बढाउने राष्ट्रिय अभियानविपरीत रहेको बताएका छन्।

उनले भने, 'मासिक ५० युनिटभन्दा बढी खपत गर्ने अधिकांश ग्राहक सामान्य घरायसी उपभोक्ता हुन्। यस्तो अवस्थामा करले लाखौं परिवारको मासिक खर्च बढाउनेछ र भान्सा अझ महँगो बनाउनेछ।'

त्यस्तै, ऊर्जाविज्ञ अर्जुनकुमार गौतमले पनि विद्युत्मा भ्याट लगाउँदा नकारात्मक परिणाम आउन सक्ने बताए। 'ऊर्जा संक्रमणको चरणमा विद्युत् विलासिताको वस्तु होइन। हरित अर्थतन्त्र विकासको साधनका रूपमा हेर्नुपर्ने हुन्छ। विद्युतीय सवारीसाधन तथा खाना पकाउने विद्युतीय उपकरणको प्रयोग बढाउन खोजिएको वर्तमान अवस्थामा थप करको व्यवस्थाले केही हदसम्म नकारात्मक सन्देश र परिणाम दिन सक्छ,' उनले भने। डा. सुधांशु केसीले पनि विद्युत्मा भ्याट लगाउनु गलत भएको भन्दै सामाजिक सञ्जालबाट विरोध गरेका छन्।

कर्मचारी आवश्यकता

प्रकाशित मिति : २०८३/२/१७

यस प्रजातन्त्र तथा विकास केन्द्रको मिति २०८३/०२/१६ को कार्य समितिको निर्णयानुसार संस्थाद्वारा संचालित **शसक्तीकरणका लागि शिक्षा कार्यक्रम** काठमाडौंका लागि तपसिल बमोजिमका कर्मचारीहरूको आवस्यकता परेकोले २२ वर्ष पुरा भई ३५ वर्ष ननाघेका नेपाली नागरिकहरूबाट दरखास्त आव्हान गरिएको छ। दरखास्त सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र, शैक्षिक योग्यताका प्रमाणपत्र तथा बायोडाटा सहित संस्थाको इमेल info@cddnepal.com मा पठाउनु पर्ने छ। तलब सुविधा अनुभव तथा योग्यताको आधारमा निर्णय गरिने छ। महिला उम्मेदवारलाई प्राथमिकता दिइने छ। पहिलो चरणमा छानिएका उमेदवारलाई मात्र सम्पर्क गरिने छ। परीक्षा लिखित तथा अन्तरवार्ता दुवै हुनेछ।

तपसिल

विज्ञापन नं : १/२०८२/०८३
पद : कार्यक्रम संयोजक
संख्या : १
शैक्षिक योग्यता : न्यूनतम स्नातक तह उत्तीर्ण
अनुभव : सामाजिक संजाल, ग्राफिक डिजाइनमा अनुभव भएको तथा सामाजिक संस्थामा काम गरेकोलाई प्राथमिकता दिइने छ।

विज्ञापन नं : २/२०८२/०८३
पद : लेखा संयोजक
संख्या : १
शैक्षिक योग्यता : न्यूनतम वि. वि. ए. उत्तीर्ण
अनुभव : सामाजिक संस्थामा न्युनतम २ वर्ष काम गरेको लाई प्राथमिकता दिइने छ।

■ कोशी प्रदेशमा आगामी बजेटका प्राथमिकता

वितरणमुखी कार्यक्रम घटाएर परिणाममुखी योजना

विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेश सरकारले वितरणमुखी कार्यक्रम घटाएर परिणाममुखी योजनालाई प्राथमिकता दिँदै आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट ल्याउने भएको छ। कोशी सरकारका आर्थिक मामिला तथा योजनामन्त्री विदुर लिङ्थेपले शनिबार प्रदेश सभामा बजेटका प्राथमिकताको विषयमा जानकारी दिँदै वितरणमुखी कार्यक्रम घटाएर परिणाममुखी योजनामा समावेश गर्ने बताएका हुन्।

कोशीले कृषि, उद्योग, पर्यटन, पूर्वाधार, स्वास्थ्य र शिक्षामा लगानी बढाउँदै उत्पादन, रोजगारी र आर्थिक वृद्धिलाई गति दिने तथा अधुरा आयोजनालाई सम्पन्न गर्ने कार्यलाई मुख्य प्राथमिकता दिने मन्त्री लिङ्थेपले बताए। आगामी बजेटमा कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणमार्फत उत्पादन तथा उत्पादकत्व बढाउने नीति लिएको छ।

मन्त्री लिङ्थेपका अनुसार कृषिजन्य उत्पादनको प्रशोधन र बजारीकरणका लागि वित्तीय सहुलियत उपलब्ध गराइने तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्न बजेटले प्राथमिकता दिनेछ। यसैगरी, विदेशबाट फर्किएका युवाको सिप र अनुभवलाई उद्यमशीलतामा उपयोग गर्ने तथा सिपमूलक तालिममार्फत स्वदेशमै रोजगारी सिर्जना गर्ने योजना पनि बजेटको प्राथमिकतामा परेको छ।

पर्यटन क्षेत्रमा कोशी प्रदेशलाई 'वेलनेस हब'का रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। साथै, सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाको प्रवर्द्धन गर्दै ०८३ साउनदेखि ०८५ असारसम्म 'कोशी भ्रमण वर्ष' मनाउने घोषणा गरिएको छ। बजेटमा स्थानीय जडीबुटी र रैथाने उपचार पद्धतिलाई आधुनिक आरोग्य सेवासँग जोड्ने योजना ल्याइनेछ।



यसैगरी, कोशीले लामो समयदेखि अधुरा रहेका बहुवर्षीय आयोजनालाई पर्याप्त बजेट विनियोजन गरी सम्पन्न गर्ने रणनीति अगाडि बढाएको छ। प्रदेश लोकमार्ग, प्रादेशिक सडक तथा स्थानीय तहका केन्द्र जोड्ने सडक स्तरोन्नति, पुल निर्माण र झोलुंगे पुल विस्तारलाई पनि आगामी बजेटमा प्राथमिकता दिइनेछ। कोशी प्रदेशको खानेपानी, सरसफाइ र सिँचाइ क्षेत्रका निर्माणाधीन आयोजनालाई पनि आवश्यक बजेट उपलब्ध गराइने नीति बजेटले लिनेछ।

आर्थिक मामिलामन्त्री लिङ्थेपका अनुसार कोशी प्रदेश सरकारले चालू आर्थिक वर्षमा राजस्व संकलन र संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट तथा समानीकरण अनुदान अपेक्षाअनुसार प्राप्त नहुँदा चालू वर्ष स्रोत व्यवस्थापनमा दबाब परेको छ। तर, यही चुनौतीलाई ध्यानमा राख्दै आगामी बजेटमा राजस्वको दायरा विस्तार, कर प्रणालीलाई प्रविधिमैत्री बनाउने र वित्तीय अनुशासन कायम गर्ने रणनीति अवलम्बन गरिनेछ।

मकै बिक्री नभएपछि चिन्तामा रौतहटका किसान

- उत्पादन बेचेर ऋण तिर्ने, घरखर्च चलाउने र अर्को खेतीको तयारी गर्ने योजनामा रहेका किसान अहिले अन्योलमा
- किसान भन्छन्- अहिलेको मूल्यमा मकै बेच्दा लागत उठाउन पनि मुस्किल



रौतहटमा **अशोक पहाडी**

उत्पादन गरेको मकै बिक्री गर्ने समय आए पनि रौतहटका किसान निराश बनेका छन्। केही दिनअघि प्रतिक्विन्टल दुई हजार आठ सय रुपैयाँमा मकै किन्ने सहमति गरेका व्यापारीले अहिले मूल्य घटाएर २६ सय रुपैयाँ मात्र प्रस्ताव गर्न थालेपछि किसान निराश बनेका हुन्। त्यसमाथि तयारी अवस्थामा रहेको मकै उठाउनसमेत व्यापारीले आनाकानी गर्न थालेपछि किसानको चिन्ता झन् बढेको छ।

चन्द्रपुर नगरपालिका- २ का किसान दिल्लीबहादुर कार्कीले एक साताअघि व्यापारीले मकै खरिदका लागि बोरा छाडेर गएको स्मरण गर्दै अहिले भने मूल्य घटाएर मात्रै किन्ने सर्त राखेको बताए। 'पहिला २८ सय रुपैयाँमा किन्छु भनेर बोरा छाडेर गएका थिए, अहिले २६ सय रुपैयाँमा दिने भए मात्र लैजान्छु भन्छन्,' उनले भने, 'हामीले मकै सुकाएर तयारी अवस्थामा राखेका छौं, तर व्यापारीकै कारण बेच्न सकिरहेका छैनौं।'

रौतहटका विभिन्न गाउँमा यतिबेला किसानले मकै भित्र्याएर सुकाउने, छानेर बोरामा प्याक गर्ने काम सकिसकेका छन्। तर, बिक्रीको समयमा बजारमा देखिएको सुस्ततालेकिसानलाई अप्ठ्यारोमा पारेको छ। उत्पादन बेचेर ऋण तिर्ने, घरखर्च चलाउने र अर्को खेतीको तयारी गर्ने योजनामा रहेका किसान अहिले अन्योलमा छन्। चन्द्रपुर- २, जुडीबेलाका किसान शम्भु खड्काले मकै बिक्री नहुँदा ठुलो समस्या भएको बताए। उनका अनुसार घरमा थुपारेर राखिएको मकै लामो समयसम्म सुरक्षित राख्न पनि कठिन छ। 'मकै सुकाएर तयारी अवस्थामा राखेको धेरै दिन भइसक्यो,' उनले भने, 'व्यापारीले समयमा नउठाउँदा पानी परे भिज्ने डर छ। फेरि गुणस्तर घट्यो भने झन् घाटा हुन्छ।'

किसानका अनुसार खेतीको लागत बर्सेनि बढ्दै गएको छ। मल, बिउ, विषादी, सिँचाइ, मजदुरीदेखि ढुवानीसम्म सबै खर्च बढेको छ। तर, उत्पादनको मूल्य अपेक्षाअनुसार बढ्न सकेको छैन। सन्दपुरका किसान राजन तिमल्सिनाले अहिलेको मूल्यमा मकै बेच्दा लागत उठाउने मुस्किल हुने बताए। 'सबै चिजको भाउ बढेको छ, तर मकैको मूल्य भने उही छ,' उनले भने, 'दुई-चार सय रुपैयाँ घटेर बिक्री गर्नुपर्दा हाम्रो नाफा त परको कुरा, लागत नै उठाउन गाह्रो भएको छ।'

किसानका अनुसार केही व्यापारीले सुरुमै उच्च मूल्यको आश्वासन दिएर मकै खरिदको तयारी गरेका थिए। त्यसैअनुसार किसानले अन्य विकल्प नहेरी मकै रोकेर राखे। तर, अहिले बजारमा मूल्य घटेको भन्दै व्यापारी पछि हट्न थालेका छन्। यसले किसानलाई थप समस्यामा पारेको छ। यता स्थानीय मकै व्यवसायी राधेश शाहले समस्या किसान र व्यापारीबिचको मात्रै नभई उद्योगसम्म जोडिएको बताए। उनका अनुसार दाना उद्योगहरूले मकै बोकेर पुगेका ट्रक खाली गर्न नै पाँच दिनसम्म लगाउने गरेका छन्। उद्योगको सुस्त खरिद प्रक्रियाका कारण व्यापारीले पनि नयाँ मकै उठाउन कठिनाइ भोगिरहेका छन्। 'पहिलाजस्तो उद्योगहरूले तुरुन्तै मकै लिँदैनन्,' शाहले भने, 'लोड भएर गएका गाडी नै धेरै दिनसम्म रोकिन्छन्। त्यसैले नयाँ मकै उठाउन समस्या भइरहेको छ।'

कृषि प्रधान जिल्ला मानिने रौतहटमा मकै नगदे बालीका रूपमा स्थापित हुँदै गएको छ। धान र गहुँपछि किसानको आम्दानीको महत्त्वपूर्ण स्रोत बनेको मकैले यस वर्ष भने राहतभन्दा बढी चिन्ता दिएको छ। बजारमा मूल्य घट्नु, व्यापारीको ढिलासुस्ती र वर्षायाम नजिकिँदै जानुले किसानमाथि थप दबाब सिर्जना गरेको छ।

किसान अब स्थानीय सरकार र सम्बन्धित निकायले बजार व्यवस्थापनमा चासो दिनुपर्ने बताउँछन्। उत्पादन भइसकेपछि उचित मूल्य नपाउने र बिक्रीका लागि समेत संघर्ष गर्नुपर्ने अवस्था रहेसम्म कृषि पेसाप्रति आकर्षण घट्ने उनीहरूको भनाइ छ। यतिबेला रौतहटका गाउँ-गाउँमा बोरामा भरिएका मकै बिक्रीको प्रतीक्षामा छन्। तर, मूल्य घट्ने र वर्षाको पानीले उत्पादन बिग्रिने डरले किसान निराश छन्।

■ रमाउँदै पर्यटक



शनिबार स्वयम्भूबाट काठमाडौं नियाल्दै आन्तरिक तथा बाह्य पर्यटक। **तस्बिर : दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

बजेटले फर्निचर तथा फर्निसिङ क्षेत्रका समस्या समाधान गर्न खोजेको छ : अध्यक्ष अग्रवाल

काठमाडौं/ सरकारले ल्याएको आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटबाट नेपाली फर्निचर तथा फर्निसिङ क्षेत्र आशावादी भएको बताइएको छ। नेपाल फर्निचर तथा फर्निसिङ व्यवसाय महासंघको ११औं वार्षिक साधारणसभा तथा छैठौं महाधिवेशनलाई प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले यस्तो बताएका हुन्। 'आगामी आवको बजेटले यस उद्योगले भोग्दै आएको प्रमुख समस्यालाई निदान गर्न खोजेको महसुस भएको छ,' उनले भने, 'वन संरक्षण र औद्योगिक कच्चा पदार्थको आवश्यकताबिच सन्तुलन कायम गरी व्यवस्थित काठ आपूर्ति नीति लागू गर्नुपर्छ।'

फर्निचर क्षेत्रलाई मुलुकको औद्योगिक विकास, आर्थिक गतिविधि विस्तार तथा रोजगारी सिर्जनाको महत्त्वपूर्ण आधारका रूपमा स्थापित गर्न आवश्यक रहेको उनको भनाइ छ। 'फर्निचर तथा फर्निसिङ उद्योगलाई केवल कुर्सी, टेबल वा सोफा उत्पादन गर्ने क्षेत्रका रूपमा मात्र नभई निर्माण, पर्यटन, होटेल व्यवसाय, आवास, शैक्षिक संस्था तथा कार्यालय व्यवस्थापनसँग प्रत्यक्ष रूपमा जोडिएको रणनीतिक उद्योगका रूपमा लिनुपर्छ,' उनले भने।

स्थानीय काठ, बाँस, धातु, कपडा, फोम, ग्लासलगायतका कच्चा पदार्थमा मूल्य अभिवृद्धि गरी हजारौं नेपालीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गर्न फर्निचर उद्योगले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको उनको भनाइ थियो। तीव्र सहरीकरण, नयाँ घर निर्माण, होटेल तथा रिसोर्ट विस्तार, कार्यालयहरूको आधुनिकीकरण तथा जीवनशैलीमा आएको परिवर्तनसँगै फर्निचर तथा इन्टेरियर बजारको सम्भावना अत्यन्त ठुलो रहेको उनको धारणा थियो। सही नीति, प्रविधि र लगानीमैत्री वातावरण निर्माण गर्न सके यो क्षेत्र नेपालकै प्रमुख उद्योगमध्ये एक बन्न सक्ने उनको भनाइ थियो।

अध्यक्ष अग्रवालका अनुसार उद्योगले हाल कच्चा पदार्थ अभाव, उत्पादन लागत वृद्धि, बैंक ब्याजदर तथा वित्तीय पहुँचको समस्या झेलिरहेको छ। 'दक्ष जनशक्तिको कमी, विदेशी उत्पादनसँगको अस्वस्थ प्रतिस्पर्धा, आधुनिक प्रविधिको सीमित प्रयोग, ढुवानी तथा ऊर्जा लागत वृद्धि, अव्यवस्थित बजार र ब्रान्डिङको कमजोरीजस्ता चुनौती यो क्षेत्रले सामना गरिरहेको छ,' उनले भने।

ढुवानीलाई डिजिटल र पारदर्शी बनाउन ट्रक व्यवसायीको आग्रह

काठमाडौं/ नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष राजेन्द्रविक्रम बानियाँले ढुवानी क्षेत्रलाई व्यवस्थित, मर्यादित र प्रविधिमैत्री बनाउन डिजिटल प्रणाली, भार नियन्त्रण र कर प्रणाली सुधार अपरिहार्य रहेको बताएका छन्। सेती-महाकाली ट्रक यातायात व्यवसायी संघको १२औं वार्षिक साधारणसभामा बोल्दै बानियाँले सडक सुरक्षा, ओभरलोड नियन्त्रण, सामाजिक सुरक्षा तथा व्यावसायिक एकतामा जोड दिएका हुन्।

उनले अत्यधिक भारवहनकै कारण सडक र पुलहरू क्षतिग्रस्त भइरहेको उल्लेख गर्दै भार नियन्त्रणलाई प्राथमिकतामा राख्नुपर्ने बताए। महासंघले प्रधानमन्त्री कार्यालय, यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरीलगायत निकायसँग छलफल गरी धर्मकाँटाहरू डिजिटलाइजेसन गर्ने अभियान अघि बढाएको जानकारी पनि दिए। उनका अनुसार लम्की, रामनगरलगायत स्थानका धर्मकाँटाहरू डिजिटल भइसकेका छन् भने आगामी दिनमा सवारीसाधन काँटामा चढ्नेबित्तिकै मोबाइलमा भारको सूचना आउने व्यवस्था गरिनेछ। यसले ट्राफिक प्रहरी, यातायात विभाग र व्यवसायी सबैलाई अनुगमन तथा नियमनमा सहज हुने उनको भनाइ थियो।

महासंघ अध्यक्ष बानियाँले ढुवानी क्षेत्रमा भ्याट प्रणालीबारे पनि स्पष्ट धारणा राख्दै व्यवसायीलाई भ्याटमा दर्ता भई औपचारिक कारोबार गर्न आग्रह गरे। अहिले व्यवसायीले तिर्नुपर्ने कर तथा भ्याटको लाभ उद्योगी-व्यापारीले लिइरहेको भन्दै उनले 'रिभर्स भ्याट' प्रणालीमार्फत व्यवसायीले नै लाभ लिनुपर्ने बताए। 'एक सवारीसाधनबाट वार्षिक ३०-४० हजार रुपैयाँसम्म रिभर्स भ्याटबाट फिर्ता लिन सकिन्छ, त्यसैले व्यवसायी अब औपचारिक अर्थतन्त्रमा आउनुपर्छ,' उनले भने।


साथै, चालक तथा मजदुरलाई अनिवार्य रूपमा सूचीकृत गर्नुपर्नेमा उनले विशेष जोड दिए।

बागमतीमा निर्माणाधीन पुलका सामग्री बगाउँदा २२ लाखबराबरको क्षति

मकवानपुरमा **पोष्टराज अधिकारी**

हेटौंडा-काठमाडौं जोड्ने कान्ति लोकपथअन्तर्गत मकवानपुर र ललितपुर जोड्ने बागमती खोलामा निर्माणाधीन पुलका लागि राखिएका निर्माण सामग्री बाढीले बगाउँदा करिब २२ लाख रुपैयाँबराबरको क्षति भएको छ। बुधबार बिहान बागमती खोलामा आएको बाढीका कारण निर्माणाधीन पुलका लागि साइटमा राखिएका सामग्री बगाएको इलाका प्रहरी कार्यालय ठिंगनका प्रहरी नायब निरीक्षक प्रमोदप्रसाद साह तेलीले जानकारी दिए।

उनका अनुसार पुल निर्माणका लागि राखिएका रड, सिमेन्ट, फलामका पाइप, पानी तान्ने मोटर, भाइबेटर मेसिन, काठ, प्लास्टिकका फर्मा तथा वाटरप्रुफ प्लाईलगायतका निर्माण सामग्री बाढीले बगाएको हो। निर्माण कम्पनीका इन्जिनियरका अनुसार बाढीले बगाएका सामग्रीको अनुमानित मूल्य करिब २२ लाख रुपैयाँ रहेको छ। बाढीले मकवानपुरतर्फ पुल जोड्ने पहुँच मार्गसमेत कटान गरी क्षति पुऱ्याएको छ। कटानका कारण सडकमा आवागमन प्रभावित भएको छ भने हाल उक्त सडकखण्डमा साना सवारीसाधन मात्रै सञ्चालन हुन सक्ने अवस्था रहेको प्रहरीले जनाएको छ।



घटनामा कुनै मानवीय क्षति नभएको र क्षतिको यकिन विवरण संकलन तथा थप अनुसन्धानको कार्य जारी रहेको प्रहरीले जानकारी दिएको छ। कान्तिलोक पथको महत्त्वपूर्ण संरचनाका रूपमा रहेको उक्त पुल निर्माणाधीन अवस्थामै बाढीबाट क्षति पुगेपछि निर्माण कार्यसमेत प्रभावित हुने देखिएको छ।

कर्पोरेट

पोखरामा प्रभु महालक्ष्मी लाइफको मनोरञ्जनात्मक कार्यक्रम



काठमाडौं/ प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले पोखरामा मनोरञ्जनात्मक कार्यक्रम गरेको छ। कम्पनीले आफ्ना अभिकर्ता लिडरका लागि पोखरामा १३ देखि १५ गते जेठसम्म तीनदिने विभिन्न मनोरञ्जनात्मक कार्यक्रम गरेको हो। कार्यक्रमअन्तर्गत फेवातालको अवलोकन, तालबाराही मन्दिरमा भजन कन्सर्ट, राष्ट्रियस्तरका कलाकारको प्रस्तुति रहेको थियो।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सन्तोष प्रसाईंले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए। सिइओ प्रसाईंले कम्पनीले आयोजना गरेको मनोरञ्जनात्मक कार्यक्रमले अभिकर्ता लिडरलाई रिफ्रेसमेन्ट प्रदान गर्न सहयोग पुग्ने बताए।

उक्त कार्यक्रममा कम्पनीमा आबद्ध करिब डेढ सयभन्दा बढी अभिकर्ता लिडरको उपस्थिति थियो। साथै, गायिका समीक्षा अधिकारी, गायक प्रकाश सपुतले सांगीतिक प्रस्तुति दिएका थिए भने सन्दीप क्षेत्रीले हास्यव्यंग्य प्रस्तुति रहेको थियो।

कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत किशोरप्रसाद लामिछानेले भजन, गीत-संगीत र हाँसोको गुञ्जनले सहभागी अभिकर्ता लिडरको भरपूर मनोरञ्जन प्राप्त भएको विश्वास व्यक्त गरे। कम्पनीले अभिकर्तालाई वेला-वेला मोटिभेसनल, रिफ्रेसमेन्ट, सम्मान तथा मनोरञ्जनात्मक कार्यक्रम गर्दै आइरहेको जनाएको छ।

साओमी १७टीको नेपाली बजारमा प्रि-अर्डर खुला

काठमाडौं/ प्रविधि कम्पनी साओमीले नेपालमा नयाँ स्मार्टफोन साओमी १७टीको प्रि-अर्डर खुला गरेको छ। आकर्षक प्रिमियम डिजाइन र लाइका प्रविधिमा आधारित टेलिफोटो क्यामरासहित यो स्मार्टफोन नेपाली बजारमा ल्याइएको हो। साओमी १७टीमा लाइकाद्वारा डिजाइन गरिएको ट्रिपल क्यामरा सेटअप रहेको छ। यसमा ५० मेगापिक्सेलको मुख्य क्यामरा, लाइका अल्ट्राप्योर अप्टिक्स तथा लाइका समिलक्स लेन्स प्रविधि समावेश गरिएको छ, जसले फोटोमा अझ स्पष्ट विवरण, गहिराइ र उत्कृष्ट डायनामिक रेन्ज प्रदान गर्ने कम्पनीको भनाइ छ।



यो मोडेलमा लाइका-५ एक्स टेलिफोटो क्यामरा, १२ मेगापिक्सेलको अल्ट्रा-वाइड क्यामरा तथा ३२ मेगापिक्सेलको फ्रन्ट क्यामरा उपलब्ध छ, जसले उच्च रिजोल्युसनका तस्बिर तथा उत्कृष्ट भिडियो रेकर्डिङ अनुभव दिने बताइएको छ।

साओमी १७टीमा ६.५९ इन्चको १.५के एमोलेड डिस्प्ले छ, जसमा अधिकतम ३५०० निट्स ब्राइटनेस उपलब्ध भएकाले बाहिरी उज्यालोमा पनि सहज रूपमा प्रयोग गर्न सकिने बताइएको छ। ६५०० एमएएच क्षमताको ब्याट्री रहेको साओमी १७टीले ६७ वाट हाइपरचार्ज तथा २२.५ वाट वायर्ड रिभर्स चार्जिङ सपोर्ट गर्छ।

भायोलेट, ब्लु र ब्ल्याक गरी तीन आकर्षक रङ तथा १२/५१२ जिबी भेरियन्टको प्रि-अर्डर गर्दा ग्राहकले ५५ सयबराबरको विशेष अफर प्राप्त गर्नेछन्। जसअन्तर्गत रेडमी बड्स ६ प्ले र साओमी ट्याग निःशुल्क प्रदान गरिने कम्पनीले जनाएको छ। प्रि-अर्डर २९ मेदेखि ६ जुन २०२६ सम्म खुला रहनेछ। साओमी १७टीको बजार मूल्य ८९ हजार नौ सय ९९ तोकिएको छ।

हिमालयन बैंक र युनियन पेबिचको सहकार्यमा आरएमबी कार्ड सेवा



काठमाडौं/ हिमालयन बैंकसँगको सहकार्यमा एक बैंकले नेपालमा पहिलोपटक आरएमबी कार्ड सेवा सञ्चालनमा ल्याएको छ। बैंकका अनुसार यस सेवाले नेपाली ग्राहकलाई चीन भ्रमणका क्रममा सहज, सुरक्षित तथा सुलभ डिजिटल भुक्तानी सुविधा उपलब्ध गराउनेछ।

बैंकले जारी गरेको जानकारीअनुसार उक्त कार्ड प्रयोगकर्ताले चीनमा रहेका एटिम, पोस, क्युआर कोड तथा ई-कमर्स प्लाटफर्ममार्फत चिनियाँ मुद्रा सिएनवाईमा नै प्रत्यक्ष भुक्तानी गर्न सक्नेछन्। यसले अन्य भुक्तानी माध्यमको तुलनामा कम लागतमा तथा व्यापक रूपमा स्वीकार्य सुविधा प्रदान गर्ने बैंकको दाबी छ।

हाल बैंकले देशभर फैलिएका एक सय ७४ शाखा, २० विस्तारित काउन्टर, दुई सय ८६ एटिएमबाट ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको छ।

वाइफाई नेपालले दियो विद्यालयलाई खेलकुद सामग्री



कास्की/ इन्टरनेट सेवाप्रदायक कम्पनी वाइफाई नेपालले पोखराको एक विद्यालयलाई खेलकुद सामग्री सहयोग गरेको छ। पोखराको अमरसिंह चोकस्थित अमरसिंह माध्यमिक विद्यालयलाई कम्पनीले खेलकुद सामग्री सहयोग गरेको हो।

वाइफाई नेपालका ब्रान्ड एम्बासडरसमेत रहेका नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्का, वाइफाई नेपालका सिइओ शत्रुहन पञ्जियारले सहयोग खेलकुद सामग्री विद्यालयका प्रधानाध्यापक बलराम पोखरेललाई हस्तान्तरण गरेका थिए।

खेलकुदप्रति विद्यार्थीको रुचि जगाउने, अनुशासन विकास गर्ने उद्देश्यसहित कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरेको सिइओ पञ्जियारले जानकारी दिए। विद्यार्थीको समग्र मानसिक तथा शारीरिक विकासका लागि शिक्षासँगै खेलकुद उत्तिकै आवश्यक रहेको उनले बताए।

कम्पनीले आगामी दिनहरूमा देशका अन्य क्षेत्र र विद्यालयमा समेत यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रम गर्दै लैजाने योजना बनाएको जानकारी उनले दिएका थिए। देशभर गुणस्तरीय इन्टरनेट र डिजिटल पहुँच विस्तार गर्ने उद्देश्यसहित कम्पनी अघि बढेको उनले बताएका थिए।

ब्रान्ड एम्बासडर खड्काले कम्पनीको सामाजिक कार्यमा सहभागी हुन पाउँदा आफूलाई अत्यन्त खुसी लागेको बताउँदै विद्यार्थीको पढाइसँगै खेलकुदबिच सही सन्तुलन मिलाउन आग्रह गरेका थिए। उनले विद्यार्थीको भविष्यका लागि शिक्षा र खेलकुद दुवैको उत्तिकै महत्त्व रहेको बताएका थिए।

प्रधानाध्यापक पोखरेलले निजी क्षेत्रबाट शिक्षा र खेलकुदको विकासमा हुने यी र यस्तै सहयोगले विद्यार्थीको मनोबल उच्च बनाउन ठुलो भूमिका खेल्ने भन्दै प्राप्त खेलकुद सामग्रीको प्रभावकारी उपयोग गर्ने बताएका थिए।

एभरेस्ट टुरिजम अवार्डअन्तर्गत विभिन्न व्यक्ति पुरस्कृत



काठमाडौं/ एभरेस्ट टुरिजम अवार्ड कार्यक्रमबाट विभिन्न व्यक्तित्व पुरस्कृत भएका छन्। पूर्वराष्ट्रपति रामवरण यादवको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमबाट विभिन्न व्यक्तित्व पुरस्कृत भएका हुन्। कार्यक्रममा सन् १९७५ मा दक्षिण-पश्चिम मार्गबाट सगरमाथाको शिखरमा पहिलो सफल आरोहण टोलीसँगै पुगेर इतिहास रचेका पेर्टेम्बा शेर्पालाई 'लाइफ टाइम अचिभमेन्ट अवार्ड'बाट सम्मान गरिएको छ। पूर्वराष्ट्रपति यादवले शेर्पालाई पर्यटन क्षेत्रमा पुऱ्याएको अमूल्य योगदानको कदर गर्दै उक्त अवार्डसहित ५१ हजार एक सय ५१ रुपैयाँ, दोसल्ला र प्रमाणपत्रले सम्मान गरे। यसैगरी, सामाजिक योगदान, मानवता सेवा तथा शान्ति स्थापना प्रयासको कदर गर्दै प्रदान गरिएको प्रतिष्ठित 'पिस हिरो अवार्ड' पप्पु यादव (राजेश रञ्जन)लाई प्रदान गरिएको छ।

त्यसैगरी, यज्ञप्रसाद गौतम, सुनारबहादुर गुरुङ, विटिङ्नान रोजानापनिच (थाइल्यान्ड), बुद्धिनारायण श्रेष्ठ र जोआओ गार्सिया (पोर्चुगल)लाई एभरेस्ट टुरिजम सम्मान प्रदान गरिएको छ। साथै, 'साहसिक पर्यटन उत्कृष्टता अवार्डबाट (पर्वतारोहण)'अन्तर्गत प्रिन्स फैसल अल साउद (साउदी अरब), निकोल कोवाल्चुक (रुस), पुरुषोत्तम सानु, कल्पना महर्जन, कुन्जाङ छोपेल शेर्पा, एड्रियाना ब्राउनली (बेलायत), जो हार्भे (अस्ट्रेलिया), किशोर साही (क्यानियोनिङ), आङछिरिङ शेर्पा, सानोबाबु सुनुवार (प्यारग्लाईडिङ)लगायतलाई सम्मान गरिएको छ।

यसैगरी, ग्लोबल माउन्टेनियरिङ एक्सिलेन्स अवार्ड निर्मल पुर्जालाई प्रदान गरिएको छ भने टुरिजम एक्सिलेन्स पर्सनालिटी अवार्डअन्तर्गत डा. रवि शर्मा आर्याल, डा. रमेशराज कुँवर, बेलायतका एन्ट मिडलटन तथा कलाकार अनमोल केसी, कविता नेपाली र माननीय नीलम पौडेललाई सम्मान गरिएको छ। कार्यक्रममा संस्थाकी अध्यक्ष सत्यकला लामाले सबैप्रति आभार प्रकट गरिन्।

विज्डम एकेडेमीले मनायो वार्षिकोत्सव



काठमाडौं/ विज्डम इंग्लिस एकेडेमीले २१औं वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको छ। कार्यक्रममा विद्यार्थीले विभिन्न सांस्कृतिक कार्यक्रम तथा नृत्य प्रस्तुत गरेका थिए। विद्यालयका प्रधानाध्यापक शिवप्रसाद अधिकारीका अनुसार वार्षिकोत्सवका अवसरमा विद्यालयको शैक्षिक क्रियाकलापका सम्बन्धमा समीक्षासमेत गर्ने गरिएको छ। विद्यालयले शैक्षिक वातावरण सुधारका लागि अभिभावकसँग समन्वयसमेत गर्दै आइरहेको छ।

वार्षिकोत्सवकै अवसर पारेर विद्यालयले हालै सार्वजनिक भएको माध्यमिक शिक्षा परीक्षा (एसइई)मा जिपिए ४.० ल्याउने विद्यार्थी प्रजिला खत्रीलाई एक लाख नगदसहित सम्मान पनि गरेको छ। कार्यक्रमका प्रमुख अतिथि प्राडा गणेशमान गुरुङ थिए भने अध्यक्षता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुरुषोत्तमप्रसाद अधिकारीले गरेका थिए।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

■ आइपिएल फाइनल आज

दोस्रोपटक उपाधि जित्ने लक्ष्यमा आरसिबी र गुजरात

एजेन्सी

इन्डियन प्रिमियर लिग (आइपिएल)को उपाधिका लागि आज रोयल च्यालेन्जर्स बैंगलुरु (आरसिबी) र घरेलु टोली गुजरात टाइटन्स (जिटी)बिच प्रतिस्पर्धा हुँदै छ। फाइनल खेल गुजरातको अहमदाबादस्थित नरेन्द्र मोदी रंगशालामा हुनेछ। फाइनल जित्न दुवै टोलीले आफूहरू तयार भएको बताएका छन्। दुवै टोली दोस्रोपटक उपाधि जित्ने लक्ष्यसहित मैदानमा उत्रँदै छन्। यसअघि पहिलो क्वालिफायर्समा गुजरात टाइटन्सलाई नै ९२ रनले पराजित गर्दै आरसिबी लगातार दोस्रोपटक फाइनलमा स्थान बनाएको हो। गुजरातले दोस्रो क्वालिफायर्समा कप्तान गिलको शतकसँगै राजस्थान रोयल्सलाई ७ विकेटले हराएको थियो।

रजत पाटिदारको कप्तानीमा आरसिबी लगातार दोस्रोपटक फाइनलमा स्थान बनाएको हो। सन् २०२५ मा आरसिबी पहिलोपटक च्याम्पियन बनेको हो। एक लाखमाथि दर्शकमाझ नरेन्द्र मोदी रंगशालामा आरसिबीले दिल्ली क्यापिटल्सलाई ६ रनले पराजित गर्दै इतिहास बनाएको थियो। यता, शुभमन गिलको कप्तानीमा रहेका गुजरात पनि दोस्रोपटक उपाधि उचाल्ने योजनामा छ। गुजरातले सन् २०२२ मा पहिलो अवसरमै उपाधि उचालेको थियो। हार्दिक पान्ड्याको कप्तानीमा तत्कालीन समय गुजरातले राजस्थान रोयल्सलाई ७ विकेटले पराजित गर्दै उपाधि उचालेको थियो।

पहिलो अवसरमै सन् २०२२ मा उपाधि उचालेको गुजरात दोस्रोपटक उपाधि जित्ने योजनामा रहँदा आरसिबी उपाधि रक्षा गर्ने दाउमा



ओरेन्ज क्यापमा सूर्यवंशी, गिल र सुदर्शनको दाबी

आइपिएलमा सबैभन्दा धेरै रन बनाउने खेलाडीलाई ओरेन्ज क्याप दिने परम्परा रहेको छ। यसपटक ओरेन्ज क्याप्का लागि तीन खेलाडीले दाबेदारी प्रस्तुत गरेका छन्। सबैभन्दा अगाडि युवा स्टार वैभव सूर्यवंशी, दोस्रोमा शुभमन गिल र तेस्रोमा साई सुदर्शनले गरेका छन्। राजस्थान रोयल्सका सूर्यवंशीले सबैभन्दा धेरै ७७८ रन बनाएका छन्।

१५ वर्षीय खेलाडी यो आइपिएलमा लगातार तीनपटक शतकनजिक रहे। तर, शतक बनाउन भने चुके। लखनउविरुद्ध ९३, हैदराबादविरुद्ध ९७ र गुजरातविरुद्ध ९६ रन बनाएका हुन्। उनको स्ट्राइकरेट नै २३७.३० रहेको छ। दोस्रो स्थानमा रहेका गिलले ७२२ रन बनाएका छन्। गिलले दोस्रो क्वालिफायर्समा शतक बनाएपछि आफूनै क्लबका सुदर्शनलाई पछि पारेका हुन्। तेस्रो स्थानमा थकेलिएका सुदर्शनले ७१० रन बनाएका छन्। फाइनल खेलबाट सूर्यवंशी बाहिर भइसकेका छन्। अब, फाइनलमा उपाधिसँगै गिल र सुदर्शनको ध्यान ओरेन्ज क्याम्पमा पनि हुनेछ।

चेन्नई र मुम्बई समान पाँचपटकको च्याम्पियन

आइपिएलको इतिहासमा सर्वाधिक सफल टिम चेन्नई र मुम्बई हुन्। दुवै टोली समान पाँचपटक च्याम्पियन भएका छन्। त्यस्तै, कोलकाता नाइट राइडर्सले तीनपटक उपाधि जित्दा राजस्थान रोयल्स, सनराइजर्स हैदराबाद, डेकन चार्जर्स, गुजरात टाइटन्स र रोयल च्यालेन्जर्स बैंगलुरुले समान एकपटक उपाधि उचालेका छन्।

राबाडा पर्पल क्यापका लागि अगाडि

ब्याटरजस्तै आइपिएलमा धेरै विकेट लिने खेलाडीलाई पर्पल क्याप दिने प्रचलन छ। यो आइपिएलको मध्यभागसम्म भुवनेश्वर कुमार पर्पल क्यापको दाबेदारमा एक्ला थिए। तर, खेल अन्त्यतर्फ जाँदा उनी दाबेदारीबाट पछि परेका छन्। दक्षिण अफ्रिकाका तीव्रगतिका बलर कागिसो रबाडा पर्पल क्यापको दाबेदारीमा सबैभन्दा अगाडि देखिएका छन्। गुजरातबाट खेलिरहेका रबडाले १६ खेलमा सबैभन्दा धेरै २८ विकेट लिएका छन्। दोस्रो स्थानमा रहेका आरसिबीका भुवनेश्वरले २६ विकेट लिएका छन्। तेस्रो स्थानमा राजस्थानका जोफ्रा आर्चरले २५ विकेट लिएका छन्। अब, फाइनलमा रबडा र भुवनेश्वरबिच उपाधिसँगै पर्पल क्यापका लागि समेत प्रतिस्पर्धा हुनेछ।



सबैभन्दा धेरै रन बनाउने पाँच खेलाडी

नाम	क्लब	खेल	रन
वैभव सूर्यवंशी	राजस्थान	१६	७७६
शुभमन गिल	गुजरात	१५	७२२
साई सुदर्शन	गुजरात	१६	७१०
हेनरिक क्लासेन	हैदराबाद	१५	६२४
ईशान किसन	हैदराबाद	१५	६०२

सबैभन्दा धेरै विकेट लिने पाँच खेलाडी

नाम	क्लब	खेल	विकेट
कागिसो राबाडा	गुजरात	१६	२८
भुवनेश्वर कुमार	बैंगलुरु	१५	२६
जोफ्रा आर्चर	राजस्थान	१६	२५
अन्सुल कम्बोज	चेन्नई	१४	२१
मालिंगा धर्मसेना	हैदराबाद	१५	२०

आइपिएलमा हालसम्मका विजेता र उपविजेता

मिति	विजेता	उपविजेता
सन् २००८	राजस्थान रोयल्स	चेन्नई सुपर किंग्स
सन् २००९	डेकन चार्जर्स	रोयल च्यालेन्जर्स बैंगलुरु
सन् २०१०	चेन्नई सुपर किंग्स	मुम्बई इन्डियन्स
सन् २०११	चेन्नई सुपर किंग्स	रोयल च्यालेन्जर्स बैंगलुरु
सन् २०१२	कोलकाता नाइट राइडर्स	चेन्नई सुपर किंग्स
सन् २०१३	मुम्बई इन्डियन्स	चेन्नई सुपर किंग्स
सन् २०१४	कोलकाता नाइट राइडर्स	पन्जाब किंग्स
सन् २०१५	मुम्बई इन्डियन्स	चेन्नई सुपर किंग्स
सन् २०१६	सनराइजर्स हैदराबाद	रोयल च्यालेन्जर्स बैंगलुरु
सन् २०१७	मुम्बई इन्डियन्स	राइजिङ पुने
सन् २०१८	चेन्नई सुपर किंग्स	सनराइजर्स हैदराबाद
सन् २०१९	मुम्बई इन्डियन्स	चेन्नई सुपर किंग्स
सन् २०२०	मुम्बई इन्डियन्स	दिल्ली क्यापिटल्स
सन् २०२१	चेन्नई सुपर किंग्स	कोलकाता नाइट राइडर्स
सन् २०२२	गुजरात टाइटन्स	राजस्थान रोयल्स
सन् २०२३	चेन्नई सुपर किंग्स	गुजरात टाइटन्स
सन् २०२४	कोलकाता नाइट राइडर्स	सनराइजर्स हैदराबाद
सन् २०२५	रोयल च्यालेन्जर्स बैंगलुरु	पन्जाब किंग्स

■ साफ महिला फुटबल च्याम्पियनसिप

समूह विजेता बन्न नेपाल श्रीलंकासँग खेल्दै



श्रीलंकासँग खेल्नुअघि अभ्यासका दौरान नेपालका खेलाडीद्वय विमला विक (बायाँ) र अनिता केसी। तस्बिर सौजन्य : एन्फा

नयाँ पत्रिका

नेपालले साफ महिला फुटबल च्याम्पियनसिपको दोस्रो खेलमा आज श्रीलंकाको सामना गर्दै छ। भारतको गोवामा हुने आफ्नो दोस्रो खेल जिते या बराबरीले मात्रै पनि नेपाल समूह 'ए'को विजेता बन्नेछ। पहिलो खेलमा नेपालले भुटानलाई १-० ले हराएको थियो। कमजोर भुटानविरुद्ध नेपालका लागि विजयी गोल डिफेन्डर गीता रानाले गरेकी थिइन्।

दोस्रो खेलमा भने नवीन न्यौपानेले श्रीलंकाविरुद्ध धेरैभन्दा धेरै गोलको आशा गरेका छन्। पहिलो खेलमा रेखा पौडेल, रश्मिकुमारी घिसिङ र मीना देउवाजस्ता प्रतिभावान् युवा फरवार्ड गोलविहीन भएका थिए। जसका कारण उनीहरूको आलोचनासमेत भएको थियो। महिला फुटबलकी सर्वाधिक गोलकर्ता सावित्रा भण्डारी घाइते भएपछि यो साफमा छैनन्। उनी नहुँदा नेपाली टिमको अग्रपंक्ति निकै कमजोर बनेको छ।

गोलकिपर अन्जिला तुम्बाप्पो सुब्बाको कप्तानीमा नेपालले तीन अंक जोडेको छ। एक खेलबाट तीन अंक जोडेको नेपाल दोस्रो स्थानमा छ। भुटानले दुई खेलबाट ३ अंक जोडेर गोलअन्तरमा शीर्ष स्थान उक्लियो।

अब, नेपालले श्रीलंकालाई जिते या बराबर पनि सिधै समूह विजेता बन्नेछ। यदि हारले भने गोलअन्तरमा पछि पर्न सक्छ। तीनै टिमको समान तीन अंक हुनेछ। यता, समूह 'बी'बाट एक खेलअघि नै पाँचपटकको च्याम्पियन भारत र दुईपटकको च्याम्पियन बंगलादेश सेमिफाइनलमा पुगिसकेका छन्। आइतबार नै भारत र बंगलादेशबिच खेल हुनेछ। यो खेलपछि समूह 'बी'को विजेता र उपविजेता पनि टुंगो लाग्नेछ। सेमिफाइनलमा दुवै समूहका समान दुई टिम पुग्नेछन्।

समूह 'ए' तालिका

देश	खेल	जित	हार	बराबर	अंक
भुटान	२	१	१	०	३
नेपाल	१	१	०	०	३
श्रीलंका	१	०	१	०	०

खेल संक्षेप

पूजा र सौरभ पुरस्कृत

काठमाडौं/ भक्तपुर जिल्ला क्रिकेट संघले पूजा साउद र सौरभ साखाकर्मीलाई वर्षको उत्कृष्ट खेलाडीबाट पुरस्कृत गरेको छ। संघले वार्षिक जिल्ला साधारणसभाबाट ०८१/८२ का उत्कृष्ट दुई खेलाडीलाई जनही १० हजारसहित पुरस्कृत गरेको हो। उनीहरूलाई अध्यक्ष डा. मनीषराज पाण्डे, उपाध्यक्ष धर्मसुन्दर शाक्यलगायतले पुरस्कार प्रदान गरेका थिए। संघका सचिव सञ्जय बस्नेतले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष कवि खागीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। सभाले आर्थिक वर्ष ०८१/८२ को वार्षिक तथा आर्थिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्नुका साथै आगामी आर्थिक वर्षका कार्यक्रम, कार्ययोजना र बजेट सर्वसम्मत रूपमा पारित गरेको छ। त्यसै अवसरमा मकवानपुरमा हुने बागमती कप टी-२० क्रिकेट प्रतियोगिताका लागि भक्तपुरको पुरुष सिनियर टोलीलाई बिदाइ तथा शुभकामना दिइएको थियो।

सिन्धुपाल्चोकमा अम्पायर र कोचिङ कोर्स हुने

काठमाडौं/ सिन्धुपाल्चोक क्रिकेट संघको आयोजनामा 'जिरो' लेभल क्रिकेट कोचिङ कोर्स हुने भएको छ। हेलम्बु गाउँपालिकाको सहयोगमा जिल्ला क्रिकेट संघले कोचिङ कोर्ससँगै जिरो लेभल अम्पायर तथा स्कोरर्स कोर्स गर्न लागेको सचिव अजयकुमार धितालले जानकारी गराएका छन्। अम्पायर तथा स्कोरर्स कोर्स ४ र ५ असारमा हुनेछ। त्यस्तै, कोचिङ कोर्स ६ र ७ असारमा हुने हेलम्बु गाउँपालिकाका खेलकुद विकास समिति अध्यक्ष सुनील दोङ तामाङले बताए। दुवै कोर्समा सिन्धुपाल्चोक जिल्लावासीलाई प्राथमिकतामा राखेको छ। त्यसमा पनि क्रिकेट खेलाडीलाई विशेष प्राथमिकता भएको सचिव धितालले जानकारी गराए।

ग्रिनफिल्ड फाइनलमा

काठमाडौं/ ग्रिनफिल्ड दोस्रो महामञ्जुश्री कप अन्तरविद्यालय श्री बाई श्री बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा फाइनलमा प्रवेश गरेको छ। शनिबार सीतापाइलास्थित आयोजक महामञ्जुश्रीको कोर्टमा ग्रिनफिल्डले इडेन ब्रिज एकेडेमी (इबिए)लाई १४-१२ ले पराजित गऱ्यो। ग्रिनफिल्डले उपाधिका लागि महामञ्जुश्री र पिपुल्स एकेडेमीबिचको विजेतासँग खेल्नेछ। सिनियर ब्वाइजमा सेमिफाइनल समीकरण तयार भएको छ। विल्सन एकेडेमीले नवीन ज्योति तथा होली भिजनले निम्सविरुद्ध फाइनल प्रवेशका लागि खेल्नेछन्। सिनियर गर्ल्समा क्वार्टरफाइनल समीकरण पूरा भएको छ।

अन्नपूर्ण म्याराथनमा आठ विदेशी सहभागी हुने

कास्की/ छैटौं अन्नपूर्ण म्याराथन २०८३ मा आठ विदेशीसहित ५० जना धावकहरूले प्रतिस्पर्धा गर्ने भएका छन्। पदयात्राका लागि विश्वकै १० मध्येको एकमा पर्ने अन्नपूर्ण पदमार्ग २० जेठमा हुनेछ। म्याराथनमा १० महिला र ४० पुरुष गरी ५० जनाले नाम दर्ता गरेको रेस डाइरेक्टर रिकी योञ्जनले जानकारी दिए। सहभागीमध्ये आठजना विदेशी रहेका छन्। महिला र पुरुषका बिच छुट्टाछुट्टै प्रतिस्पर्धासमेत हुनेछ। यसपटक अर्जेन्टिनाका चर्चित धावक पाब्लो उरेटालगायत अन्य केही विदेशका चर्चित धावकहरूले सहभागिताका लागि नाम दर्ता गरे पनि विभिन्न कारणले गर्दा अन्तिम समयमा उनीहरू नआउने भएका योञ्जनले बताए। महिला पुरुष दुवैतर्फ प्रथम हुने धावकले एक लाख ५० हजार, दोस्रोले एक लाख, तेस्रोले ७५ हजार पाउनेछन्।

■ संयोग र नविताको जोडी च्याम्पियन

काठमाडौं/ संयोग कपाली र नविता श्रेष्ठको जोडीले ४२औं राष्ट्रिय टेबलटेनिस प्रतियोगिताको मिक्स डबल्समा शनिबार स्वर्ण पदक जितेका छन्। लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको फाइनलमा विभागीय टोली नेपाल पुलिस क्लबका संयोग र नविताको जोडीले बागमती प्रदेशका प्रजिल भट्टराई र आस्मा पहरीको जोडीलाई ११-२, ११-४ र १५-१३ को सोझो सेटमा पराजित गरेका हुन्। एपिएफका राजीव चिकबन्जार र योंगी पौडेल तथा नेपाल आर्मीका जयस्नु महर्जन र सुरम्य शाक्यको जोडी तेस्रो भए। अखिल नेपाल टेबलटेनिस संघको आयोजनामा भइरहेको प्रतियोगिताको पुरुष डबल्समा बागमतीका सुजन गदाल र प्रजिल भट्टराईको जोडी पहिलो भए। महिला डबल्सको उपाधि एपिएफका अनिता महर्जन र दीक्षा दाहालको जोडीले जिते। सिनियर, क्याडेट र जुनियर गरी ११ स्पर्धा समावेश प्रतियोगितामा शनिबारसम्म ९ स्वर्ण पदकको टुंगो लागेको छ। यसअघि क्याडेट यू-१५ सिंगल्सको ब्वाइजमा एपिएफका निश्चल थापा र गर्ल्समा नेपाल आर्मीकी सुरम्य शाक्य तथा जुनियर यू-१९ सिंगल्सको ब्वाइजमा नेपाल आर्मीका जयस्नु महर्जन र गर्ल्समा प्रहरीकी प्राज्ञा महर्जनले स्वर्ण जितेका थिए।



बेलबारीलाई उपाधि

धनकुटा/ मोरङको बेलबारी फुटबल क्लबले १८औं सहिद भीमनारायण गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। शनिबार धनकुटा- ५ को तल्लो टुँडिखेलमा सम्पन्न भएको फाइनलमा आयोजक सहिद भीमनारायण स्मृति प्रतिष्ठान फुटबल क्लब धनकुटालाई सडन डेथमा ६-५ ले पराजित गर्दै बेलबारीले उपाधि जित्यो। बेलबारीका लागि विदेशी खेलाडी मोटिभ, सोलोमन किङ, विशाल थिङ, श्याम मुरुर र शिशिर लेखीले गोल गरे।



विवेक पौडेलको प्रहारलाई भने धनकुटाका गोलकिपरले बचाएका थिए। त्यस्तै धनकुटाका लागि विदेशी खेलाडी प्रिसो, विवेक गुरुङ, फेमी र होलेमी टावले गोल गरेका हुन्। राम वाजी र पृथ्वी चौधरीको प्रहारलाई भने बेलबारीका गोलकिपरले रोक्न सफल भए।

बेलबारीले उपाधिसँगै ६ र उपविजेता धनकुटाले ३ लाख पायो। निकै प्रतिस्पर्धात्मक बनेको खेलको निर्धारित ९० मिनेटमा दुवै टोलीबाट गोल हुन नसकेपछि खेलको निर्णय ट्राइब्रेकरमार्फत गरिएको थियो। प्रतियोगिताको सर्वश्रेष्ठ खेलाडी धनकुटाका पदम भट्टराई घोषित भए। उनले नगद २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे। त्यस्तै, हाई स्कोरर बेलबारीका सलमान किङ घोषित भए।

■ २०औं एसियन क्रिकेट छनोट

चीनलाई हराए नेपाल एसियाली खेलकुदमा छनोट

सेमिफाइनलमा मलेसियासँग पराजित भएपछि सिधै एसियन गेम्समा छनोट हुन चुकेको नेपाल तेस्रो स्थानका लागि चीनलाई हराए छनोट हुने

नयाँ पत्रिका

मलेसियासँग २ विकेटले पराजित भएपछि नेपालले सिधै जापानमा हुने २०औं एसियाली खेलकुदको महिला क्रिकेटमा छनोट हुने अवसर गुमाएको छ। शनिबार सेमिफाइनलमा हार भोगेको नेपालले आज तेस्रो स्थानको लागि हुने खेलमा चीनलाई हराए एसियाली खेलकुदमा छनोट हुनेछ। यस प्रतियोगिताबाट तीन टिम एसियाली खेलकुदमा छनोट हुनेछन्। छनोटको फाइनलमा पुगेका मलेसियासँगै थाइल्यान्डले एसियाली खेलकुद खेल्ने पक्का गरेका छन्।

यसअघि नेपालले समूह चरणमा चीन र इन्डोनेसियालाई हराउँदै सेमिफाइनलमा स्थान बनाएको हो। त्यसैले तेस्रो स्थानको खेलमा पनि इन्दु बर्माको कप्तानीमा रहेको नेपालले खेल जित्ने अनुमान गरिएको छ।

१२७ रनको लक्ष्य

मलेसियाको वायुमास ओभल मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा ६ विकेट गुमाउँदै १ सय २७ रनको लक्ष्य दियो। प्रत्युत्तरमा मलेसियाले १८.४ ओभरमा ८ विकेट गुमाउँदै जित निकाल्यो। मलेसियाको जितमा आइना हमिजा र एल्सा हन्टरले दोस्रो विकेटको लागि ७० रनको साझेदारी गर्दै सहज जित दिलाए। एल्साले २४ बलमा १० चौका र १ छक्कासहित सर्वाधिक ४८ रन बनाइन्। आइनाले १८ रनको योगदान गरिन्।



धनसुरी मुहुनान २१ रन जोडिन्। नेपालकी रिया शर्माले ३ किवेट लिइन्। मनीषा उपाध्याय र रुबिना क्षेत्रीले समान दुई विकेट लिएका थिए। त्यसअघि पहिलो इनिङ्समा नेपालले सुरुवात राम्रो गर्न सकेन। ओपनर सम्झना खड्का २ र सोनी पाख्रिन ६ रनमा आउट भएका थिए। कप्तान इन्दु बर्माले ४१ बलमा ५ चौकाको सहयोगमा ४६ रन बनाइन्। कविता कुँवर १५ बलमा ४ चौका र १ छक्कासहित ३३ रन बनाउँदा रुबि पोद्दार र १७ तथा उपकप्तान पूजा महतो १५ रन जोडेका थिए। रुबि र कप्तान इन्दुले तेस्रो विकेटका लागि ३१ रनको साझेदारी गरेका थिए। मलेसियाका लागि बिनिफ्रेड दुराई सिंघमले २ तथा माहिरा इस्माली र आइसा एलिसाले समान १ विकेट आफ्नो नाममा गरिन्।

■ पुरुष टिम पनि चीनसँग खेल्दै

एसियन गेम्स छनोटको तेस्रो स्थानका लागि महिलातर्फ नेपाल र चीन प्रतिस्पर्धा गर्दा पुरुषतर्फ पनि नेपालले चीनकै सामना गर्दै छ। प्रतियोगितामा पुरुष टिमले पहिलो खेल खेल्न लागेको हो। पुरुष टोली छनोट खेलका लागि सिंगापुरमा रहेको छ। प्रतियोगितामा नेपालसहित सात देशले सहभागिता जनाउँदै छन्। नेपाल रहेको समूह 'ए'मा चीन र मलेसिया छन्। समूह 'बी'मा ओमान, हङकङ बहराइन र सिंगापुर छन्।

हरेक समूहका शीर्ष दुई राष्ट्र एसियन गेम्सको पुरुष क्रिकेटका लागि छनोट हुनेछन्। छनोट भएका चार टोलीले भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका, अफगानिस्तान र आयोजक जापानसँग एसियन गेम्समा खेल्नेछन्।

नेपाली टोलीको कप्तानी दीपेन्द्रसिंह ऐरीले गर्दै छन्। टिममा रोहित पौडेल कुशल भुर्तेल, आसिफ सेख, सन्दीप लामिछाने, सन्दीप जोरा, कुशल मल्ल, लोकेश बम, सोमपाल कामी, शेर मल्ल, नन्दन यादव, आरिफ सेख, करण केसी र साहब आलम छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com